# वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव
## (उदयपुर जिल्ला ताप्ली गाउँपालिका – १ को एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानवविकी तथा समाजशास्त्र संकाय
अन्तर्गत
समाजशास्त्र केन्द्रीय विभागमा समाजशास्त्र विषयको
स्नातकोतर
तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**
**दिपा राई**
**कक्षा रोल नं: ३४**
**परिक्षा रोल नं : २८३१८८**
**रजिष्ट्रेशन नं: ६-२-२२४-७९-२०१३**

**समाजशास्त्र विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**
**२०८०**

# प्रतिवद्धता पत्र

प्रस्तुत **"वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव ; ताप्ली गाउपालिका-१, उदयपुरको एक अध्ययन"** विषयको शोधपत्र अन्य प्रयोजन वा उपाधिका लागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नो मौलिक अनुसन्धान हो । यसमा प्रस्तुत गरिएको विषयवस्तु विगतमा पुरा भई बुझाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छ । अन्य स्रोतबाट लिइएको र सार संक्षेपिकरण गरिएको सामग्रीहरु सन्दर्भ सूचीमा उल्लेख गरिएको छ ।

मिति : २०८०/०५/२२

............

दिपा राई

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजशास्त्र संकाय**
**समाजशास्त्र केन्दिय विभाग**
**कीर्तिपुर, काठमाडौ, नेपाल ।**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय समाजशास्त्र केन्द्रिय विभाग समाजशास्त्र विषयको स्नातकोतर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र परिक्षणमा दिपा राईको **"वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव : ताप्ली गाउपालिका-१ उदयपुरको एक अध्ययन"** विषयक शोधपत्र तयार पार्नु भएको हो । त्यसैले उहाँको कार्य प्रति सन्तुष्ट छु र आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

मिति : २०८०/०५/२३

..............................
उप-प्राध्यापक केशवराज शिलवाल
समाजशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौ, नेपाल ।

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजशास्त्र संकाय**
**केन्द्रिय विभाग कीर्तिपुर, काठमाण्डौ, नेपाल ।**

## स्वीकृति पत्र

समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्नको लागि छात्रा दिपा राईले **वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव ताप्ली गाउपालिका- १, उदयपुरको एक अध्ययन** विषयमा शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षकमा सम्पन्न गर्नु भएकोमा यो शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्यांकन समिति**

........................
विभागिय प्रमुख
डा. युवराज लुइँटेल

...............................
शोध निर्देशक
उप-प्राध्यापक केशवराज शिलवाल

……………

वाह्य निर्देशक
उप-प्राध्यापक डा. दिपेश घिमिरे

मिति: २०८०/०५/३०

# कृतज्ञता पत्र

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र संकाय केन्द्रीय विभग कीर्तिपुर अन्तर्गत समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पा गर्नको लागि तयार पारिएको हो । **"वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव : ताप्ली गाउँपालिका – १, उदयपुरको एक अध्ययन"** शीर्षकमा तयार पारिएको हो । यो शोधपत्रको प्रस्ताव लेखन, प्रशनहुको तयारी, कार्यक्षेत्रमा अनुसन्धान, छलफलका विषयहरु निर्धारण र शोध लेखन लगायत सम्पूर्ण कार्यहरुमा निरन्त सल्लाह सुझाव र मार्ग नेर्देशन दिनुहुने आदरणीय शोधनिर्देशक उप - प्राध्यापक केशवराज सिलवाल प्रति विशेष आभार प्रकट गर्दछु । शोध अध्ययनका क्रममा बाह्य निरीक्षकको रुपमा मेरो शोधलाई अझ गहकिलो बनाउन निरन्तर सहोग गर्नुहुने उप-प्राध्यापक डा. दिपेश घिमिरे प्रति आभार प्रकट गर्दछु । विभिन्न सूचना तथा तथ्यांकहरु उपलब्ध गराईदिनुहुने नेपाल सतकार अर्थमन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, केन्द्रिय तथ्यांक विभाग र यो शोधपत्र तयार गर्नका लागि यो अध्ययनसँग सम्वन्धित प्रश्नावलीमा आफ्नो अमुल्य समय दिएर उत्तर दिने २७ जना उत्तरदाताहरु जो विना यो शोधपत्र असम्भव थियो उहाँहरुप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, मलाई यस तह सम्मको अध्ययन गर्नको लागि हजारौ कठिन परिस्थितिहरुको सामना गर्दै निरन्तर मेरो सफलताला लागि तल्लिन रही सँधै सहज वातावरण सिर्जना गराई आफ्नो कर्तव्य वहन गर्नु हुने मेरो परिवारका सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति मेरो नमन । साथै यस शोधपत्र पुरा गर्ने समयावधिमा मलाई विभिन्न माध्यमहरुबाट प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा सहयोग र हौसला प्रदान गराईरहनुहुने अग्रजहरु, गुरुवर्गहरु र मेरा प्रिय मित्रहरु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

**<u>शोधकर्ता</u>**
दिपा राई
कीर्तिपुर, २०८०

## विषय सूची

सिफारिश पत्र
i
स्वीकृति पत्र
ii
कृतज्ञता ज्ञापन
iii
विषय सूची
iv
तालिका सूची
viii

### अध्याय – एक
### परिचय

१.१. अध्ययनको पृष्ठभूमि १
१.२. समस्याको कथन ४
१.३. अध्ययनको उद्देश्य ५
१.४. अध्ययनको महत्व ५
१.५. अध्ययनको संगठनात्मक स्वरुप ५

### अध्याय – दुई
### पूर्व साहित्यको समिक्षा

२.१. सैद्धान्तिक समीक्षा ८
२.१. १. वैदेशिक रोजगारीलाई सैद्धान्तिक दृष्टिकोणबाट ८
२.१.२. विश्वव्यवस्था सिद्धान्त ८
२.२. विश्वमा वैदेशिक रोजगारीको प्रभाव १०
२.३. नेपालमा वैदेशिक रोजगारीको इतिहास १२
२.४. नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था १८
२.५. नेपालमा कृषिको वर्तमान अवस्था १९
२.५.१. नेपालमा वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव २१
२.६. निष्कर्ष
२३

### अध्याय – तीन

## अध्ययन विधि


३.१. अनुसन्धान ढाँचा २५

३.२. अध्ययन क्षेत्रको छनौट २५

३.३. नमुना छनौट विधि २६

३.४. तथ्यांकको स्रोत र प्रकृति २६

३.४.१.प्राथमिक स्रोत २६

३.४.२.द्धितिय स्रोत २७

३.५. तथ्यांक संकलनको विधि २७

३.५.१. अन्तरवार्ता २७

३.५.२. अवलोकन २८

३.५.३. वैयक्तिक अध्ययन २८

३.६. तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण २८

३.७. अध्ययनको सीमा २९


## अध्याय – चार

## तथ्यांकको प्रस्तुतिकरण


४.१. परिचय ३०

४.२. उत्तरदाताको उमेर सम्वन्धि जानकारी ३०

४.३. लिङ्ग ३०

४.४. उत्तरदाताको शैक्षिक अवस्था ३१

४.५. उत्तदाताको पारिवारिक संरचना ३२

४.६. वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको देशगत विवरण ३३

४.७. उत्तरदाताको घरको वनौटको अवस्था ३४

४.८. जमिनको स्वामित्वको अवस्था ३४

४.९. पेशा ३५

४.१०. वैदेशिक रोजगारीमा संलग्नहरुको माषिक आम्दानी ३६

४.११.कृषि कार्य प्रणालीमा आएको परिवर्तन ३७

४..१२. कृषि उत्पादनमा मलको प्रयोग ३८

४.१३. खेत बारी उपयोगको अवस्था ३८

४.१४. पशुपालन ३९
४.१४.१. पहिला पालेको पशुपन्क्षीको विवरण ३९
४.१४.२. अहिले पालेको पशुपन्क्षीको विवरण ४०
४.१५. कृषि उत्पादनको तुलनात्मक विश्लेषण ४१
४.१५.१.पहिले कृषि क्षेत्रको उत्पादन सम्वन्धि विवरण ४१
४.१५.२. अहिलेको कृषि क्षेत्रको उत्पादनको विवरण ४२
४.१६. कृषि प्रणाली ४२
४.१७. वैदेशिक रोजगारीले कृषि प्रणालीमा पारेको प्रभाव सम्वन्धि विश्लेषण ४३
४.१८. वैदेशिक रोजगारीले कृषि क्षेत्रमा उत्पादनमा आएको परिवर्तन ४३
४.१८.१. वैदेशिक रोजगारीमा जानु पूर्व ( ५ वर्ष अघि) को कृषि उत्पादनको अवस्था ४३
४.१८.२. वैदेशिक रोजगारीमा जानु पश्चात वर्तमान को कृषि उत्पादनको अवस्था ४४
४.१९.वैदेशिक रोजगारीले कृषि उत्पदनमा आएको परिवर्तन ४४
४.१९.१. वैदेशिक रोजगारीमा जानु पूर्व (५ वर्ष अघि) को कृषि उत्पादनको अवस्था ४४
४.१९.२.वैदेशिक रोजगारीमा संलग्न पश्चात वर्तमान को कृषि उत्पादनको अवस्था ४५
४.२०. वैदेशिक रोजगारीमा जानुको कारण ४६
४.२०.१. वेरोजगारी ४६
४.२०.२. गरिबी ४६
४.२०.३.सामाजिक कारण ४७
४.२१.सक्रिय जनशक्ति नै वैदेशिक रोजगारीमा ४७
४.२२. वैदेशिक रोजगारीमा संलग्न परिवारको खर्च र बचतको अवस्था ४८
४.२२.१.दैनिक उपभोग्य वस्तु ४८
४.२२.२. स्वास्थ्य ४८
४.२२.३. शिक्षा ४९
४.२२.४. घर निर्माण तथा खरिद ४९
४.२२.५. जग्गा खरिद ५०

४.२२.६. विलासीताका वस्तु खरिद ५१
४.२२.७. कृषि ५१
४.२२.८. बचत र लगानी ५३
४.२३. वैदेशिक रोजगारीलाई समाजले हेर्ने दृष्टिकोण ५३
४.२४. निष्कर्ष
५४

**अध्याय – पाँच**

**अध्ययनको सारांश र निष्कर्ष**

५.१. अध्ययनको सारांश ५६
५.२. अध्ययनको निष्कर्ष ५८
**सन्दर्भ सूची प्रश्नावली** **६०**
**घटनाअध्ययन** **६३**

# तालिका सूची


तालिका नं १ उत्तरदाताको उमेर सम्वन्धि विवरण ३०
तालिका नं.२ उत्तरदाताको लैङ्गी विवरण ३१
तालिका नं.३ उत्तरदाताहरुको शिक्षा सम्वन्धि विवरण ३१
तालिका नं. ४ उत्तरदाताको पारिवारिक संरचना सम्वन्धि विवरण ३२
तालिका नं. ५ वैदेशिक रोजगारीमा संलग्न सदस्यहरुको देशगत विवरण ३३
तालिका नं.६ वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण ३४
तालिका नं.७ वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको विवरण ३५
तालिका नं.८ वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरण ३६
तालिका नं.९ वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण ३७
तालिका नं १०कृषि कार्य प्रणालीमा आएको परिवर्तन सम्बन्धी विवरण ३७
तालिका नं ११ कृषि उत्पादनमा मल प्रयोग सम्बन्धी विवरण ३८
तालिका नं १२ खेत र बारी वर्तमान उपयोगको विवरण ३९
तालिका नं १३- पशुपालन स्वामित्वको विगतका विवरण ४०
तालिका नं १४- पशुपालन स्वामित्वको वर्तमान विवरण ४०
तालिका नं १५ पहिलेको उत्पादन विवरण ४१
तालिका नं १६ अहिलेको उत्पादन विवरण ४२
तालिका नं १७ कृषि प्रणालीको विवरण ४३

# अध्याय – एक
# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको रोजगारी श्रनशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ यसरी एक मुलुकको श्रम बजारको जनशक्ति अर्को मुलुकक बजारमा व्यवस्थित रुपमा गई कर्य गर्नुलाई रोजगार भनिन्छ (नेपाल सरकार, २०६४) ।

सन् १९७० र १९८० को दशकमा मध्यपूर्वी एसियाली मुलुकमा तेल खानि पता लागेपछि दक्षिण पूर्वी एसियाली मुलुक बाट श्रमिकहरु रोजगारीको लागि जान थाले । वैदेशिक रोजगारीको लागि विदेश जाने नेपालीहरुको संख्यामा बर्षेनी वृद्धि हुँदै गइरहेको छ । वैदेशिक रोजगार परम्परागत रुपमा भारत केन्द्रित भएको देखिए पनि हाल मध्यपूर्वी खाडी मुलुक र अन्य मुलुकहरुमा पनि नेपालिहरु कामको सिलसिलामा जाने प्रवृत्ति बढिरहेको छ (अर्याल,२०६८) ।

नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित रहेको हुनाले नेपाललाई कृषि प्रधान देश भनिन्छ । नेपाल कृषि प्रधान देशको रुपमा परिचित छ । यहाँको ६६.७ प्रतिशत जनसंख्या कृषि पेशामा नै आवद्ध रहेका छन् । देशको करिब ३३ प्रतिशत भाग कृषि क्षेत्रले ओगटेको छ । कृषिलाई देशको सवैभन्दा भरपर्दो पेशाको साथै अर्थतन्त्रको प्रमुख स्रोतको रुपमा लिने गरिन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । एकातर्फ आन्तरिक श्रम बजारको प्रशोधन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । दैनिक करिव १ हजार युवा विदेशिने गरेको र विप्रेषण आय कुल गार्हस्थ उत्पादनको अनुपात २५.४ प्रतिशत रहेको छ जुन विश्वकै उच्चमध्यको एक हो । अर्कोतर्फ उदार श्रम नीति, शीपमूलक श्रमशक्तिको अपर्याप्तता र कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशि श्रमिक आप्रवाह बढ्दै गएको

र विदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ । श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । श्रम शक्ति सहभागिता दर ३८.५ रहेको र बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहेको छ । आ. व. २०७५/०७६ मा औषत श्रम उत्पादकत्व वार्षिक रु. १ लाख ८४ हजार ६ सय रहेको छ (पन्ध्रौ योजना, २०७६/७७-२०८०/८१) ।

कृषि पेशालाई नेपालले मात्र नभइ विश्वका अधिकांश मुलुकहरुले अपनाइरहेको पेशा हो । विश्वका कयौं विकसित मुलुकहरुले कृषिलाई आधुनिकिकरणमा रुपान्तरण गरिसकेका छन भने अतिकम विकसित मुलुकहरु अझै पनि परम्परागत तथा जीवन निर्वाहमुखी कृषि पेशा मै सिमित रहेका छन । नेपालले पनि कृषि क्षेत्रलाई आधुनिकता प्रदान गर्न नस्क्दा वर्तमान समयमा कृषिप्रति देशको सक्रिय युवा जनशक्तिलाई आकर्षित गर्न सकेको देखिदैन । कृषि क्षेत्रमा भएको श्रम तथा अन्य लगानी भन्दा कम आम्दानी भएको कारण युवा वर्गहरुको विदेश पलायन दरमा वृद्धि भएको छ । बसाइँसराइको कारण पनि नेपालको युवा वर्ग जसमध्ये पनि पुरुष वर्गको जनसंख्या ग्रामीण क्षेत्रमा दिनानु दिन घट्दै गइरहेको छ । जसको प्रभाव वर्तमान समयमा कृषि क्षेत्र (खेतीपाती) मा परेको छ । श्रमको हिसावले हेर्दा दक्ष तथा योग्य युवा जनशक्ति (जसमा पुरुष वर्ग) हरु सहरी र वैदेशिक रोजगारीको शिलशिलामा बाहिरिने क्रमले वैदेशिक भुक्तानी, ग्रामीण जनजीवन र जीविकोपार्जनको क्षेत्रमा आएको परिवर्तनको प्रमुख समस्याका रुपमा रहेको छ । जसको कारण परम्परागत रुपमा रहेको पुरुष प्रधान मानिने कृषिको रुपान्तरण हुँदै महिलाहरुको जिम्मेवारीमा थामिन पुगेको छ (पौडेल, २०७३) ।

उत्पादकत्व बढी भएको क्षेत्रमा श्रमको परिचालन हुन सके मात्र आर्थिक वृद्धिले प्रश्रय पाउन सक्छ जसले प्रति व्यक्ति आम्दानी वृद्धिमा समेत मद्दत पुग्दछ । नेपालको आर्थिक वृद्धिले गति लिन सकेको छैन । कृषि क्षेत्रमा आवद्ध जनशक्ति पूर्ण रुपमा रोजगार हुन नसकेका कारण सअर्ध बेरोजगारको दायरा उच्च रहेको छ । कृषिको उत्पादकत्व न्यून रहेको हुँदा जीवन निर्वाहमा कठिन अवस्था सिर्जना हुन पुगेको छ । जसको

समाधानका लागि युवा जनशक्ति दिनानु दिन विदेश पलायनदर वढ्दै गइरहेको छ । विदेश पलायनको वढ्दो ट्रेनका कारण राम्रो उब्जाउ योग्य जमिन हुनेहरु पनि अछुत रहन सकेका छैनन् (श्रेष्ठ,२०७४) ।

नेपालबाट युवा वर्गहरुको विदेश पलायनको ट्रेन वढ्दो रहेको छ । कम उब्जाउ हुने भूमिमा मेहनत गर्नु भन्दा त्यही जमिन विक्री गरी विदेशि भूमिमा पसिना बगाउनु उपयुक्त ठान्न थालेका छन् । किनकी नेपालमा कृषिलाई व्यवसाय मानिदैन । कृषिबाट आम्दानी हुन्छ भन्ने कुरा प्रति कसैको विश्वास रहन सकेको छैन । कृषकका लागि पनि कुनै कानुन निर्माण हुन सकेका छैनन् । मानिसहरु प्राय: कृषिमा लगानी गर्नुला पैसा खेर गएको सम्झन्छन् । कृषि कार्यमा संलग्न युवा वर्गलाई बेरोजगारसरह सम्झने हुँदा कृषि क्षेत्र सुधारका लागि सिमित सहयोगहरु प्राप्त हुने गरेको छ । कृषि क्षेत्रमा लगानी गर्नका लागि बैंकहरुबाट ऋण लिन समेत कठिन अवस्था छ । कृषिलाई व्यवसाइक रुपमा हेर्ने प्रवृत्तिको विकास नेपालमा हुन सकेको छैन (कोइराला, २०१७) ।

देशमा रोजगारी प्राप्तिमा कठिनाइ, आयस्रोतको अभाव, राजनीतिक अस्थिरता, दक्ष जनशक्ति व्यवस्थापनमा समस्या, नेपालीको विदेशप्रति आकर्षण र आर्थिक संकटका कारण मानिसहरु विदेश जाने । जसमा ग्रामीण क्षेत्रका युवा विशेषगरी पुरुष वाहिरिने ट्रेनले त्यस क्षेत्रमा कृषि कार्यका लागि श्रमशक्ति अभाव हुँदै गएको छ । जसको कारण यसको थप जिम्मेवारीको बोझ महिलाहरु माथि थोपरिँदै आएको छ । वर्तमान अवस्थामा ग्रामीण क्षेत्रमा पुरुष जनशक्तिको अभावमा हरेक कार्यप्रति महिलाको जिम्मेवारी वढ्दै गएको छ। पछिल्ला दशकमा जमिन बाँझो छाडी बसाइँसराइ गर्ने दर बढ्दो छ । मुख्य रुपमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको परिवारका सदस्य विद्यार्थी तथा बेरोजगार युवा वर्ग कामका अवसरमा तथा अध्ययनका लागि शहरी क्षेत्रतर्फ बसाइँसराइ गर्ने गरेका छन् । आन्तरीक बसाइँसराइ र रोजगारीका लागि विदेशिनुले नेपालको विशेष प्रभावित हुन पुगेको देखिन्छ । विगत दुई दशकदेखि नेपालको कृषि क्षेत्र निरन्तर ओरालो लागेको छ । यो क्षेत्र यसरी ओरालो लाग्नुमा यसका नीति तथा योजना निर्माण र कार्यन्वयनको जिम्मेवारी लिएका सरकारी निकाय

जिम्मेवार छन् । उनिहरुले मुलुकको सामाजिक तथा आर्थिक परिवर्तनसँगै कृषि क्षेत्रमा आएको व्यापक फेरबदललाई आत्मसात गरी कृषि क्षेत्रको उपयुक्त ढाँचा बनाउन नसक्दा यस्तो अवस्था सिर्जना भएको हो(पौडेल, २०७३:४) ।

विशेष गरेर वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारका सदस्य, रोजगार युवा तथा विद्यार्थीहरु क्रमश: बसोबासका निम्ति, कामको अवसर तथा अध्ययनका लागि गाँउ छाडी नजिकको सहरी क्षेत्र, तराई वा राजमार्ग वरिपरि बसाई सर्ने गरेका छन् । आन्तरिक बसाइँसराइ र रोजगारीका लागि विदेशिनु नै कृषि जमिन बाँझो रहनुको प्रमुख कारण देखिएको छ। यसले स्थानीय उत्पादनमा कमि आउनुका साथै ग्रामीण भेगमा खाद्य असुरक्षा बढ्दो छ। हाम्रो खाद्यन्न आयातको तथ्यांक वर्षेनी बढिरहेको छ। गत वर्षमात्र नेपालले डेढ खर्ब बराबरको कृषिजन्य उत्पादन आयात गरेको सरकारी तथ्यांक छ (कृषि पत्रिका, २०७४) ।

श्रमको हिसाबले योग्य मुख्यगरी पुरुषहरु सहरी र वैदेशिक रोजगरीको खोजिमा बाहिरिने क्रमसँगै जोडीएको वैदेशिक भुक्तानी, ग्रामीण जनजीवन र जीविकोपार्जनको फेरवदलको यो मुख्य कारणका रुपमा देखापरेको छ । यसले गर्दा परम्परागत रुपमा रहेको पुरुष प्रधान कृषिको जिम्मा एकाएक महिलाको काँधमा आइपुगेको छ। तर महिलामैत्री नीति, संस्थागत संरचना र प्रविधि अनुकुल नहुँदा यो फेरवदल महिलालाई अवसर वढाउने भन्दा झन बोझिलो हुँदै गएको छ (अन्नपूर्ण, २०७४) ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रूपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थातवर्ष मा ८ महिना वेरोजगारी र कम्तिमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमाबेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्ध बेरोजगारलगायत शिक्षित, दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ । यसरी देश भित्रको जनशक्ति, श्रमशक्तिबेरोजगार रहेको र पूर्णरूपमा खपत गराउन सकिने

माध्यमको कमि रहेको अवस्थामानेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरूसँग सम्झौता गरी देशमा रहेकोबेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहाल, २०६६)।

वैदेशिक रोजगारमा सँलग्न भएका परिवारमा आएको आर्थिक अवस्थाको परिवर्तन सँगै सामाजिक मुल्य मान्यता,शैक्षिक अवस्थाजस्ता विषयमा परिवर्तन भइरहेको पाउन सकिन्छ । अनुसन्धान उदयपुर, ताप्लि गाउँपालिका-१ मा वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभावको बारेमा केन्द्रित भएको छ । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो आर्थिक प्रभाव पारेको छ । यसै गरी वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको प्रयोग विशेष कुन-कुन क्षेत्रमा भईरहेको छ र वैदेशिक रोजगार सम्बन्धि उनीहरुको धारणा केकस्तो छ भन्ने कुरा यस अध्ययनमा खोजिएको छ ।

विशेषत: वैदेशिक रोजगारी देशको अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहदैँ आईरहेको देखिन्छ । तर पनि वैदेशिक रोजगारीमा दैनिक रुपमा सक्रिय युवा जनशक्तिको बढ्दो संलग्नताले देशको अधुकांश ग्रामीण क्षेत्र देखि सहरी ईलाकाहरुमा समेत नकारात्मक पुर्‍याउनुको साथै देशको प्रमुख पेसाको रुपमा रहेको कृषि क्षेत्रमा खाद्य उत्पादनमा समेत दिनानुदिन ह्रास हुँदै आईरहेको र समग्र देश नै खाद्यन्नमा आयातमुखि बन्दै गईरहेको हुँदा यसलाई नेपालको प्रमुख समस्याको रुपमा रहेको छ भनि स्वीकार गर्न सकिन्छ । युवा जनशक्तिहरु वैदेशिक रोजगारीमा संलग्न रही देशमा विप्रेषण भित्रिने क्रम वढ्दै गईरहेको कुरा विभिन्न स्रोतहरुबाट प्रष्ट देखाए तापनि नेपालमा विप्रेषणको प्रयोग उत्पादनमुलक क्षेत्रमा हुन नसक्नु वर्तमान अवस्थाको प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । समग्र देशमा नै यस्ता जटिल समस्या सिर्जना भईरहँदा यस क्षेत्र ( उदयपुर, ताप्लि गाउँपाका-१) पनि अछुत रहन सकेको देखिँदैन । यी समस्याबाट विशेष प्रभावित हुन पुगेको देखिन्छ । वैदेशिक रोजगारीबाट कसरी यस क्षेत्रको कृषि क्षत्रमा बढी प्रभावित बन्न पुगेको हुँदा यसको अध्ययन गर्नु आवश्यक देखियो । जुन अध्ययन भविष्यमा अन्य क्षेत्रहरुको यससँग सम्वन्धि अध्ययनका लागि उपयोगी हुन सक्छ ।

## १.२. समस्यको कथन

बैदेशीक रोजगारीको लागि युवाहरू धमाधम विदेशी रहेका छन् । त्यो संख्या सरदर दुई हजारको हाराहारीमा रहेको छ । देशबाट पलायन भइरहेको यत्रो श्रम शक्तिलाई रोक्ने र स्वदेशमै श्रम र सीप पोख्न सक्ने वातावरण बनाउन राज्य सफल हुन सकेको छैन । यस विषयमा सरोकारवालाहरूको ध्यान जान सकेको छैन ।

जव सम्म कृषिक्षेत्रको विकासका लागि राज्यले एकीकृत विकासको खाका बनाउन सक्दैन तव सम्म देशबाट पलायन भएर जाने श्रम शक्ति रोक्न पनि सकिँदैन र देशको उत्पादकत्वमा पनि बृद्धि गर्न सकिँदैन । कोरा योजना र कागजी प्रतिवेदन मात्र बनाउने भन्दा पनि समग्र कृषि क्षेत्रको व्यवसायीकरणका लागि कृषि क्रान्तिमा जोड दिन निक्कै ढिला भइसकेको छ ।हामी दिन प्रतिदिन परनिर्भरता तर्फ उन्मुख हुँदैछौँ । प्रवेशिका उतिर्ण गर्दा नगर्दै परिवार पाल्नकै लागि विदेशिन पासपोर्ट बनाउने लाईनमा लाग्नु पर्ने हाम्रो बाध्यता कोही कसैले टार्न नसक्ने भइसकेको छ । नपढेका अदक्ष मात्र होइन पढेका र सीप भएका दक्षहरू पनि विदेशिनु पर्ने बाध्यता निर्मम बन्दै गइरहेको छ । स्वदेशमा उत्पादित जनशक्तिहरू स्वदेशमै खपत गराउने र त्यसलाई राष्ट्र विकाससँग जोड्न नसक्दा मुलुक उँधो गति तर्फ उन्मुख भइरहेको छ । अर्को तर्फ स्वदेशमा युवाहरू आफ्नो श्रम र सीप पोख्न निकै लजाउन थालेका छन् । एकातिर औद्योगिक करिडोरमा काम गर्ने कामदारहरू पाईदैनन् भने अर्को तर्फ कामका खोजिमा युवाहरू दिनहुँ पलायन भइरहेका छन् । कृषि क्षेत्रको व्यवसायिकता र औद्योगिकिरणको विकासका लागि युवाहरूलाई कृषि क्षेत्र तर्फ आकर्षित गराउनुको विकल्प देखिँदैन (देवकोटा, २०७६) ।

नेपाली समाजलाई नियालेर हर्ने हो भने सबैभन्दा भरपर्दो पेसा कृषिलाई मान्न सकिन्छ । धेरै नेपालीको जीवीकोपार्जनको बलियो आधार कृषि नै हो । कृषि नै समाजको सबैभन्दा पुरानो र भरपर्दो पेसा पनि हो । जीवन निर्वाह तथा जीवन सञ्चालनको निम्ति कृषि नभई नहुने कुरा हो । कृषि पेसा विश्वका अधिकाँश मुलुकहरुले अपनाएको पेसा हो । कतिपय मुलुकहरुले आधुनिकीकरणमा रुपान्तरण गरिसकेका छन् भने कतिपय

अझै पनि परम्परागत तथा जीवन निर्वाहमुखी कृषि मै रहेका छन् । नेपाल कृषिमा आधुनिकताबढी रहे तापनि अझै पनि नेपालको अधिकांश क्षेत्रको त परम्परागत कृषि प्रणाली तथा जीवन निर्वाहमुखी रूपमै अगाडि बढी रहेको छ । कृषि नेपालको लागि मुख्य पेसा भए तापनि यतिबेला वार्षिक रूपमा खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा पुगिसकेका छौं । नेपालमा उत्पादन हुने प्रमुख खाद्यबाली जस्तै धान, मकै, कोदो, गहुँ, लगायतका अन्नसमेत विदेशबाट आयात हुनथालेको छ । यसले हाम्रो कृषिको दयनीय अवस्थालाई संकेत गर्दछ र चालू आर्थिक वर्षको १० महिनामा ३१ अर्ब रुपियाँ बराबारको धान तथा चामल, मकै, कोदो, गहुँ, फापर लगायतका खाद्यसामग्री आयात भएको छ । जुन तथ्यगत कृषि गणनाले पनि स्पष्ट पार्दछ । वि.सं २०६८ सालको कृषि गणनाअनुसार करिब ३८ लाख घरपरिवारले कृषिलाई प्रमुख पेसाका रूपमा अपनाएको पाइएको छ । नेपालमा झन्डै ७०.५ को हाराहारीमा जनसंख्या कृषि पेसामा आश्रित छन् (कृषि गणना, २०६८) ।

नेपालमा ७ प्रतिशत किसानसँग आफ्नै भूमि छैन । कतिपय किसानहरु जमिन्दार तथा भूमिपतिकोमा न्यूनतम ज्यालामै काम गर्न बाध्य छन् । बिडम्बना यति हँदा हँदै पनि नेपाल कृषिवस्तुहरुको लागि छिमेकी मुलुकहरुमा भर पर्नु परेको छ ।नेपालमा कृषिको सन्दर्भमा सकारात्मक कदम नचालिएको पनि होइन तर विगत केही वर्ष यता केही कृषकले यस पेसालाई आधुनिक र व्यावसायिक रुपमा लैजान अनुकरणीय प्रयास गरेका छन् । यस्ता प्रयासहरुले हालको कृषि बजारमा केही मात्रामा भए पनि स्थान लियको छ । केही अपवादलाई छोडेर नेपाली कृषिले अझै पनि युवा वर्गलाई आकर्षित गर्न सकेको छैन । जसको फलस्वरूप, दिनहुँ हजारौंका संख्यामा युवा रोजगारीकै खोजीमा खाडी मुलुक तथा अन्य मुलुकहरुमा जान बाध्य छन् । मुलुकमा कृषिक्षेत्रको उन्नतिको लागि किसानहरुलाई हौसला दिनु जरुरी छ । राज्यले कृषि नीति बनाउँदा दुर्गम तथा ग्रामीण क्षेत्रमा कृषि सहकारी वा लघुवित्त संस्थाको माध्यमबाट स्थानीय निकायको परिचालन गरी सामुहिक खेती प्रणालीको अबधारणा आगाडी ल्याउन सके गरिबी तथा बेरोजगारी घटाउन सहयोग पुग्न सक्छ। कृषि पेसालाई सक्रिय सहभागिता, बलियो आधार र दिगो पेसा बनाउनको निम्ति किसानको आवश्यकतामा आधारित रहेर कृषि पूर्वाधारको विकासमा जोड दिनुपर्छ । उनीहरुका

न्युनतम कृषि आवस्कता अन्तर्गत सिँचाइको व्यवस्था, समयमा कृषि मल, बिउबिजनको व्यवस्था, उत्पादित कृषि उपजलाई पायक बजारको व्यवस्था, बजारसम्म पुऱ्याउनको लागि यातायातको व्यवस्था, कृषिबिमाको, सहुलियत ब्याजमा ऋृण (कर्जा उपलब्ध गराउनुका साथै श्रम र लगानी सुरक्षाको प्रत्याभूति गराउने गरी नीति तय गर्नुपर्ने देखिन्छ। यसको सँगसगै राज्यका तर्फबाट कृषि उत्पादन कार्यलाई प्रोत्साहनका कार्यक्रम अघि सारी किसानलाई हौसला प्रदान गर्नुपर्दछ । साथै किसानलाई आइपर्ने सम्पूर्ण जोखिमबाट सुरक्षाको प्रत्याभूति राज्यले दिलाउनु सक्नुपर्दछ (घिमिरे,२०७८) ।

विगत दई दशकदेखि नेपालको कृषि क्षेत्र निरन्तर ओरालो लागेको छ । यो क्षेत्र यसरी ओरालो लाग्नुमा यसका नीति तथा योजना निर्माता र कार्यन्वयनको जिम्मेवारी लिएका सरकारी निकाय जिम्मेवार छन् । उनिहरुले मुलुकको सामाजिक तथा आर्थिक क्षेत्रको उपयुक्त ढाँचा बनाउन नसक्दा यो अवस्था सिर्जना भएको हो । साथै कृषिमा भएको श्रम तथा अन्य लगानी भन्दा कम आम्दानी हुँदा युवा किसानहरु यो क्षेत्रबाट पलाएन भएका हुन् । बसाइँसराइको कारणले नेपाली युवा वर्ग विशेष गरी पुरुषहरुको जनसंख्या ग्रामीण क्षेत्रमा दिन प्रतिदिन घटिरहेको छ (News Abhiyan, 2011) ।

कृषि क्षेत्रप्रति युवा वर्गहरुको आकर्षण घट्दै र वैदेशिक रोजगारप्रतिको आकर्षण दिनानु दिन वढ्दै गइरहेको र वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सको प्रयोग विविध क्षेत्रहरु (शिक्षा, स्वास्थ्य, घरजग्गा खरिद तथा घर पुनःनिर्माण) मा मात्र हुने गरेको कुरा विभिन्न व्यक्तिहरुको अध्ययनले देखाउँछ तर वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको प्रयोग कृषि क्षेत्रमा भने हुन सकेको देखिदैन । यसरी वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको प्रयोग कृषि क्षेत्रमा किन हुन सकिरहेको छैन भन्ने विषयलाई विगतका अध्ययनहरुले लिन सकेको देखिँदैन । जसले गर्दा विशेष गरेर कृषि क्षेत्रमा विप्रेषण लगानी गर्न नै नचाहनुको प्रमुख कारण के के हुन । साथै वैदेशिक रोजगारीको कारण यस ठाउँको कृषि क्षेत्र वढी प्रभावित कसरी भइरहेको छ र वैदेशिक रोजगारीमा संलग्न हुनु पूर्व र संलग्न

भएपछि वर्तमान अवस्थाबीच के फरक देखियो र हाल कृषि उत्पादनको अवस्था कस्तो छ भन्ने विषयलाई यस अध्ययनमा समेट्ने प्रयास गरिइको छ । यस अध्ययनलाई सफल वनाउन तल उल्लेखित अनुसन्धान प्रश्नहरुमा केन्द्रित गरिएको छ ।

- वैदेशिक रोजगारीले कृषिमा कस्तो प्रभाव पारेको छ ?
- वैदेशिक रोजगारीबाट प्राप्त अर्थतन्त्रको प्रयोगको कृषि क्षेत्रमा कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनले वैदेशिक रोजगारीले कृषि क्षेत्रमा कस्तो प्रभाव पारिरहेको छ वा वैदेशिक रोजगारीबाट कृषि क्षेत्र कसरी प्रभावित वनिरहेको छ भन्ने विषय सम्वन्धि अध्ययन गर्न निश्चित उद्देश्यको आवश्यकता पर्दछ । कुनै पनि अध्ययन निश्चित उद्देश्यको आधारमा नै गरिने हुँदा मेरो अध्ययनका लागि निम्न उद्देश्य तय गरिएको छ ।

- वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव वारे बुझ्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त अर्थत्रको कृषि क्षेत्रमा प्रयोग अवस्थावारे पत्तालगाउनु ।

## १.४. अध्ययनको महत्व

हरेक अध्ययनको आ-आफ्नै महत्व रहेको हुन्छ । यस अध्ययनले पनि वैदेशिक रोजगारीले ताप्ली गाउँपालिका - १ ओख्लेको कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि रहेको छ । यस क्षेत्रमा विशेषत: वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको प्रयोग कृषि क्षेत्रमा हुन नसक्नुको प्रमुख कारण र यसले कस्तो प्रभाव परिरहेको छ भन्ने सम्वन्धमा रुपमा गरिएको अध्ययन भएको हुँदा यो अध्ययनले समग्र नेपालको कृषि उत्पादनको अवस्था सम्वन्धि गर्न सकिने भावी अध्ययन तथा देशलाई कृषि उत्पादनमा आत्मनिर्भर वनाउनका लागि आवस्यक नीति तथा कानुन निर्माणका लागि समेत केही हदसम्म राहत प्रदान गराउन सक्ने हुँदा उदयपुर, ताप्लि गाउँपालिका -१ स्थित वैदेशिक

रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि विषयमा अध्ययन गर्न महत्वपूर्ण ठानिएको हो ।

यस अध्ययनको सैद्धान्तिक र व्यवहारिक महत्व रहेको छ । वैदेशिक रोजगार र कृषिको परिवर्तनलाई समाजशास्त्रीय द्दष्टिकोण बाट देखाउन सकिन्छ । यस अध्ययनबाट प्राप्त जानकारीले कृषिको वर्तमान अवस्थाको जानकारी प्राप्त हुनका साथै विगतको अवस्थाका बारेमा समेत थाहा हुन सक्छ । देशको कुल गार्हस्थ उत्पदनको अवस्था देशको उद्योगधन्दा फस्टाउन,रोजगारको अवसर, उत्पादन बढाउनु आधुनिक कृषि गर्ने यो सब कृषिको विकासबाट नै सन्भव देखिन्छ । यसक्षेत्रमा सम्वन्धित क्षेत्रमा भइरहेको परिवर्तन यस परिवर्तनको दिशा, व्यबहार, स्वभाव र गति आदिका बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ । यस अध्ययन क्षेत्रअन्तर्गत अध्ययनको उद्देश्य अनुसार राखिएको प्रश्नहरुलाई आधार बनाएर संकलन बिधिहरु, कृषिको राम्रो अवस्थले गर्दा परिवार, समाज, देशको स्थितिलाई धरापमा पारेको छ । वैदेशिक रोजगारीले गर्दा दक्ष जनशक्ति दिनानु दिन पलायन भइरहेको छ । जसको प्रत्येक्ष असर देशको विकासमा साथै कृषि क्षेत्रमा उल्लेख्य मात्रामा पर्न गएको छ । यस विषयमा सुचना तथा तथ्यांकहरुलाई आधार बनाएर निष्कर्षका रुपमा अन्तिम अध्ययन प्रस्तुत गरिएको छ । यस अध्ययनले आगामी दिनमा हुनसक्ने यस विषय सम्वन्धी अध्ययन गर्न चाहने अनुसन्धानकर्ता तथा संघ संस्थाहरुका लागि सहयोग पुग्न सक्छ ।

## १.५. अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोधलाई ६ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा शोधपत्रको विषयवस्तुको सान्दर्भिकतालाई पृष्ठ दिने खालको, परिचयदिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट सुरुवात गरिएको छ । अध्याय एक वैदेशिक रोजगारीको परिभाषा, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व आदिको बारेमा उल्लेख गरिएको छ । अध्याय दुइ, पूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारीको बारेमा पाइएका लेख, रचना, पुस्तक, पत्रपत्रिका साथै सम्वन्धित विषयमा

समाजशास्त्रीय लगायत अन्य व्यक्तिहरुले वैदेशिक रोजगारी सम्वन्धि गर्नुभएका अध्ययनलाई उल्लेख गरिएको छ । यसका साथै सैद्धान्तिक अवधारणागत खाका पनि उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनका लागि ताप्ली गाउँपालिका-१ ओख्ले को वैदेशिक रोजगारीमा संलग्न व्यक्ति तथा परिवारलाई गणना विधिका आधारमा छनौट गरिएको छ । साथै यस विषय क्षेत्रको अध्ययन गर्न तथा तथ्यांक संकलन गर्नको लागि आवश्यक अनुसन्धान विधि अवलोकन, अन्तरवार्ता र समुह छलफल विधिको प्रयोग गरिएको छ ।अध्याय पाँचमा वैदेशिक रोजगारी र कृषि क्षेत्रको अवस्थाको बारेमा चर्चा गरिएको छ । जसमा नेपालको वैदेशिक रोजगारीको इतिहाँस रोजगार प्रक्रिया, वैदेशिक रोजगारीमा संलग्नहरुको अवस्था, आर्थिक उपयोग वैदेशिक रोजगारले कृषि क्षेत्रमा पारेको प्रभाव सम्बन्धि चर्चा गरिएको छ ।अध्याय छ मा अध्ययनको सारांश र निष्कर्ष रहेको छ ।अन्त्यमा सन्दर्भ सामग्री सूची र प्रश्नावली राखिएको छ ।

# अध्याय – दुई

# पूर्व साहित्यको समिक्षा

यस अध्ययन गर्नका लागि वैदेशिक रोजगार सम्बन्धि लेख, रचना, पुस्तक, पत्रपत्रिकामा भेटिएका सत्य तथ्यकुराहरुको जानकारी गराएको छ । यस अध्ययनमा नेपालमा वैदेशिक रोजगारीको इतिहास, नेपालमा रोजगारीको प्रभाव, आर्थिक विकासमा रेमिट्यान्सको भूमिका, वैदेशिक रोजगारीलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा विश्वव्यवस्था सिद्धान्तको बारेमा उल्लेख गरिएकोछ ।

## २.१. सैद्धान्तिक समीक्षा

### २.१. १. वैदेशिक रोजगारीलाई सैद्धान्तिक दृष्टिकोणबाट

समाजको एउटा महत्वपूर्ण तथा देशको अर्थतन्त्र विकासको लागि आवश्यकीय तत्वको रुपमा श्रमलाई लिइन्छ । विगत देखि वर्तमानसम्म आइपुग्दा श्रमलाई विभिन्न दृष्टिकोणहरुबाट विश्लेषण गरिँदै आएको पाइन्छ । समयको कालखण्ड सँगै समाजमा श्रमलाई हेर्ने परिपाटीले पनि सैद्धान्तिक दृष्टिकोण विकास भएको छ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्री तथा अन्य विद्धानहरुले फरक-फरक धारणा प्रस्तुत गरेका छन् ।

### २.१.२. विश्वव्यवस्था सिद्धान्त

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा रहेको अत्यन्त चलवस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित र निर्देशित गर्नेगरिएको छ । समय अनुकुल परिमार्जित हुदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्रि र अन्यविद्धत वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्णमान्यता दिइ पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरु मध्ये अध्ययनसँग सम्बन्धित समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

विश्वव्यवस्था अन्र्तगत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाधान्न उत्पादन,कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः- अफ्रिकालेदासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादारकामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरु रहन पुगे (वालेन्सट्राइन, १९७४) ।

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति,आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथाविभिन्न देशहरुमध्ये विकासका अवास्तविक सम्बन्धहरुको सृजनाको बारेमा विश्लेषण गर्दैतेस्रो विश्व वा गरिव राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव माक्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्ववयापी रुपमा श्रमविभाजन भयो (वालेन्सट्राइन, १९७४) ।

यसैगरी १६ औं शताब्दिमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रुपले भएन । विश्वप्रणाली भित्रका राष्ट्रहरु केन्द्र,अधपृष्ट र पृष्ठक्षेत्र जस्ता तीन वेग्ला वेग्लैक्षेत्रहरुमा विभाजित रहेका छन् भौगोलिक केन्द्र वा केन्द्रको विश्वप्रणालीमा प्रभुत्वशाली स्थान रहेको छ । जसमा उत्पादनको उन्नत प्रणाली भएका मजवुद र शक्तिशाली राष्ट्रहरु पर्दछन् । केन्द्रका राष्ट्रहरुमा आर्थिक क्रियाकलापहरु जटिलता र पुँजी सँग्रहको स्तर सवैभन्दावढी हुने गर्दछ । केन्द्रका राष्ट्रहरुले अत्याधुनिक प्रविधिहरु र वढी यान्त्रिकृत उत्पादनका साधनहरु प्रयोग गरेर विशिष्ट रुपमा परिस्कृत वस्तुहरुको उत्पादन गर्दछन् (वालेन्सट्राइन, १९७४) ।

केन्द्रका देशहरुले वढी मुल्य पर्ने सामानहरु अर्धपृष्ठ राष्ट्रहरु जसलाई तेस्रो विश्वका राष्ट्रहरु पनि भनिन्छ र तिनिहरु सँग शाक्ति , धन र प्रभुत्व कम हुने गर्दछ । वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर अर्धपृष्ठ क्षेत्रमा किसानहरु रपृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर रहन गए । यसरी

केन्द्रमा सिपमूलक र स्वतन्त्रमजदुरहरुको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाईप्रयोग गरि विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उधोगधन्दा सञ्चालन गरी पूँजीवादलाई विस्तार गर्न थाले (वालेन्सट्राइन, १९७४) ।

आधुनिकिकरण सिद्धान्तले देखाएको सामाजिक संस्था प्रतिको वेवास्ताको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नु पर्ने अवस्था तथा विभिन्न देशहरु बीच विकासका अवास्तविक सम्वन्धहरुको सिर्जनाको बारेमा विश्लेषण गर्दै तस्रो विश्व वा गरिव राष्ट्रहर किन र कसरी शोषणमा छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालेन्सट्राइन हुन् । यसलाई नव माक्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था अनुसार शुरुमा भौगोलिक विस्तार भयो र त्यस पछिको पृष्ठभूमिमा विश्वव्यापी रुपमा श्रम विभाजन भयो । यसै गरी १६ औं शताब्दीमा पुँजीवादले राज्यवादको विस्थापित गर्यो र पूँजीवाद नै शक्तिशाली बन्नु पुग्यो । तर विश्वमा पूँजीवादको विकास समान रुपले भएन (वालेन्सट्राइन, १९७४) ।

अर्धदक्ष श्रमिकहरु रोजगारीका लागि जानथाले । यसरी विश्व पूँजीवादी व्यवस्था अन्तर्गत नेपाल यस सिद्धान्त अनुसार यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र ) मा विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएर विशिष्ठ कार्यहरु (श्रमको उत्पादन, खाद्यन्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगमा वस्तुको निर्माण) गर्दै गए । यसका साथै विश्वमा विभिन्न प्रकारका श्रमिकहरु उत्पादन हुन थाले । यसैगरी वालेन्सट्राइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर, अर्धपृष्ठ क्षेत्रमा किसानहरु, र पृष्ठ क्षेत्रमा मजदुरहरु रहन गयो । यसरी केन्द्रमा सिपमुलक र स्वतन्त्र मजदुरहरुको वाहुल्यता हुन पुग्यो र पृष्ठ तथा अर्धपृष्ठ क्षेत्रमा अदक्ष वा अर्धदक्ष मजदुरहरुको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमुलक मजदुरलाई प्रयोग गरी विकशित राष्ट्रहरुले विश्वका विभिन्न ठाउँहरुमा उद्योगधन्दा सञ्चालन गरी पूँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) ।

रेमिट्यान्ससँग जोडीएर रहेको वैदेशिक रोजगारीलाई वालेन्सटाइन (१९७४) को विश्व व्यवस्था सिद्धान्तसँग जोडेर अध्ययनलाई विश्लेषण गर्न सकिन्छ । यस आधारमा हेर्दा गैर पूँजीवादी समाजका जनसंख्या गतिशिल भइ प्रवास सिर्जना हुन्छ भन्ने मान्यता विश्व व्यवस्था सिद्धान्तको रहेको छ । आधुनिकिकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति आधुनिक बन्नलाई पश्चिमि आर्थिक, सामाजिक शैलीको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न पेशाहरु मध्ये विकासका अवास्तविक सम्वन्धहरुको विकासको बारेमा समेत विश्लेषण गर्दै तेस्रो विश्व वा गरिव राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्त अवलम्वन गरिएको हो । यसलाई नव माक्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्वव्यवस्था सिद्धान्त सुरुमा भौगोलिक विस्तार भएर त्यस पश्चातको पृष्ठबाट विश्वव्यापी रुपमा विस्तार हुन पुग्यो । यसै गरी १६ औं शताब्दीमा आइपुग्दा पूँजीवाद नै शक्तिशाली बन्न पुग्यो ।

विश्व व्यवस्था सिद्धान्त (१९७४) अनुसार यसका विभिन्न भागहरु केन्द्र अर्धपृष्ट र पृष्ठ क्षेत्र) लाई महत्व दिदै गए । यसबाट एक प्रकारको औपनिवेशिकता विकसित हुन पुग्छ । विश्व व्यवस्था सिद्धान्तका प्रवासन पूँजीवादी विकास प्रक्रियामा हुने विचलन र अनपेक्षित परिणामहरु मार्फत उत्पन्न हुने प्राकृतिक बाध्यगमन हो । जब पृष्ठ क्षेत्र अन्तर्गत भूमि, श्रम, कच्चा पदार्थहरु श्रम बजारको प्रभाव एवं नियन्त्रणमा आउँछ तब अनपेक्षित रुपमा प्रवासन प्रवासहरु सृजना हुन्छ। (जसमा अफ्रिकाको दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिपयुक्त प्रशासकहरु रहन पुगे

यसै गरी केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर, अर्धपृष्ठ क्षेत्रमा किसानहरु र पृष्ठ क्षेत्रमा वाध्यात्मक वा बाधा मजदुरहरु रहन गए । केन्द्रमा सीपमुलक र स्वतन्त्र मजदुरहरुको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएको सीपहरु मजदुरलाई प्रयोग गरी विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उद्योगधन्दा सञ्चालन गरी पूँजीवादलाई विस्तार गर्न थाले । त्यस्ता उद्योगधन्दाहरु यशियाका अरवियन मुलुकहरुमा पूँजीवादी राष्ट्रहरुले पनि स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि

अदक्ष र अर्धदक्ष कामदारहरुको आवश्यकताले रोजगारीको लागि अवसरहरु सिर्जना भए पश्चात वैदेशिक रोजगारीको सुरुवात हुन थाल्यो (वालेन्सटाइन १९७४) ।

विश्व पूँजीवादी व्यवस्था अन्तर्गत नेपाल एक अदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रको रुपमा विकसित हुन पुग्यो । नेपालको भर्खरै वामे सर्दै गरेको घरेलु तथा साना उद्योगहरुले विश्व बजारमा प्रतिस्पर्धा गर्न नसकेर विदेशि उत्पादन भन्दा महंगो भएकोले नेपालको उद्योगहरु क्रमश; धरासायी बन्दै गए । यसरी नेपाल सम्पूर्ण उत्पादनको लागि विदेशि राष्ट्रहरुमा निर्भर रहने अवस्थाले गर्दा देशको उत्पादनले स्थानीय बजार समेत पाउन नसक्दा देशको उद्योगधन्दाहरु अझ खस्कदो अवस्थामा पुगेको कारण देशले सस्तो श्रमिक साथै कच्चा पदार्थ सस्तो मूल्यमा निर्यात गर्न बाध्य रहेको देखिन्छ ।

## २.२ .विश्वमा वैदेशिक रोजगारीले कृषिमा पारेको प्रभाव

विकासशील विश्वका धेरै ग्रामीण क्षेत्रहरूमा, बसाइँसराइ र कृषि दुवै मुख्य जीविकोपार्जनका रणनीतिहरू हुन् । अधिकांश विकासोन्मुख देशहरूमा कृषिले ग्रामीण आयको अधिकतम प्रदान गरेकोछ । विकासोन्मुख विश्वमा ग्रामीण जीवनयापन र ग्रामीण भूमिको प्रयोगमा कृषिको केन्द्रियतालाई ध्यानमा राख्दै, जीविकोपार्जन विविधीकरणले घरपरिवारको कल्याण र वातावरणीय परिवर्तनमा परिवर्तनकारी प्रभाव पार्ने सम्भावना छ । यद्यपि, परम्परागत कृषि गतिविधिहरूको लागि जीविकोपार्जन विविधीकरणको परिणामहरू मात्रात्मक दृष्टिकोण प्रयोग गरेर व्यापक रूपमा अन्वेषण गरिएको छैन । अध्ययनहरूले विघटन र भूमि परित्यागदेखि सघनता र लगानी सम्मको मूल क्षेत्रहरूमा कृषिमा बाहिर बसाइँसराइ र रेमिटेन्सको विविध प्रभावहरू पहिचान गरेको छ।आउट-माइग्रेसनले कृषि विघटन (जस्तै, प्रति एकाइ क्षेत्र कम आगतहरूको प्रयोग) र सम्भावित रूपमा भूमि परित्याग ( Rudel et al. 2005) निम्त्याउँछ । यो श्रम-बचत रणनीतिहरू अपनाउने, श्रम-गहन रणनीतिहरूको परित्याग, वा कृषि गतिविधिहरूमा समग्र कमी (Zimmerer 1993) हरू छन । यिनिहरू उपलब्ध घरेलु श्रममा कमीको

कारणले हुन सक्छ । आप्रवासी रेमिट्यान्सको प्राप्तिले पनि कृषि उत्पादनलाई प्रतिस्थापन गरेर यो प्रभाव पार्न सक्छ (Reichert 1981) । थप, सामुदायिक स्तरमा बाहिर बसाइँसराइ र रेमिटेन्सको प्राप्तिले सम्भावित कृषि मजदुरहरूको संख्या घटाएर र त्यस्ता श्रमको लागत बढाएर यी प्रभावहरूलाई थप प्रभाव पार्न सक्छ (टेलर र डायर 2006) ।

बसाइँसराइले श्रम अभाव र कृषि श्रमको परम्परागत पारस्परिक आदानप्रदानमा ह्रास ल्याएको पत्ता लगाए । एथनोग्राफिक दृष्टिकोण प्रयोग गर्दै, Zimmerer (1993) ले पारम्परिक माटो संरक्षण प्रविधिको परित्याग र खेती कार्यमा महिलाहरूको बढ्दो सहभागिताको साथसाथै बाहिर बसाइँसराइको कारणले श्रमको अभाव पहिचान गर्यो । बोलिभियन ब्राउन, प्रेस्टन एट अल द्वारा अनुसन्धान (1997) ले देखाएको छ कि बाहिर बसाइँसराइले गाईवस्तुको संख्यामा कमी आएको छ । फलस्वरूप झाडीहरूको विस्तार भयको छ । थप रूपमा, जैविक पारिस्थितिकीका दृष्टिकोणहरू प्रयोग गरेर मुट्ठीभर अध्ययनहरूले भूमि प्रयोगको लागि बाहिर बसाइँ सर्ने परिणामहरूको पनि अनुसन्धान गरेको छ (ब्राउन, प्रेस्टन, १९८७) ।

भूमि परित्याग पछि वनस्पति पुन: प्राप्ति संग संगत यी अध्ययनहरूले कृषिमा बाहिर बसाइँसराइको नकारात्मक प्रभावहरूको साझा धारणालाई समर्थन गर्दछ । यद्यपि Muller and Sikor (2006) को अध्ययनले मात्र आप्रवासी रेमिट्यान्समा भिन्नताको लागि लेखेको छ । Muller and Sikor (2006) ले झाडी जग्गाको क्षेत्रफलमा बाहिर बसाइँसराइको सकारात्मक प्रभाव मात्र नभई बाली जग्गामा आप्रवासी विप्रेषणको पनि सकारात्मक प्रभाव फेला पारेको छ (मुलर र सिकोर, २००६) ।

दक्षिणी अफ्रिकी देशहरूमा बाली उत्पादन छोटो अवधिमा बाहिर बसाइँसराइमा घटेको देखाउनको लागि समग्र तथ्याङ्क प्रयोग गऱ्यो तर सञ्चित आप्रवासी ज्यालाहरूसँगै दीर्घकालीन रूपमा वृद्धि भयो। जसले हराएको श्रमबाट अल्पकालीन नकारात्मक प्रभाव परेको सुझाव दिन्छ । रेमिट्यान्सको लगानीबाट दीर्घकालीन सकारात्मक प्रभाव ग्रामीण चीनको

लागि, टेलर एट अल (2003) ले बाहिरी प्रवासीहरूको संख्यासँगै कृषि आय र उपज घटेको तर रेमिट्यान्समा वृद्धि भएको फेला पारेको छ । जसले बाह्य प्रवास र रेमिट्यान्सले काउन्टरवेलिंग प्रभावहरू देखाएको छ । टेलर र सहकर्मीहरू द्वारा थप अध्ययनहरूले खुलासा गरेको छ कि अन्तर्राष्ट्रिय आउट-माइग्रेसनले ग्रामीण मेक्सिकोको कृषि आयमा नकारात्मक प्रभाव पारेको छ तर रेमिट्यान्समा कुनै असर पर्दैन (मोरा ००५) । र अन्तर्राष्ट्रिय आउट-माइग्रेसनले मुख्य बालीहरूको आम्दानीमा नकारात्मक प्रभाव पारेको थियो (लुकास, १९८७) ।

ग्रामीण अल्बानियामा अन्तर्राष्ट्रिय प्रवास पछि कृषिका धेरै आयामहरूको जाँच गऱ्यो र पत्ता लगायो कि बाहिर बसाइँसराइले धेरै परम्परागत कृषि गतिविधिहरूमा गिरावट ल्यायो तर पशुधन र सम्बन्धित कृषि बिक्रीको संख्यामा वृद्धि भयो । यसका अतिरिक्त, यहाँ प्रस्तुत गरिएका विश्लेषणहरूले मकै र सिमी रोप्ने क्षेत्र सहित विभिन्न कृषि आयामहरूमा बसाइँसराइ र रेमिटेन्सको प्रभावलाई विचार गर्दछ । पारस्परिक, भाडामा लिने र महिला घरेलु श्रमको प्रयोग, रासायनिक सामग्रीको प्रयोग; मकै उत्पादन; र साधारण बीन्स (कृषि विविधता को एक मापन) को रोपण को दर बढेर गयको छ । यसरी विश्लेषणहरूले कृषिको सामाजिक, आर्थिक, र वातावरणीय पक्षहरू समावेश गर्दछ (McCarthy,2006) ।

## २.३. नेपालमा वैदेशिक रोजगारीको इतिहास

ब्रिटिसहरुले नेपाली वीर योद्धाहरुलाई आफ्नो सेनामा सामेल गराउने मनसायले सन् १८१६ मा सुगौली सन्धी अनुरुप उनीहरुका ३ वटा रेमिट्यान्स स्थापना गरी ती रेजिमेन्टहरुलाई लाहुर (हालको पाकिस्तान)मा राखेका थिए । ती रेजिमेन्टमा भर्ना हुन प्राय नेपालीहरु लाहुर नै जाने गर्दथे । यसरी लाहुर जाने नेपालीहरुसँग उनिहरुको परिवारका अन्य सदस्यहरु पनि सँगै जाने र त्यहाँका होटल कारखाना आदिहरुमा काम गर्न थाले । यसरी ती रेजिमेन्टहरुमा भर्ना हुनेमा हालका गोर्खा, लमजुँङ, तनहुँ, कास्की आदि क्षेत्रबाट वढि मानिसहरु समावेश रहेको थियो साथै त्यस वेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खा नामले बढी चिनिने भएकोले लाहुरमा उनीहरु

गोर्खालीको नामले चिनिन थाले भने नेपालमा ती रोजगारीका लागि विदेश जाने आउने नेपालीहरुलाई लाहुरे भन्न थालियो ( पोखरेल,२०५७: ३) ।

सन् १८१६ भन्दा पहिले पनि नेपाली श्रमशक्ति जानी नजानी भारतको मेघालय, आशाम, मणिपुर, दार्जलिङ, भुटान वर्मा मलेसिया आदि मुलुकहरुमा वैदेशिक रोजगारी र आप्रवासीका लागि आवतजावत गर्दै आइरहेको तथ्य पाइन्छ, त्यस क्षेत्रमा गएर नेपाली श्रमिकहरुले कृषि, खानी, चियावगान, रवर उद्योग आदिमा संलग्न भइ आर्थिक अवस्था सुधार गर्दै आएको देखिन्छ (पण्डित,२०५७) ।

कुनै पनि श्रमिका वा कामदारले विदेशमा गएर गर्ने रोजगारलाई वैदेशिक रोजगार भनिन्छ । वैदेशिक रोजगारिमा गएका व्यक्ति वा कामदारले कमाएर आफ्नो देशमा पठाएको रकमलाई विप्रेषण (रेमिटेन्स) भनिन्छ । विश्वमा काम गर्नको लागि देश बाहिर जाने प्रचलन ऐतिहासिक कालदेखि चलि आएको भए तापनि वैदेशिक रोजगारमा जाने प्रचलन निकै बढेको सन्दर्भमा नेपालमा वैदेशिक रोजगारी अर्थगतन्त्रको मेरुदण्डको रुपमा रहेको छ (वस्नेत, २०७५) ।

सीमित रोजगारीका अवसरले मात्रै धान्न सक्नेअवस्था नहुदा रोजगारको महत्वलाई आत्मसातगरी आठै योजना २०४९।०५४ दजेख रोजगारको लागि गन्तव्य मुलुकहरुको खोजि गर्ने प्रक्रियालाई अगाडी वढाईयो । वैदेजशक रोजगारको एक प्रत्यक्ष प्रतिफल भनेको विप्रेषण आय हो ।जसको प्रभाव स्वरुप नेपालमा सन् १९९५।०९६ मा ४२ प्रतिशत गरिबी रहेको अवस्थामा हालसन् २०१८।०१९ सम्म आईपुग्दा उक्त गरिबीको रेखा मुनि रहेको जनसंख्या घटेर १८.७ प्रतिशतमा आउनुको पछाडी वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको महत्वपुर्ण योगदान रहेकोछ (पोखरेल,२०७७) ।

"नेपालमा वैदेशिक रोजगार" नामक अध्ययनमा विकासोन्मख मुलुकहरुबाट विकसित मुलुकहरुमा वैदेशिक रोजगारमा जाने कार्यले विदेशि मुद्राको आर्जन, प्रविधि हस्तान्तरण रवेरोजगारी हल हुनेहुदाँ विश्व अर्थव्यवस्थामा वैदेशिक रोजगारको महत्वपर्ण स्थान रहने कुरा उल्लेख गरेका छन् । उनका अध्ययनमा दक्षिण यशियाली एवं सार्कका मुलुकहरुमा

पनि वैदेशिक रोजगार सेवाको महत्वपर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरुमध्ये सार्कको योगदान सवै भन्दा धेरै पाकिस्तान र त्यस पछिक्रमश;बङ्गलादेश, श्रीलंका रनेपाल पर्दछ ,भनि उक्त अध्ययनमा उल्लेख गरिएको छ । उक्त अध्ययनमा वैदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पिक र अल्पकालीन रोजगारी पाउने विदेजशि मुद्रा आर्जन हुने, प्रविधि आदानप्रदान हुनु,जीवनस्तरमा सुधार आउने, व्यवस्थापन क्षमताको विकास हुनेकुरा स्पष्ट पारिएको छ (पण्डित,२०७५) ।

कुमारी, (२०७२) वैदेशिक रोजगार र यसको सामाजिक आर्थिक प्रभावको वारेमा शोधमा भनेकि छिन् । नेपालीहरु विदेशमा गएर काम गर्ने प्रचलन सुरुका दिनहरुमा बेलायत, भारत, भुटान, तिब्बत, वर्मा, देशहरुमा गई सेनामा भर्ति हुने तथा व्यापार गर्न जानेगरेको पाइन्छ । वैदेशिक रोजगारको इतिहास जति नैपुरानो भए पनि वि.स. २०४२ सालमा वैदेशिक रोजगार ऐन बनेपश्चात कानुनी संयन्त्र निर्माण गरी वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन थालियो । बढ्दो बेरोजगारीको कारण आफ्ना सन्ततिहरुलाई राम्रा तथा निजी विद्यालयमा पढाउने प्रचलनवृद्धि भईरहेको छ । तुलनात्मक रुपमा सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा पढाई राम्रो हुन्छ भन्ने मान्यताले गर्दा अभिभावकहरु निजी विद्यालय तर्फ आकर्षक बढीरहेको देखिन्छ । त्यस्तै अर्ध बेरोजगारी वर्गमा पनि आफ्ना आधारभूत आवश्यकताहरु परिपुर्ति गर्न समस्या परिरहको छ । ती आधारभूत आवश्यकता परिपुर्ति गर्न सहि र सरल हुनुका साथै केही कमाई वचत गर्न सकिन्छ कि भनि वैदेशिक रोजगारमा संलग्न भएका छन् । अर्का थरी बेरोजगारी वर्गमा दक्ष र अदक्ष दुवैखालका जनशक्ति पर्दछन् । यी जनशक्तिमा पनि स्वदेशमा आफ्नो योग्यता, क्षमताअनुसारको रोजगार नपाएर, पढाई विचैमा छाडेका, आर्थिक अवस्था कम्जोर भएका, साथीभाई विदेशिएको देखेर, घरपररवारको सल्लाह आदिको कारण पनि वैदेशिक रोजगारमा जान वाध्य देख्न सकिन्छ ।

हाल बढ्दैगइरहको विश्व व्यापारिकरण, खुल्ला आर्थिक व्यवस्थामा श्रमको आदान प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट

उब्जिएको यो शब्द कुनै देशको परिधी नाघेर अर्को देशमा जानु र श्रमको मूल्य लिनु नै वैदेशिक रोजगार हो (लिम्बु२०७१) ।

नेपालको सन्दर्भमा हेर्ने हो भने जीविकोपार्जन गर्नका लागि नेपालबाट धेरैभन्दा धेरै मानिसहरु श्रमिकको रुपमा वैदेशिक रोजगारमा संलग्न भएका छन् । नेपालमा कृषीले मात्र जीवन धान्ने भएकोले विदेशिएका छन् । जसले गर्दा गौतमका अध्ययन स्थानमा युवा वर्गहरु वैदेशिक रोजगारका लागि विदेश गएका र केही युवाहरुको गुणस्तरीय शिक्षाको खोजिमा सहर तिर पसे जसको कारण यस ठाँउमा युवा पुस्ताको कमि आई घरमा वृद्धवृद्धा मात्र रहेको देखिनछ । गौतमको अनुसार वैदेशिक रोजगारले जिवन धान्न वा वचउनको लागि वैदेशिक रोजगारले सहज बनाएको बताउनुहुन्छ । तर पनि वृद्धवृद्धाको लागि भने संघर्षमय जीवन बनेको देखिन्छ । आफ्नो छोराछोरी विदेशीय पछि एक्लो महशुस गर्ने गरेको, केहोला भन्नेडर त्रास बढेको, गाउँ रित्तिदै गएकोले आफूहरु पनि सहर तिर जानेरहर देखाउछन भने केही आफ्नो जन्मभूमि नछोड्ने बताउछन् । वैदेशिक रोजगारमा नजाने हो भने फेरी घरको खेतिले मात्र जीवन गुजारा गर्न धौं-धौं पर्ने विदशे जाँदा एरलो महशुस हुने देखिन्छ (गौतम,२००८) ।

नेपालमा हाल भइरहेको श्रमपलायन कृषि अर्थतन्त्र विप्रेषणको आकार र नेपालमा विप्रेषणले पुऱ्याएको आर्थिक विकासका सन्दर्भमा विश्लेषण प्रस्तुत गरिएको छ । नेपालको अर्थतन्त्रको मुख्य क्षेत्र कृषि हो । नेपालको विकास योजनाहरुमा कृषिलाई विशेष प्राथमिकतामा राखिन्छ । नेपालको आर्थिक सर्वेक्षण (१९९६) का अनुसार कररि ७८% नेपालीहरु कृषि क्षेत्रमा सक्रिय रहेका थिय । नेपालमा गैर कृषि आयको रुपमा विप्रेषणले घरधुरी र राष्ट्रिय अर्थतन्त्रमा महत्वुर्पण योगदान पुऱ्याएको छ । पछिल्ला वर्षहरुमा नेपालबाट वैदेशिक श्रम प्रवासन हुनेर विप्रषेणको दर पनि बढेको छ । त्यसैगरी पहाडी क्षेत्र र पश्चिम क्षेत्रका घरधुरीमा विप्रेषणले क्रमश ३०% र ३३% आम्दानी अंश ओगटेको छ ( Sedden, Gurung and Adhikari,1988) ।

नेपालीहरुले गर्ने प्रवासनलाई छोटो समयको लागि, मौसम अनुसार लामो समय सम्मको लागि र आफ्नो देश भन्दा बाहिर गरी अध्ययन गररएको छ । र बेरोजगारीहरु जाने जो थोरै पैसामा काम गर्ने गर्दछ । विप्रेषण आजभोलि ग्रामीण अर्थतन्त्रको लागि अझै महत्वपूर्ण बनेको छ । प्रवासबाट ठुलो मात्रामा दिनानुदिन विप्रेषण भित्रिएको छ तर त्यो विप्रेषणसम्बन्धी कानुनी रुपमा राम्रो कानुन भने बन्न नसकेको कुरा गिरएको छ । नेपालीहरु श्रमरोजगारको लागि विशेष गेरर जाने गरेको देशहरु अमेरकि, जापान, कोरिया, मलेशिया, साउदी, कतार, दुबई आदि रहेको छ र विशेष गरेर मौसम अनुसारको सही र सरल तरिकाले मानिसहरु भारत गई कमाएको पैसाको कुरा गरिएको छ ।

वैदेशिक रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनमा नेपाली कामदारहरु पारिवारीक आर्थिक कमिकमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण विदेशीएको पाइन्छ । खाडी राष्ट्रमा कम आम्दानी भए तापनि उनीहरुले आफ्नो पारिवारीक, आर्थिक, शैक्षिक आवश्यकताहरु आम्दानी अनुसार परिपुर्ति गिररहको पाइन्छ । वैदेशिक रोजगारले नेपाली कामदारहरुलाई नकरात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रका ८२.४८% प्रतिशतले आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेको छ (रेग्मी, २०६५) ।

विदेशमा नेपालीहरुको रोजगारी सेनामा हुने भर्तिबाट सुरुभए पनि अहिलेयो अत्यन्त व्यापकर बहुआयामिक बन्दै गइरहको छ । वैदेशिक रोजगार ऐन २०४२ जारी भए पछि औपिचारिक ढंगले नै वैदेशिक रोजगारको ढोका खल्ला गररएको छ । यसलाई थप मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धी ऐन २०६४ मा तयार भई कार्यन्वयनमा आएको छ भने २०३८ माश्रम विभाग र वि.स. २०६५ मा स्थापनामा भएको वैदेजशक रोजगार विभागले पनि उत्तिकै महत्वपुर्ण योगदान पुऱ्याएको देखिन्छ (घिमिरे,२०६१) ।

नेपालीहरु विदेशमा गएर काम गर्नेप्रचलन सुरुका दिनहरुमा बेलायत, भारत,बर्मा, भुटान, तिब्बत जस्ता दशेहरुमा गई सेनामा भर्ति हुने तथा

व्यापार गर्न जानेगरेको पाइन्छ । वैदेशिक रोजगारको इतिहास जति नै पुरानो भए पनि वि.स.२०४२ सालमा वैदेशिक रोजगार ऐन बनेपश्चात कानुनी संयन्त्र निर्माण गरी वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन थालियो । बद्दो बेरोजगारीको कारण सीमित रोजगारका अवसरहरुले मात्र धान्न सक्ने अवस्था नहुदा रोजगारीको महत्वलाई आत्मसात गरी आठौं योजना २०४९।०५४ देखि रोजगारीका लागि गन्तव्य मुलुकहरुको खोजी गर्ने प्रक्रियालाई अगाडी बढाइयो । वैदेशिक रोजगारको एक प्रत्येक्ष प्रतिफल आय भनेको विप्रेषण नै हो । जसको प्रभाव स्वरुप नेपालमा सन्१९९५।९६ मा ४२ प्रतिशत गरिबी रहको अवस्थामा हाल सन् २०१८।०१९ सम्म आईपुग्दा उक्त गरिबीको रेखामुनी रहेको जनससंख्या घटेर १८.७ प्रतिशतमा आउनुको पछाडी वैदेशिक रोजगारीबाट विप्रेषणको महत्वपुर्ण योगदान रहेको छ (बस्नेत, २०७५) ।

"रेमिटेन्सको यथार्थता" वीनेपाली, बेलायतबाट, सञ्चालित नेपाली अनलाईन पत्रिका अनुसार विप्रेषण (रेजमटेन्स) भनेको कुनै नौलो कुरा होइन । धेरै युरोपीयन दशे हरु जस्तै स्पेन, इटाली, आयरल्याण्ड आजद उन्नाइसौं तथा विसौं सताब्दीमा आफ्ना आप्रवासीहरुले पठाएको विप्रेषणमा धेरै निर्भर हुन्थे । सन् १९४६ मा स्पेनको २१ प्रतिशत आम्दानी रेमिटेन्स थियो । यी देशहरुले रेमिटेन्स सम्बन्धी नीतिहरुको लागि ससांरमा पहिलो नियम सन् १९०१ जनाउने देश इटाली हो भने सन् १९६० मा अर्जेन्टिनासंग रेमिटेन्स पाउने खर्च कम गरी सन्धी गर्ने देश स्पेन हो । सन् २००० देखि ससांरभर रेमिटेन्स धेरै बढेको छ । सन्२०१२ मा ५२९ अरब अमेररकी डलर प्रेषण भएकोमा १३० अरब अमेररकी डलर चीन तथा भारतमा मात्र पठाइएको तथ्याङ्क छ । सेप्टेम्बर २००८ मा विश्व वैंकले पहिलो अन्तराष्ट्रिय रेमिटेन्सको मूल्यको तथ्याङ्क राख्न शुरु गरेको हो । यसले संसारका दईुसय भन्दा बढी मुलुकमा पठाउने रेमिटेन्सको आँकाडा राख्छ (आचार्य,२०७३) ।

वैदेशिक रोजगार भन्ने शब्द हाल आएर समाजमा व्यापकता पाउदै गएको प्रत्येक्ष अर्थतन्त्रको असरको विस्तारमा ठुलो भूमिका खेलेको पाइन्छ । हाल वद्दै गइरेहको विश्वव्यापिकरण, खुल्ला आर्थिक व्यवस्थामा श्रमको आदान प्रदान सर्बसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट उब्जीएको

त्यो शब्द कुनै देशको परिधि नाघेर अर्को दशे मा जानुर श्रमको मूल्यलिनु नै वैदेशिक रोजगार हो । यसरी वैदेशिक रोजगारमा गई पठाएको पैसाको तथ्याङ्क नेपाल जिवन स्तर सर्वेक्षणको अनुसार सन् १९९६ मा २३ प्रतिशत, सन्२००४ मा ३२ प्रतिशत, सन्२०११ मा ५६ प्रतिशत घरपरिवारले विप्रेषण (रेजमटेन्स) प्राप्त गने गरेको देखिन्छ । आर्थिक वर्ष २०७३|७४ कुल ग्रार्हस्थ उत्पादनको करिब २६ प्रतिशतको अनुपातमा नेपाल भित्रिएको रेमिटेन्स नेपालीहरुको आयात भक्तानीको स्रोत समेत बनेको छ (बल्लभ,२०७५) ।

यसरी कयौ युवाहरु वैदेशिक रोजगारमा जादा उनीहरुले अर्काको देशमा गरेको कडा मेहनतबाट भित्रिएको विप्रेषणले आर्थिक पक्षमा भने फाइदा आएको छ । वैदेशिक रोजगार आफैमाचु नौतीपूर्ण काम हो । एक फाइदाबाट हजारौ बेफाइदाहरु भोग्नु परेको छ । सर्वप्रथम हाम्रोनेपाल आफैले आफ्नो जनताको लागि रोजगारको सिर्जना गराउनु पर्नेहो । रोजगारमूलक बनाउन नसक्दा कयौं युवाहरु विदिशएका छन् । गाँउ बस्तीहरु युवा विहिन छन् । गाउँ घरमा वृद्धवृद्धा , वालवालिका र महिलाहरु मात्र उल्लेखनीय रुपमा भेटिने गर्दछ । यसले गर्दा सिर्जनसील, चेतसील युवाहरु विदेशिदा मुलुक विकासमा पछिल्तिर ढकेलीदै गएको छ । विकास रप्रगतिमा पिछर्डीदैं आएको छ (बल्लभ,२०७५) ।

नेपालको मुख्य समस्या भनेको बेरोजगारी नै हो । अधिकांश नेपाली युवा रोजगारको खोजिमा देश छोडेर अन्यनत्र जाने गरेको छ । खास गरी वैदेशिक रोजगार नेपाली यवाका लागि रहर र बाध्यता दुवै भएको छ । नेपाली युवाको वैदेशिक रोजगारको सहि अनि सरल गन्तव्य यतिवेला खाडी मुलुकसंगै छिमेकी मुलुक भारत बनेको छ । विश्वमा जनसंख्या वृद्धि र औद्योगिक विकास सँगसँगै भएको शहरीकरण एवं भुमण्डलीकरणबाट देशहरु विचको खलापन विस्तार भएपछि राम्रो कामको खोजिमा विदेश जाने क्रम पनि तिव्र रुपमा वृद्धि हुँदै गएको छ । यसरी रोजगारी वा जीवन निर्वाहका लागि अर्को देशमा गई बस्ने प्रक्रिया विश्वव्यापी भएको छ । विप्रेषणले उपभोग प्रवृतिमा वृद्धि ल्याउछ । परिणामत; आयातमा वृद्धि हुन जान्छ । यसले राजस्वमा समेत सकरात्मक असर पार्दछ । वैदेशिक श्रम बजारमा उपलब्ध रोजगारीको अवसरले गर्दा मुलुकको गरिबी निवारका

लागि समते ठुलो सहयोग पुग्दछ । नेपालमा लामो समय सम्म सशस्त्र द्धन्द्ध तथा राजनीतिक अस्थिरता भएको अवस्थामा पनि गरिबीको मात्रा कम हुँदै जानुमा विप्रेषणको भूमिका महत्वपुर्ण छ । विभन्नि अध्ययनले देखाए अनसार सन् १९९५ देखि२००४ सम्ममा नेपालको गरिबी हटाउनमा विप्रेषणको योगदान २० प्रतिशत रहेको अनुमान थियो । वैदेशिक रोजगारमा गएका कामदारहरुले पठाउने विप्रेषण आयमा क्रमिक रुपमा वृद्धि भई हाल विप्रेषण रकम नेपाली परिवारको आम्दानीको एक प्रमुख स्रोतको रुपमा स्थापीत भएको छ । नेपाल जस्तै विश्वका अन्य देशहरुमा पनि वैदेशिक रोजगारी तथा विप्रेषणबाट गरिबी घटाउनमा सहयोग पुगेको पाइन्छ । ल्याटिन अमेरिका, अर्जेटिना, एशिया लगायत सबै विकासशील देशहरुमा वैदेशिक रोजगारी तथा विप्रेषणले सकारात्मक प्रभाव पारेको पाइन्छ । बालश्रममा कमी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिने खर्चमा वृद्धि जीवनस्तरमा भएको सुधार आदिलाई वैदेशिक रोजगारी तथा विप्रेषणको सकरात्मक योगदानको रुपमा लिन सकिन्छ (दाहाल, २०७५) ।

विकासशील राष्ट्रको सूचीमा पर्ने नेपाल शिक्षा, स्वास्थ्य, गरिवी जस्ता समस्याबाट अझै पनि माथि उठ्न सकेको छैन । नेपाल कृषि प्रधान देशको रुपमा रहेता पनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर वहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपुर्तिका लागि भौतारिनु पर्ने अवस्था छ (के सी, २०६६) ।

नेपालको सन्दर्भमा हेर्दा यहा रहेको जनशक्ति पुर्ण रुपमा परिचालन हुन सकेको देखिदैन विशेषत: कृषिमा संलग्न वहसंख्या अर्ध-वेरोजगार अवस्थामा छन् । अर्थात वर्षमा ८ महिला वेरोजगारी र कम्तिमा ४ महिला रोजगारी रहेको अवस्थाले देशमा रोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धवेरोजगार लगाएत शिक्षित दक्ष व्यक्तिहरुले पनि आफ्नो क्षमता अनुसारको रोजगारी उपलब्ध नहुँदा वेरोजगारको अवस्था वढ्दो क्रममा रहेको देखिनछ। यसरी देश भित्रका जनशक्ति वेरोजगार रहेको र पुर्ण रुपमा खपत गराउन सकिने माध्यमको कमी रहेको अवस्थामा नेपालले विश्वमा श्रम शक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहल,२०६६) ।

वैदेशिक रोजगारी शब्दले हाल आएर समाजमा व्यापकता पाउँदै गएको र प्रत्येक्ष रुपमा अर्थतन्त्रको विस्तारमा ठूलो भुमिका खेलेको छ । यस शब्दले नेपाली समाजमा लोकप्रीयता लिंदै आइरहेको छ । हाल वृद्धि भइरहेको विश्वव्यापी र खुला अर्ध व्यबस्थामा श्रमको आयात र निर्यातवाट विकास भएको यो शब्द कुनै देशको सीमा नाघेर अर्को देशमा जानु र श्रमको मूल्य लिनु वैदेशिक रोजगार हो । सामान्यतया: श्रमको देशमा हुने खपत व्यवस्थालाई वैदेशिक रोजगार भनिन्छ । सन् १९५० को सन्धि अनुसार नेपाल र भारत दुवै देशको जनतालाई स्वतन्त्रता पूर्वक आवातजावत गर्न दिईने , सम्पत्ति र सुरक्षाको अधिकार दिइएकोले पनि कुनै पनि व्यक्ति आवतजावतमा रोक लगाइने छैन । तर अन्य देशमा जाँदा राहदानी र पेशा ।व्यवस्था नभइ नहुने कुराहरु हुन । शाब्दिक अर्थमा वाह्य बसाइँसराइ स्वदेश वाहिर जुनसुकै कार्यका शिलशिलामा अन्यत्र जानु वुझिन्छ । यसरी एक देशको श्रम वजारको श्रम शक्ति अर्को देशको श्रम वजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नु वाध्य वसाइसराई हो र विश्व श्रम वजारमा रहेका श्रम शक्तिको स्थिर निर्यात गर्ने कार्य वैदेशिक रोजगारी व्यवस्था हो (पण्डित,२०५७:१) ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी वैदेशिक रोजगारका लागि बसाइँसराइले नेपालको कृषिमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पारेको छ । गण्डकी नदी वेसीका तीन जिल्ला चितवन, लमजुङ र नुवाकोटको सन्दर्भमा गरिएको अध्ययनले कृषि भूमि परित्यागमा स्रम बसाइँसराइको प्रभावको विश्लेषण गरेको छ । जहा पहाडी क्षेत्रमा करिव २२०० हेक्टर कृषि भूमि संकुचन र तराइमा लगभग २९०० हेक्टर , १९९०-२०१० सम्म विस्तारको वढ्दो प्रवृत्तिलाई देखाउँछ । उनका अनुसार कृषि भूमि प्रयोगमा आन्तरिक र अन्तराष्ट्रिय बसाइँसराइले प्रतिकूल प्रभाव पारेको कुरालाई जनाउँछ । अन्तर्राष्ट्रिय बसाइँसराइले कृषि भूमिको संकुचनमा सांख्यिक रुपमा त्यति प्रभाव पारेको छैन, जुन आन्तरिक बसाइँसराइले वढी प्रभाव पारेको छ । सामुदायिक परामर्शले यस अध्ययनलाई प्रमाणित गर्न मद्दत गर्दछ । जुन कृषि भूमि परित्यागको लागि स्व रिपोर्ट गरिएका कारण मापन गर्ने घरेलु सर्वेक्षणहरुबाट अघिल्लो नतिजाहरु विपरित छ । यस अध्ययनले कृषि भूमि

परित्यागमा विभिन्न मापनका प्रक्रियाहरुको जटिलता सम्वन्धि अन्तरक्रियामा उल्लेख भएका भुमिका जोड दिन्छ । श्रम वजारको गतिशीलता विदेश पलायनका कारण स्रमको नोक्सानीलाई जित्ने क्षमता र लगानी आकर्षण गर्न कृषिको प्रतिस्पर्धात्मकताका लागि भएका अध्ययन हुन् । पहाडी र तराइका जिल्लाहरुमा कृषि भूमिको प्रयोगमा आएको परिवर्तनको भिन्न प्रवृत्तिले कृषिको व्यवसायीकिकरले कृषि परित्यागलाई कम गर्न सक्छ भन्ने संकेत गर्दछ । यस खोजले कृषि क्षेत्रको प्रतिस्पर्धात्मकता र हिमाली कृषिमा लगानी वढाउने महत्वलाई जोड दिन्छ । पहाडी क्षेत्रको कृषि प्रणालीमा प्रतिस्पर्धा वढाउन पहाडमा रहेका अवरोधहरु (दुर्भाव, कमजोरी र उत्पादकको सानो मात्रा) लाई पार गरी अवसरहरु सुधार गर्न अन्न (धान, मकै, गहुँ) वाहेक तुलनात्मक लाभ भएका पहाडी वाली पहिचान गरी विकास गर्न आवश्यक छ । कृषिको व्यवसायिकरणले शिक्षित युवा लगायतका रोजगारी र आर्थिक अवसरहरु सिर्ने सक्छ (Maharjan,2020) ।

गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रमबजारमा आवश्यकता अनुसार सीपमूलक श्रम शतिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी अर्थतन्त्रलाई सबल उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्ति उपयोग मार्फत कृषि क्षेत्रमा विद्यमान अनुत्पादक अधिक श्रमशक्तिलाई उधोग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुन सक्छ । विगतमा वैदेशिक रोजगारीले गरिबी निवारणमा उल्लेख्यनीय भूमिका खेलेकोले सरकारी स्तरबाटै यसको प्रवर्द्धन गरिए पनि यसले ल्याएका र ल्याउन सक्ने सामाजिक, आर्थिक, र मानवीय जोखिम विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नुपर्नेछ। अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि १६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ ( राष्ट्रिय रोजगार नीति, २०७१) ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । एकातर्फ आन्तरिक श्रम बजारको प्रशोधन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । दैनिक करिव १ हजार युवा विदेशिने गरेको र विप्रेषण आय कुल गार्हस्थ उत्पादनको अनुपात २५.४ प्रतिशत रहेको छ जुन विश्वकै उच्चमध्यको एक हो। अर्कोतर्फ उदार श्रम नीति, शीपमूलक श्रम शक्तिको अपर्याप्तता र कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशि श्रमिक आप्रवाह बढ्दै गएको र विदेशि श्रमिक विस्थापित हुँदै गएको अवस्था छ । श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । श्रम शक्ति सहभागिता दर ३८.५ रहेको र बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहेको छ । आ. व. २०७५/०७६ मा औषत श्रम उत्पादकत्व वार्षिक रु. १ लाख ८४ हजार ६ सय रहेको छ (पन्ध्रौ योजना, २०७६/७७-२०८०/८१) ।

नेपालको कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०,४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो । उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढंगले सुधार तथा रुपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ। देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ । नेपालको संविधानको अधिकार सूची, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रणको रुपमा रहेको कृषि विकास रणनीति (सन् २०१५-२०३५) र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ। ऊक्त रणनीतिले कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायिकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिशपर्धी बनाउन जोड दिएको छ (पन्ध्रौं योजना २०७६/७७-२०८०/८१) ।

आर्थिक वर्ष २०६८/६९ को कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्र (कृषि, वन र मत्स्यपालन) को योगदान ३२.७ प्रतिशत रहेकोमा पछिल्लो वर्षहरुमा यस्तो योगदान क्रमश; घट्दै गइ आर्थिक वर्ष २०७७/७८ मा २५८ प्रतिशत

रहने अनुमान छ । कृषिको व्यवसायीकरण र आधुनिकीकरणका साथै सेवा क्षेत्र र अन्य गैर कृषि क्षेत्रमा भएको विस्तारको कारण कृषि पेशामा आश्रित जनसंख्याको हिस्सा घट्दै गएको छ । सन् २००८ को नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आवद्ध जनसंख्या ७३.९ प्रतिशत रहेकोमा सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षण अनुसार यस्तो जनसंख्या ६०.४ प्रतिशतरहेको (आर्थिक सर्वेक्षण२०७८/७९) ।

## २.४. नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था

देशमा रोजगारीको सिर्जना गर्न र भएको रोजगारीमा आकर्षित गर्न नसकेको कारण दक्ष, अर्धदक्ष, र अदक्ष तीनवटै अवस्थामा ठुलो संख्यामा नेपालीहरु वैदेशिक रोजगारीको सिलशिलामा विभिन्न देशहरुमा जान वाध्य छन् । वैदेशिक रोजगार विभागले अनलाईन प्रणालीमार्फत् वैदेशिक रोजगारीबाट फर्कनेहरुको विवरण राख्ने काम सुरु गरे तापनि हालसम्म कति नेपाली वैदेशिक रोजगारीको शिकशिलामा गए, कति फर्किए, कति उतै कार्यरत छन् भन्ने यकिन तथ्यांक त भेटिँदैन तैपनि भारत बाहेक नै १५ लाखभन्दा बढी नेपालीहरु वैदेशिक रोजगारीको शिलशिलामा विभिन्न देशहरुमा छन् र दिनानु दिन यो संख्या बढिरहेको छ । भारतमै मात्र पनि १० लाख भन्दा बढी नेपाली कार्यरत रहेको अनमान गर्न सकिन्छ । हुन त वैदेशिक रोजगारीमा जाँदा सामाजिक इज्जत बढ्ने गरेको, नेपालमा भन्दा बढि आयआर्जन हुने भन्ने गरिन्छ । तर त्यो भन्दा बढि नेपालमा रोजगारीको अवसर नहुनु, श्रम गर्न लाज मान्नु र श्रम अनुसारको पारिश्रमिक नहुनु मुख्य समस्या हो (पन्त२०७८) ।

समय-समयमा केही देशहरुमा बन्देज लगाउँदै खुल्ला गर्दै गरे पनि वैदेशिक रोजगारीका लागि नेपाल सरकारले हाल इजाजतपत्र प्राप्त संस्थामार्फत १११ र व्यक्तिगत श्रम स्वीकृतिमार्फत् जाने १७२ मुलुकहरु वैदेशिक रोजगारीका लागि खुला गरेको छ । विप्रेषणमा अत्याधिक निर्भर रहेका मुलुकहरु मध्ये नेपाल पनि एक हो । र वैदेशिक रोजगारबाट झण्डै ८ अर्ब रेमिट्यान्स भित्रिन्छ प्रत्येक वर्ष नेपालमा । वैदेशिक रोजगारमा गएका नेपालीहरुले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएका छन् ।

विप्रेषण नभए त कसरी देशको अर्थतन्त्र चल्थ्यो होला जस्तो देखिन्छ भने देशको गरिबी तथा वेरोजगारी न्यूनिकरणको पाटोबाट हेर्दा समेत वैदेशिक रोजगार र त्यसबाट भित्रिने विप्रेषणको योगदान उल्लेखनीय छ ।

हालसम्म नेपालले दोहोरो श्रम सम्झौता १० देश ( दक्षिण कोरिया, युएइ, जोर्डन, वहरायन, इजरायल, कतार, जापान, मलेसिया, मौरिसस, वेलायत) रहेका छन् भने नेपालीहरु वैदेशिक रोजगारीको शिकशिलामा वढी संख्यामा जाने देशहरु; पहिलो नम्बरमा मलेशिया ;२६.५ प्रतिशत, कतारः २६.४ प्रतिशत, साउदी अरव; २२ प्रतिशत, युएइः१४.९ प्रतिशत, कुवेतः३.८ प्रतिशत रहेको छ (आ. व. २०७९/८०) ।

## २.५. नेपालमा कृषिको वर्तमान अवस्था

नेपाली समाजलाई नियालेर हेर्ने हो भने सवै भन्दा भरपर्दो पेशा कृषिलाई मान्न सकिन्छ । धेरै नेपालीहरुको जीविकोपार्जनको वलियो , पुरानो र भरपर्दो पेशाको रुपमा कृषिलाई लिइन्छ । कृषि नेपालमा मात्र नभइ विश्वका अधिकांश मुलुकहरुले अपनाएको पेशा हो । विश्वका धेरै विकसित मुलुकहरुले कृषिलाई आधुनिकिकरणमा रुपान्तरण गरिसकेका छन् भने नेपालले कृषिलाई केही मात्रामा आधुनिकिकरण गरिएता पनि अधिकांश क्षेत्र परम्परागत तथा जीवन निर्वाहमुखी रुपमै अगाडी बढी रहेको छ । कृषि नेपालको मुख्य पेशा भए तापनि यतिवेला खाद्यन्न आयात गर्नु परेको अवस्था छ । नेपालमा उत्पादन हुने प्रमुख खाद्य वाली धान, मकै, कोदो, गहुँ लगाएतका अन्नसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसले हाम्रो कृषिको दयनीय अवदस्थालाई संकेत गर्दछ र चालु आर्थिक वर्षको १० महिनामा ३१ अर्च रुपिया बराबरको खाद्यन्न सामग्री आयात भएको छ (पाण्डे,२०७८) ।

मुलुकको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने वाली र वस्तु उत्पासनमा यान्त्रीकरण प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार व्यवस्थापन गर्न करिब ७७ जिल्लाहरुमा सञ्चालित परियोजनामा २६ अर्ब ३५ करोड ७६ लाख रुपैयाँ खर्च भएको सम्वन्धित क्षेत्रले जनाएको छ ।

सरकारले आउदो आर्थिक वर्ष २०८०/०८१ सम्म धानको त्पादन वढाएर ६२ लाख ७३ जहार टन, मकै २९ लाख २७ हजार, गहुँ २४ लाख २० हजार टन उत्पादन गर्ने लक्ष्य लिएको छ । जसमा हेर्ने हो भने कृषिजन्य वस्तुको आयात वढेपछि उत्पादन वढाउने लक्ष्य राखेको हो । उत्पादन वढाउने लक्ष्य राखे पनि सरकारले भने विभिन्न बाली लगाउने समयमा पर्याप्त मल उपलव्ध गराउन सकेको छैन । वर्तमान समयमा नेपालले कृषि क्षेत्रमा सकारात्मक कदम नचालिएको पनि होइन तर विगत केही वर्ष यता केही कृषकले यस पेसालाई आधुनिक र व्यवसायोक रुपमा लैजान अनुकरणीय प्रयास गरेका छन । यस्ता प्रयासहरुले हाल कृषि बजारमा केही मात्रामा भए पनि स्थान कोएको छ । केही अपवादलाई छाडेर नेपाली कृषिले अझै पनि युवा वर्गलाई आकर्षित गर्न सकेको छैन । जसको फलस्वरुप दिनहुँ हजारौंका संख्यामा रोजगारीकै खोजीमा खाडी मुलुक तथा अन्य मुलुकहरुमा जान वाध्य छन् । जस मध्ये केहीले त विदेशमा कृषि मजदुर कै रुपमा काम गरिरहेका छन् । सरकारले युवा लक्षित कृषि कार्यक्रमलाई प्रभाववकारी वनाउन नसक्दा यो समस्या निम्तिएएको हो । जुन राष्ट्रकै मुख्य चुनौतिको रुपमा रहेको पाइन्छ ।

युवा जमात विदेश तथा उनीहरुका परिवार सुविधाको खोजीमा सहरमा अस्थायी रुपमा बसोबास गर्न थालेपछि खेतीबाली लगाउने, गोडमेल गर्ने, भित्र्याउने, जनशक्तिको अभाव भएको हो । काम गर्ने जनशक्ति अभाव र आयातित खाद्यन्नमा परनिर्भरता बढेपछि खेतबारी बाँझो बनेको हो । जिल्ला कृषि विकास कार्यलयद्धारा २०७० सालमा गरिएको कृषि गणना प्रतिवेदन अनुसार जिल्लामा मकैखेती हुने १५ प्रतिशत , कोदोखेती १० प्रतिशत तथा जौँ खेती हुने १५ प्रतिशत जमिन बाँझो रहेको छ । जिल्लाका राम्चे, हिस्तान, दोवा, शिख, घार, नारच्याङ, चिमखोला, कुइनेमङ्गले, ताकम, मुदी, मुना, देविस्थान लगाएत गा.वि.स. मा जमिन बाँझिने समस्या बढ्दो छ । यस्तै दरवाङ, वावियाचौत, वेनी , बहरफाँट, सिँगालगाएत सहरी क्षेत्रमा घडेरीका कारण जग्गा प्लटिङ हुँदा खेतीयोग्य जमिन घटेको छ । खेतीयोग्य जमिन बाँझो भएपछि चामल, दाल, मकै, गहुँ लगाएतका खाद्यन्नमा परनिर्भरता बढेको छ । सडक सञ्जालको विस्तारसँगै ग्रामीण क्षेत्रमा आयातित खाद्यन्न सस्तो मूल्यमा पाइने भएकाले दु;ख गरेर उत्पादन गर्नेतर्फ स्थानीयवासीको

आकर्षण घटेको छ । सके आफैँ नभए अरुलाई जग्गा प्रयोग गर्न दिने बाध्यकारी अवस्था गर्नुपर्ने । खेती प्रणालीमा यान्त्रीकरण र घाँसखेती गरेर पशुपालन तथा जडीबुटी खेती मार्फत जमिनको प्रयोग र आय आर्जन गर्न सकिन्छ । जिल्लाका अधिकांश युवाहरु श्रमका लागि विदेशिएपछि गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र बाँकी छन् । जिल्लाको बेनी नगरपालिका, मालिका, मङ्गला, रघुगङ्गा,धवलागिरी र अन्नपूर्ण गाउँपालिकामा धेरैजसो खेतीयोग्य जमिन बाँझै देख्न सकिन्छ । सदरमुकाम बेनीबजारसँगै जोडिएको बेनी नगरपालिका– २ बगरफाँटमा मात्रै २६ हेक्टरभन्दा बढी जमिन बाँझो रहेको छ । “खेती गर्नका लागि जनशक्ति नै छैनन्, बुढाबुढीले गर्न नसक्ने भएपनि जग्गाजमिन बाँझै छाड्नु बाध्यता बनेको छ ।”उब्जाउ हुने जमिन बाँझो भएपछि स्थानीयहरु सदरमुकामदेखि खाद्यन्न किनेर खान थालेको “कोही रोजगारी खोज्दै विदेश गए, विदेश नजाने गाउँ छाडेर सहर पसेपछि खेती गर्ने मान्छे नै पाइन छाडे, “उत्पादन नभएपछि आयातित खाद्यान्न किनेर खानुको विकल्प छैन ।”केही स्थानमा खेतीयोग्य जग्गा‘प्लटिङ’हुने क्रम बढेको छ ।लाहुरेहरुको जिल्लाका रुपमा परिचित म्याग्दीबाट श्रमका लागि विदेशिने बढेसँगै खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेको छ । बाह्रै महिना खेती गरी जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयहरु कृषि गर्न छाडेर सहर पस्न थालेका छन् (कृषि पत्रिका, २०७४) ।

मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले हरेक वर्ष खेतीयोग्य जमिन १५ प्रतिशतले घटदै गएको बताए । तरकारी उत्पादन हुने खबरा, बगरफाँट, सिम, थामडाँडा, बाबियाचौरमा पनि जमिन बाँझो हुने क्रम बढेको छ । सिङ्गा, बगरफाँट, डाँडाखेतका खेतीयोग्य जमिनमा ‘प्लटिङ’ बढेपछि धान उत्पादन घट्दै गएको छ । कृषि कार्यालय र स्थानीय तहले कृषिउपजको उत्पादन बढाउन प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेतीमा अनुदान दिन थालेका छन् तर यति हुँदा पनि किसानलाई त्यसतर्फ आकर्षित गर्न सकिएको छैन ।रोजगारमूलक बनाउन नसक्दा कयौं युवाहरु विदिशिएका छन् । गाँउ बस्तीहरु युवा विहिन छन् । घरमा वृद्धवृद्धा , वालवालिका र महिलाहरु मात्र उल्लेखनीय रुपमा भेटिने गर्दछ । यसले गर्दा सिर्जनसील, चेतसील युवाहरु

विदेशिदा मुलुक विकासमा पछिल्तिर ढकेलीदै गएको छ । अध्ययनले लगभग तीन चौथाई घरपरिवारमा कम्तीमा १ जना आप्रवासी सदस्य रहेको पत्ता लगाएको छ । रेमिट्यान्समा प्रति महिना औसत US $ 206 प्राप्त गर्दै आएको छ । रेमिट्यान्स मुख्यतया खाद्यान्न र वस्तुहरूमा र थोरै मात्रामा कृषिमा प्रयोग हुने गरेको छ । सम्पूर्ण परिवारहरूले बजार क्षेत्रहरू, उकालोबाट डाउनहिल समुदायहरूमा बसाइँ सर्ने छनौट गरेका छन् । यसले जग्गा परित्याग र जलाधारको माथिल्लो भागमा वन क्षेत्र बढेको छ र जमिनमा दबाब र तल्लो भागमा बाढीको जोखिम पनि बढेको छ (कृषि पत्रिका,२०७४) ।

यस अध्ययनको नतिजाले नेपालको पहाडी क्षेत्रहरूमा व्याप्त विशाल आप्रवासन भएको छ । नेपालमा हर्पनमा सर्वेक्षण गरिएका घरधुरीहरूमध्ये जलाधार (जनसांख्यिक सर्वेक्षण) 71.4% घरधुरीहरूमध्ये 1 जना सदस्य विदेशमा वा अन्यत्र बसाइ सरेका छन । त्यस कारण जलाधारमा पुरुषको संख्या कम देखापरेको छ ।श्रमको गम्भीर अभाव, स्थानीय मानव पुँजी घट्दै गएकोछ । हर्पनबाट बिदेश जानेको संख्या बढेसँगै रेमिट्यान्स पनि उच्च छ । यी मुख्यतया दैनिक उपभोग र शिक्षाको लागि प्रयोग गरिन्छ । खेतीमा थोरै मात्र लगानी गरेर, कृषिलाई राम्रो जीविकोपार्जनको रूपमा हेरिएको छैन (Hoermann ,2010; Gartaula,2012a; Sunam and McCarthy, 2015)।

### २.५.१. नेपालमा वैदेशिक रोजगारको कारण कृषि क्षेत्रमा परेका प्रभाव

देशमा रोजगारी प्राप्तिमा कठिनाइ, आयस्रोतको अभाव, राजनीतिक अस्थिरता, दक्ष जनशक्ति व्यवस्थापनमा समस्या, नेपालीको विदेशप्रति आकर्षण र आर्थिक संकटका कारण मानिसहरु विदेश जाने । जसमा ग्रामीण क्षेत्रका युवा विशेषगरी पुरुष वाहिरिने ट्रेनले त्यस क्षेत्रमा कृषि कार्यका लागि श्रमशक्ति अभाव हुँदै गएको छ । जसको कारण यसको थप जिम्मेवारीको बोझ महिलाहरु माथि थोपरिँदै आएको छ । वर्तमान अवस्थामा ग्रामीण क्षेत्रमा पुरुष जनशक्तिको अभावमा हरेक कार्यप्रति महिलाको जिम्मेवारी वद्दै गएको छ । पछिल्ला दशकमा जमिन बाँझो

छाडी बसाइँसराइ गर्ने दर बढ्दो छ । मुख्य रुपमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको परिवारका सदस्य विद्यार्थी तथा बेरोजगार युवा वर्ग कामका अवसरमा तथा अध्ययनका लागि शहरी क्षेत्रतर्फ बसाइँसराइ गर्ने गरेका छन् । आन्तरिक बसाइँसराइ र रोजगारीका लागि विदेशिनुले नेपालको विशेष प्रभावित हुन पुगेको देखिन्छ । विगत दुइ दशकदेखि नेपालको कृषि क्षेत्र निरन्तर ओरालो लागेको छन । यो क्षेत्र यसरी ओरालो लाग्नुमा यसका नीति तथा योजना निर्माण र कार्यन्वयनको जिम्मेवारी लिएका सरकारी निकाय जिम्मेवार छन् । उनिहरुले मुलुकको सामाजिक तथा आर्थिक परिवर्तनसँगै कृषि क्षेत्रमा आएको व्यापक फेरवदललाई आत्मसात गरी कृषि क्षेत्रको उपयुक्त ढाँचा बनाउन नसक्दा यस्तो अवस्था सिर्जना भएको हो (पौडेल, २०७३:४) ।

नेपालमा हाल भइरहेको श्रम पलायन कृषि अर्थतन्त्र विप्रेषणको आकार र नेपालमा विप्रेषणले पुऱ्याएको आर्थिक विकासका सन्दर्भमा विश्लेषण प्रस्तुत गरिएको छ । नेपालको अर्थतन्त्रको मुख्य क्षेत्र कृषि हो । नेपालको विकास योजनाहरुमा कृषिलाई विशेष प्राथमिकतामा राखिन्छ । नेपालको आर्थिक सर्वेक्षण (१९९६) का अनुसार कररि ७८% नेपालीहरु कृषि क्षेत्रमा सक्रिय रहेका थिय । नेपालमा गैरकृषि आयको रुपमा विप्रेषणले घरधुरी र राष्ट्रिय अर्थतन्त्रमा महत्वुर्पण योगदान पुऱ्याएको छ । पछिल्ला वर्षहरुमा नेपालबाट वैदेशिक श्रम प्रवासन हुने र विप्रषेणको दर पनि बढेकोछ । त्यसै गरी पहाडी क्षेत्र र पश्चिम क्षेत्रका घरधुरीमा विप्रेषणले क्रमश ३०% र ३३% आम्दानी अंश ओगटेको छ (Sedden, Gurung and Adhikari, 1988) ।

विप्रेषण आजभोलि ग्रामीण अर्थतन्त्रको लागि अझै महत्वपूर्ण बनेको छ । प्रवासबाट ठुलो मात्रामा दिनानु दिन विप्रेषण भित्रिएको छ तर त्यो विप्रेषण सम्बन्धी कानुनी रुपमा राम्रो कानुन भने बन्न नसकेको कुरा बताएका छ । नेपालीहरु श्रम रोजगारको लागि विशेष गेरर जाने गरेको देशहरु अमेरिका, जापान, कोरिया, मलेशिया, साउदी, कतार, दुबई आदि रहेको छ र विशेष गरेर मौसम अनुसारको सही र सरल तरिकाले मानिसहरु भारतमा गई पैसा कमाएको कुरा गरिएको छ । खाडी राष्ट्रमा कम आम्दानी भए तापनि

उनीहरुले आफ्नो पारिवारीक, आर्थिक, शैक्षिक आवश्यकताहरु आम्दानी अनुसार परिपुर्ति गरिरहेको पाइन्छ । वैदेशिक रोजगारले नेपाली कामदारहरुलाई नकरात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रका ८२.४८% प्रतिशतले आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेको छ (रेग्मी, २०६५) ।

विकासोन्मुख विश्वमा, ग्रामीण क्षेत्रहरूबाट बाहिर बसाइँसराइ एक साझा जीविकोपार्जन रणनीति र जनसंख्या पुनर्वितरणको एक महत्त्वपूर्ण रूप हो । "माइग्रेसन निराशावादीहरू" ले तर्क गरेका छन् कि बाहिर बसाइँसराइले स्थानीय जनसंख्याबाट युवा, स्वस्थ र शिक्षितहरूलाई हटाएर परम्परागत ग्रामीण जीविकोपार्जन र सामाजिक संस्थाहरूलाई कमजोर बनाउँछ। उनीहरूले आप्रवासी रेमिट्यान्सहरू धेरै हदसम्म स्पष्ट उपभोगमा खर्च गरेको आरोप पनि लगाउँछन् (बिनफोर्ड २००३; रेचर्ट ,१९८१) ।

कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को प्रतिशतका आधारमा नेपाल विश्वमा सबैभन्दा बढी रेमिट्यान्स प्राप्त गर्ने देशहरूमध्ये एक हो। रेमिट्यान्सले घरायसी उपभोग र लगानीको ढाँचा मात्र परिभाषित गर्दैन, यसले देशको समग्र अर्थतन्त्रको संरचना र गतिशीलतालाई पनि परिवर्तन गरिरहेको छ। यसमा क्रस-सेक्शन राष्ट्रिय स्तरको घरपरिवार डेटा प्रयोग गरेर, यो पेपरले कृषि उपजमा बसाइँसराइ र रेमिट्यान्सको प्रभावहरूको विश्लेषण गरेको छ । यसले दुईवटा महत्त्वपूर्ण नतिजाहरू देखाउँछ: (आप्रवासले कृषि उपजमा नकारात्मक असर पार्छ, र (ii) रेमिट्यान्स प्राप्त गर्ने कृषि घरपरिवारले घरायसी आम्दानी बढे पनि कृषि उत्पादकत्वमा सुधार देखाएको छैन।साथै यसले दुईवटा महत्त्वपूर्ण प्रवृतिहरूलाई औंल्याउँछ: (i) माइग्रेसनले कृषि उत्पादनमा प्रतिकूल असर पार्छ। यस क्षेत्रमा श्रमिकको अभाव सृजना गरेरर (ii) रेमिटेन्स प्राप्त गर्ने घरपरिवारले त्यस्तो आयलाई उत्पादकत्व वृद्धि गर्ने कृषि पुँजीगत वस्तु र आगतहरूमा लगानी गरिरहेका छैनन्, त्यसैले नेपाल जस्तो अत्यधिक रेमिट्यान्समा निर्भर कृषि अर्थतन्त्रका लागि विकासको प्रमुख चुनौती हो (तुलाधर, सापकोटा र अधिकारी,२००३) ।

माइग्रेसन र रेमिटेन्सले कृषि क्षेत्रमा दूरगामी प्रभाव पारिरहेको छ, जसले कुल गार्हस्थ उत्पादनमा करिब ३५% योगदान पुऱ्याउँछ र ७६% जनसंख्यालाई जीविकोपार्जनका विकल्पहरू प्रदान गर्दछ ।यो अध्ययनले कृषि उपज, विशेष गरी प्रति हेक्टेयर धान उत्पादनमा बसाइँसर र रेमिट्यान्सको प्रभावलाई हेरेको छ। बसाइँसराइले कृषि उत्पादनमा नकारात्मक असर पारेको परिणामहरूले देखायको छ । यसबाहेक, रेमिट्यान्स प्राप्त गर्ने कृषि घरपरिवारले पनि कृषि उत्पादनमा वृद्धि देख्न सकेको छैन । यी निष्कर्षले ठूलो मात्रामा बसाइँसराइले कृषि श्रमको अभाव सिर्जना गर्दै कृषि उपजमा प्रतिकूल असर पारिरहेको जनाउँछ । यद्यपि, रेमिट्यान्सहरू जुन अन्य देशहरूमा कृषि सम्पत्तिहरू र हाइब्रिड बीउहरू र रासायनिक मलहरू (लुकास, 1987; रोजेल , 1999; क्विन, 2009) जस्ता इनपुटहरू किन्नको लागि क्षमता बढाएर कृषि उपज बढाउन योगदान पुऱ्याएको पाइएको छ। नेपालमा कृषि उपज बढाउनमा यसले योगदान गरेन । विशेष गरी श्रम प्रवासले घरेलु खेती उत्पादनमा प्रतिकूल प्रभाव पार्छ (श्रम इनपुटमा कमी मार्फत)। यस अध्ययनका निष्कर्षहरू भर्खरैको घरपरिवार सर्वेक्षणको सामान्य निष्कर्षसँग मिल्दोजुल्दो छ, जसले रेमिटेन्स आम्दानीको लगभग 80% दैनिक उपभोग उद्देश्यका लागि र पूँजी निर्माणको लागि मात्र 2.4% प्रयोग हुने देखाएको छ (CBS, 2011)। घरपरिवारमा उच्च रेमिट्यान्स प्रवाह, र पछि, उच्च आयले, कृषि क्षेत्रमा संलग्न हुने अवसर लागत बढेको हुन सक्छ, फलस्वरूप कृषि क्षेत्रको आम्दानी भन्दा रेमिट्यान्स आम्दानीमा निर्भर रहन्छ । उदाहरणका लागि, Amuedo-Dorantes र Pozo (2006) ले देखाएको छ कि रेमिटेन्सले हराएको श्रम प्रभावलाई बढाउँछ, मुख्यतया आरक्षणको ज्याला बढाएर र फुर्सदको अवसर लागत घटाएर घरका बाँकी सदस्यहरूलाई काम गर्न प्रोत्साहन घटाएको छ ।

जब पुरुषहरू बसाइँ सर्छन्, परिवारका बाँकी सदस्यहरूले घर र जग्गाको व्यवस्थापन गर्नु पर्छ । महिलाहरू विशेष गरी प्रभावित छन । दुबै बढ्दो कठिनाइ र बढ्दो निर्णय लिने जिम्मेवारीहरूको सामना गर्दै पुरुषको अनुपस्थितिमा यी मामिलाहरू सम्हाल्न र सामुदायिक जीवनको व्यवस्थापन गर्ने क्रममा उनीहरू आत्मविश्वास प्राप्त गरेका छन । तर बाधाहरू पनि

रहेको छ । सांस्कृतिक कारणले गर्दा महिलाहरूले जोत्ने जस्ता केही कामहरू लिन सक्दैनन्, र ति काम गर्नको लागि काम गर्न सक्ने पुरुष मजदुरहरूको अभाव छ । यसले खेतीको आकार र कृषि आम्दानीमा भएको कमीलाई व्याख्या गर्न मद्दत गर्न सक्छ, जसको लागि खेती बाहिरको आम्दानी बढाएर क्षतिपूर्ति गरिन्छ ।

मजदुरको अभावमा जलाधारको माथिल्लो भागको 36% टेरेस्ड बाली जमिन छोड्नु र बालीहरूको संख्यामा कमी हुनु हो । यस्तै प्रवृति नेपालको अन्य क्षेत्रहरूमा भएको अनुसन्धानमा पनि उल्लेख गरिएको छ, काभ्रे जिल्लामा 17.9% र लमजुङ जिल्लामा 28% जमिन त्यागिएको छ (पौडेल , 2012, Tamang ,2014 ) ।

## २.६. निष्कर्ष

साहित्य समिक्षाको अध्ययनबाट के निष्दर्ष निकाल्न सकिन्छ भने मानिसहरु आफ्नो देशमा पर्याप्त रोजगारीको अवससर नहुँदा र स्थानीय उत्पादन तथा कृषि क्षेत्रलाई आधुनिकुकरण गर्न नसक्दा वाध्यात्मक परिस्थिति सिर्जना भइ रोजगारीमा संलग्न रहँदै आएको पाइयो । विशेष गरी विकासशील तथा अविकसित मुलुकबाट विकसित मुलुकगहरमा जामे गरेको भेटियो । समयको कालखण्ड परिवर्तन भएसँगै मानवीय आवश्यकताहरुमा पनि परिवर्तन हुन पुगी समाज पूँजीवादी वन्दै गयो । यसको परिणाम स्वरुप वैदेशिक रोजगारीको सिर्जना हुन परुग्य । विकसित देशहरुलि रोजगारीको अवसरहरु सिर्जमा गराउँदै गए र कृषि क्षेत्रलाई आधुनिकिकरण गरी उत्पादन अभिवृद्धि गर्दै जान थाल्यो र नेपालजस्ता विकासशिल तथा अविकसित मुलुकका बेरोजगार जमशक्तिलाई रोजगारीको लागि अवसर खुला गरी सक्रिय वाह्य जनशक्ति भित्र्याउन सफल भएको देखियो ।

नेपालबाट हाल वैदेशिक रोजगारीका लागि १११ मुलुकमा संस्थागत रुपमा खुला गरिइको छ भने व्यक्तिगत रुपमा १७२ मुलुकमा नेपालमा सक्रिय जनशक्ति रोजगारीको शिलशिलामा विदेशिने गरेको पाइयो । र

देशको सक्रिय युवा जनशक्ति रोजगारीको शिलशिलामा विदेशिएको कारण देशको उत्पादनमुलक क्षेत्रमा सक्रिय जनशक्तिको अभाव हुँदै देशको खाद्यन्न उत्पादनमा समेत नकारातमक असर पर्न गइ हाल नेपालमा खाद्यन्न आयातको दरले सिमा नाघेको कुरालाई प्रष्ट्यको छ । त्यस्तै नेपालमा पनि त्यसको प्रभाव परेको देखिन्छ । नेपालमा वैदेशिक रोजगारीका लागि विदेशिने नेपालिको संख्या प्रति घरधुरी एक जना पर्न आउने देखिन्छ । जसमा १५ देखि २४ उमेर समुहका ४४.८१ प्रतिशत रहेको छ (जनगणना २०६८) ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरु धेरै कम ज्याला हुनु, सामाजिक सुरक्षाको अभाव, कान गर्ने अवस्था नाजुक, मानव अधिकार हनन्, सामाजिक बहिष्करण, अनियमित बसाईसराई, महिला तथा बालबालिकामा शोषण, वेचविखन, स्वास्थ्य तथा औषधिको अभाव जस्ता समस्या नेपालीले भोग्नु परेको अवस्था छ (पण्डे, सन् २०१२) ।

# अध्याय- तीन
# अध्ययन विधि

यस अध्ययनका लागित्रिभुवन विश्विद्यालुको शैक्षिक पाठ्यक्रम अनुरुपको अध्ययनलाई विश्लेषण गर्ने महत्वपूर्ण आधारभूत पद्धतिको रुपमा अध्ययन विधिको प्रयोग गरिन्छ । अनुसन्धान कार्य व्यवस्थित र वैज्ञानिक प्रक्रिया भएकोले यो निश्चित पद्धतिमा आवद्ध हुन्छ । अनुसन्धान विधिमा निश्चित कार्यविधि र प्रक्रिया अपनाइने हुँदा अनुसन्धान कार्यमा प्रयोग गरिने कार्यविधि तथा प्रक्रियालाई अनुसन्धान विधि मानिन्छ ।

अनुसन्धान समस्याको पहिचानदेखी पूर्व साहेत्य समिक्षा, परिकल्पना वा अनुसन्धानको प्रश्नावली, तथ्यांक संकलन, प्रशोधण विश्लेषण हुँदै निष्कर्षमा पुग्ने र औपचारिक प्रतिवेदन तयारसम्मका प्रक्रियाहरुको समग्र व्यवस्थापन समेत अनुसन्धान विधिबाट गरिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको प्रयोगले कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि विषयलाई वुझ्न तथा अध्ययन गर्नका लागि अनुसन्धान ढाँचा, तथ्यांकको प्रकृति र श्रोत, तथांकको विश्वसनियता, तथ्यांक प्रस्तुतिकरण र विश्लेषण लगाएतको विषयहरु आवश्यक पर्दछ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि अध्ययनका लागि निम्न विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१. अनुसन्धानका ढाँचा

प्रस्तुत शोधपत्रमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले कृषि क्षेत्रमा पारेको प्रभावसम्वन्धि विषयलाई विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यस अनुसन्धानको क्रममा सर्वप्रथम साहित्यको समिक्षा गरी समस्याको समाधान गर्ने प्रयास गरिएको छ । त्यस पश्चात अध्ययन समस्या पहिचान गरी समस्या अनुरुपको उद्देश्य सिर्जना गरी उद्देश्य अनुरुपको आवश्यकिय अनुसन्धान प्रश्नमा आधारित रही अध्ययनलाई प्रभावकारी र सफल बनाउने प्रयास गरिएको छ । त्यस्ता निर्धारित प्रश्नावलीको आधारमा ताप्ली गाउपालिका एकमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको उपयोगको अवस्था कसरी वैदेशिक कृषि क्षेत्र कसरी प्रभावित भइरहेको छ भन्ने सन्दर्भमा वैदेशिक

रोजगारीमा संलग्न परिवारका उत्तरदाताहरुसँग अन्तर्क्रिया गरी आवश्ययक जानकारी लिने प्रयास गरिएको छ । अन्तर्क्रियाबाट प्राप्त गुणात्मक तथ्यांकलाई वर्णनात्मक विधिको प्रयोग गरी विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.२. अध्ययन क्षेत्रको छनौट

मेरो शोधपत्रमा पूर्वी नेपालको उदयपुर जिल्ला ताप्ली गाँउपालिका – १ अन्तर्गतको ओख्लेलाई अनुसन्धानको क्षेत्रको रुपमा छनौट गरेको छु । यस वडाबाट वैदेशिक रोजगारीमा संलग्न मानिसको संख्या वढी देखिएको कारण यस क्षेत्रलाई अनुसन्धानको क्षेत्र छनौट गर्न जरूरी ठानी छनौट गरिएको हो । अध्ययनको लिइएको उद्देश्यलाई मध्यनजर गरी वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको घरपरिवारका सदस्यहरुसँग अन्तर्वार्ता गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । उक्त (अनुसन्धानका लागि छनौट गरिएको वैदेशिक रोजगारमा संलग्न) परिवार नै उत्तरदाताको रुपमा प्रयोग भएको छ । यस क्षेत्रमा जम्मा घरधुरी संख्या करिब १२५ रहेको छ । जस मध्ये वैदेशिक रोजगारीमा संलग्न २५ परिवारलाई छनौट गरी आफ्नो अनुसन्धानात्मक उद्देश्य अनुसार तथ्यांक संकलन गरिएको छ ।

## ३.३. नमुना छनोट विधि

कुनै पनि सामाजिक समस्या छनोट गरि सके पछि अध्ययन समस्याको समग्र क्षेत्रको अध्ययन गर्न कठिन हुन्छ । यस शोधपत्र-लेखन कार्यको लागि नमुना छनोट उदयपुर, ताप्ली गाउँपालिका-१ ओख्ले (मादले) का १२५ घरधुरीमधये नमुना (Simple Random Sampling) सिम्पल र्यान्डम स्याम्पलिङ विधिबाट २७ घरपरिवारलाई नमुनाका रुपमा छनोट गरेको छु । यो विधिअनुसार घरधुरी उत्तरदाताको छनोट गर्दा सर्वप्रथम त्यस समुदायमा बसोबास गर्ने राजनीतिज्ञ, शिक्षक वर्ग र अगुचाहरुको सहायताबाट प्रत्येक घरधुरीको सूची तयार पारेको छु । अध्ययन अनुसन्धानको लागी समग्रको प्रतिनिधित्व हुने हुँदा २७ घरधुरीलाई नमुना छनोटको रुपमा लिइएको छ । यसरी छनोट गरिएका मुख्य एक जना सदस्यलाई तयार पारिएको संरचित

प्रश्नावली र असंरचित अन्तरवार्ताका साथै अवलोकनको माध्यमबाट तथ्यांक सङ्कलन गरिएको छ ।

## ३.४. तथ्यांकको श्रोत र प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथा द्धितिय दुवै श्रोतको प्रयोग गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । प्राथमिक श्रोतको तथ्यांक सम्वन्धित क्षेत्रमा अन्तरवार्ता , समुह छलफल, अवलोकन विधिको माध्यमबाट प्रयोग गरी संकलन गरेको हो । द्धितिय श्रोतको तथ्यांकहरु पत्रपत्रिका , लेखरचना, Online Articles, तथा अन्य आवश्यक सामग्रीहरुबाट पनि संकलन गरिएको छ । तथ्यांकहरुको प्रकृति अन्तर्गत गुणात्मक तथा संख्यात्मक विधिको प्रयोग गरी गुणात्मक अन्ततर्गत संलग्न व्यक्तिहरुका परिवारले भोगेका अवस्था, आर्थिक परिवर्तन, सामाजिक अवस्थाको गतिविधि, रेमिट्यान्सको पयोग आदि बारेमा र संख्यात्मक विवरण अन्तर्गर वैदेशिक रोजगरीमा संलग्न परिवारको जग्गा, जमिन तथा कृषि उपयोग आर्थिक वृद्धिको अवस्था, वचत तथा हालका शिक्षा क्षेत्रको अवस्था आदिको तथ्यांकीय विवरण प्रस्तुत गरिएको छ ।

### ३.४.१ प्राथमिक श्रोत

कुनै पनि अनुसन्धानका लागि अनुसन्धान कर्ता स्वयंमले विविध अनुसन्धान विधि प्रयोग गरी प्राप्त खोज सामग्रीलाई तथ्यांकको प्राथमिक स्रोत मानिन्छ । यस्ता स्रोतलाई प्रारम्भिक तथा मौलिक सामग्री समेत भन्ने गरिन्छ । अनुसन्धानमा प्राथमिक स्रोतको प्रयोग सबैभन्दा पहिलो चरणमा गरिएको हुन्छ । अनुसन्धामा प्राथमिक स्रोतको प्रयोग पश्चात मात्र अन्य स्रोतहरुको प्रयोग गर्ने गरिन्छ । प्राथमिक स्रोत अनुसन्धान कर्ताले उत्तरदाताहरुसँगको अन्तर्क्रियाबाट पाप्त गर्ने स्रोतहरु पर्दछ ।

अध्ययनका लागि उत्तरदाताहरुसँग अन्तर्क्रिया गरी तथ्यांक संकलनको लागि आवश्यक प्रश्नावलीको प्रयोग गरी ताप्ली गाउपालिका एक मा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले कृषि क्षेत्रमा परेको प्रभाव सम्वन्धि

वैदेशिक रोजगारीमा संलग्न परिवारका सदस्यहरुसँग प्रत्येक्ष अन्तर्क्रिया गरी तथ्यां संकलन गरिएको छ ।

### ३.४.२. द्धितीय स्रोत

कुनै पनि विषयको अनुसन्धानको लागि अनुसन्धानकर्ताले आफ्नो प्रयोजनको लागि प्रयोग गरेको तथ्यांकलाई अरु कुनै अनुसन्धान कर्ताले गरेको अध्ययनलाई आफ्नो अनुसन्धान विषयका लागि आवश्यक रहेको सन्दर्भमा संकलन गरिएको स्रोत द्धितिय स्रोत हुन । मेरो अध्ययनको लागि आवश्यकता अनुसार अनलाईन लेख, पत्रपत्रिका, सरकारद्धारा प्रकाशित विभिन्न प्रतिवेदनहरु, आर्थिक सर्वेक्षण, पन्ध्रौं योजना, नेपालको संविधान, विभिन्न व्यक्तिहरुले तयार गरेका विगतका थेशीसहरु, अध्ययन रिपोर्टहरु, किताव, डिजिटल पुस्तकालय, अनलाईन माध्ययम आदिको प्रयोग गरिएको छ । द्धितिय स्रोतको विशेष गरी पूर्व साहित्य समिक्षाका लागि प्रयोग भएको छ ।

### ३.५. तथ्यांक संकलनको विधी

अनुसन्धानका उद्देश्यलाई पुरा गर्न तथ्यांक संकलनका निम्न विधिहरु प्रयोग गरिएको छ ।

### ३.५.१. अन्तरवार्ता

कुनै पनि अनुसन्धानात्मक रिपोर्टको लागि डाटा संकलन गर्नको लागि आवश्यक पर्ने एक महत्वपूर्ण विधिको रुपमा अन्तरवार्तालाई लिन सकिन्छ । अन्तरवार्ता खासगरी व्यक्तिको प्रस्तुति अन्य व्यक्तिहरुसँग प्रस्तुत हुँदाको शैली र व्यक्तिमा भएको आत्मविस्वास तथा व्यक्तिगर क्षमताको समेत मूल्यांकन गर्न सकिने माध्यम हो । अनुसन्धानकर्ता र स्रोत व्यक्ति बीच हुने अन्तरक्रिया नै अन्तरवार्ता हो । यो निश्चित विषयमा केन्द्रित रहेको हुन्छ (आचार्य, २०७३) । अनुसन्धानका उद्देश्य प्राप्तिका लागि लक्षित समुहसम्म पुगेर उनीहरुलाई प्रत्येक्ष रुपमा भेटि प्रश्नोत्तर शैली प्रयोग गरी अन्तरवार्ता लिइ आवश्यक तथ्यांक संकलन गरेको छु । अन्तरवार्ता विधिको प्रयोगबाट

उत्तरदातासँग दोहोरो अन्तर्क्रिया हुने साथै उनीहरुबाट आवश्यक पर्ने सुचना लिन मद्दत पुगेको छ । यो विधिमा विशेषत: प्रश्नावली निर्माण गरी सोही वमोजिम उत्तरदाताहरु समक्ष पुर्व निर्धारित प्रश्नावली वमोजिमको संवादबाट तथ्यांक गरिन्छ । वैदेशिक रोजगारीमा संलग्न प्रत्येक परिवारमा स्वयम उपस्थिति भई आवश्यक सूचना उपलब्ध गराउन सक्ने व्यक्तिहरु जो बच्चा वाहेक अन्य व्यक्तिहरुबाट आवश्यक तथ्यांक संकलन गरेको छु । यस विधिलाई अनुसन्धानको क्षेत्रमा लोकप्रुय, बढि प्रचलित र विश्वसनीय विधिको रुपमा लिइन्छ । प्राय: सबै अनुसन्धान कर्ता हरुको अनुसन्धानमा धेरै प्रयोग हुने तथ्यांक संकलनको विधि नै अन्तरवार्ता हो । यसमा प्रत्येक्ष साक्षात्कार र सहभागिता, निश्चित उद्देश्यका लागि अन्तरवार्ता, मौखिक उत्तर, अन्रतक्रियात्नक प्रक्रिया र लचकदार र मनोवैज्ञानिक प्रक्रियामा आधारित विशेषता रहेको छ ।

ताप्लि गाउँपालिका १ मा वैदेशिक रोजगारीमा संलग्न रहेका परिवारका सदस्यहरुसँग प्रत्येक्ष रुपमा भेटि विषयवस्तुमा आधारित भएर बन्द ढाँचामा तयार पारिएको प्रश्नावलीको आधारमा परिवारबाट सक्रिय युवा जनशक्ति विदेश जानुको प्रमुख कारण, पारिवारिक तहमा विप्रेषणको प्रभाव, र वैदेशिक रोजगारीमा परिवारका सक्रिय सदस्यको संलग्नताका वावजुद वर्तमान कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि विषयमा केन्द्रित भई तयार पारिएको प्रश्नावलीको आधारमा अन्तरक्रिया गरिएको छ । उक्त प्रश्नलाई उत्तरदाराले बुझ्ने र उत्तर दिन सक्ने प्रश्नावली समेटेर अन्तरार्ताका लागि आवश्यक निर्देशिका तयार पारी अन्रतरवार्ता लिईएको छ । यस विधिद्धारा अन्तरवार्ता गर्दा प्रश्नकर्ता र उततरदाता एकै साथ हुने भएकोले उत्तरदाताले भन्न खोजेका कुरा प्रष्ट र सहज रुपमा भन्न सक्ने वातावरण सिर्जना गराई यस विधिको प्रयोगबाट आवश्यक तथ्यांक संकलन गरिएको हो ।

### ३.५.२. अवलोकन

यस अनुसन्धानमा प्रयोग गरिएको विधिहरु मध्ये तथ्यांक संकलनको लागि अवलोकन विधि पनि एक महत्वपूर्ण विधि हो । कुनै वस्तुको वास्तविकता थाहा पाउनको लागि अनुसन्धानकर्ता प्रत्येक्ष रुपमा सहभागी

भई सम्वन्धित विषयवस्तु हेर्नुलाई अवलोकन भनिन्छ (Nis, 2022) ।यो अध्ययन विधिलाई सहभागीतामुलक विधि पनि भन्ने गरिन्छ । यस विधि अनुसार अनुसन्धानकर्ता स्वयम अनुसन्धान क्षेत्रमा उपस्थित भई आवश्यक तथ्यांक संकलन गरिन्छ । यस अध्ययनका लागि उदयपुर, ताप्ली गाउँपालिका १ को वैदेशिक रोजगारीमा संलग्न २५ परिवार छनौट गरी उक्त परिवारका सदस्यहरु उत्तरदाताहरुसँग अन्तरक्रिया गर्दै अध्ययनका लागि आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ३.५.३. वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन त्यस्तो गहन प्रकृतिको अध्ययहन हो । यसमा व्यक्ति, समुह योजना समुदाय, प्रक्रिया, नीति आदिलाई मध्यनजर गरी त्यस्ता समग्र पक्षहरुको अध्ययन गरिन्छ । वैयक्तिक अध्ययन गुणात्मक विश्लेषणको एक विशेष स्वरुप हो । जसले कुनै व्यक्तिम परिस्थिति अथवा संस्थाका अत्याधिक सावधानी पूर्वक पूर्ण अध्ययन गर्दछ । कुनै एक सामाजिक जीवनको तथा विश्लेषण पद्धति वैयक्तिक अध्ययन हो (Verma,7076) । सामाजिक विज्ञान लगायत समाजशास्त्रीय तथा मानवशास्त्रीय अनुसन्धानका लागि वैयक्तिक अध्ययन एक महत्वपूर्ण र भरपर्दो विधिको रुपमा रहेको हुन्छ । यस विधिबाट सूचना संकलन गर्दा घटनाको सम्पुर्ण पक्षको जानकारी प्राप्त गर्न सकिन्छ । वैयक्रिक अध्ययनलाई अनुसन्धान को क महत्वपूर्ण रणनीति मान्न सकिन्छ । यस विधिले विशेषतः कुनै एक घटना, संगठन, निर्णय, नीति निर्माण साथै समुहिक अध्ययनमा जोड दिन्छ । र वैयक्तिक अध्ययनले यस्ता संगठन, निर्णय प्रक्रिया, नीति निर्माण, सामुहिक अध्ययन, घटना अध्ययन जस्ता सम्पूर्ण विषयहरुलाई समेट्ने हुँदा मेरो अध्ययनमा पनि यस विधिको प्रयोग गरिएको छ ।

### ३.६. तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण

अध्ययनको लागि छनौट गरिएका उत्तरदातासँग तथ्यांक संकलन गर्ने क्रममा अन्तरवार्ता, अवलोकन, समुह छलफलका माध्यमबाट संकलन गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धान विधिमा तथ्यांक संकलन गर्दा

विभिन्न विधिद्धारा अध्ययन गर्नु पर्ने हुन्छ। यस विधिमा वैदेशिक रोजगारीमा संलग्न परिवारका सदस्य (उत्तरदाता) हरुबाट अन्तरवार्ता विधिको प्रयोग गरी वैदेशिक रोजगारीका कारण कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि अध्यनको छ । अध्ययनहरु प्राथमिक र द्धितीय स्रोतबाट संकलन गरिएको तथ्यहरुलाई प्रष्ट पार्नका लागि तथ्यांकीय आधारमा विश्लेषण गरि प्रस्तुर गरिएको छ । यस अध्यनमा अन्तरवार्ता विधिबाट तथ्यांक संकलन गरिएको तथ्यहरुलाई गुणात्मक र मात्रात्मक विधिद्धारा विश्लेषण गरिएको छ ।

## ३.७. अध्ययनको सीमा

विभिन्न पक्षको अध्ययनको लागि स्रोत साधनको आवश्यकता पर्दछ । स्रोत साधनको अभावले गर्दा अध्ययन क्षेत्रको सम्पुर्ण पक्षको अध्ययन गर्न सकिदैन । यो अध्ययनले उक्त सिमा भित्र रहेर गरिएको छ ।यस अध्ययन उदयपुर जिल्लाको ताप्ली गाँउपालिका – १ ओख्ले बाट वैदेशिक रोजगारीमा संलग्न परिवाहरुलाई छनौट गरिएको छ । वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुका बारेमा उनिहरुको परिवारहरुसँग जानकारी लिइ आवश्यक तथ्यांक संकलन गरेको छु । साथै यस अध्ययनमा वैदेशिक रोजगारीको कारण कृषि क्षेत्रमा पारेको प्रभावका सम्वन्धि विस्तृत अध्ययन गरी सुचना प्राप्त गरेको छु ।

## अध्याय-चार
## तथ्यांकको प्रस्तुतिकरण

### ४.१. परिचय

यस अध्ययनमा वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धि विषय शीर्षकमा वैदेशिक रोजगारीमा संलग्न परिवारको उत्तरदाताहरुसँगको अन्तर्क्रिया बाट प्राप्त तथ्यांकलाई विभिन्न उपशीर्षकहरु उमेर, जात, धर्म, लिङ्ग, पारिवारिको आकार, परिवारको संख्या, शैक्षिक विवरण, वैदेशिक रोजगारीमा आवद्ध व्यक्तिहरुले गर्दै आइरहेको कामको प्रकृति सम्वन्धि विषयलाई समेट्ने गरी अनुसन्धान प्रश्नहरुको आधारमा संकलित सूचना तथा तथ्यांकलाई प्रस्तुत गरिएको छ ।

### ४.२. उत्तरदाताको उमेर सम्वन्धि जानकारी

व्यक्तिले उसको जीवनकालमा विभिन्न उमेर समुहहरु पार गर्दै अगाडी बढी रहेको हुन्छ । यसै सन्दर्भमा यस अध्ययनका लागि छनौट गरी अन्तर्क्रिया गरिएका उत्तरदाताहरुको उमेर सम्वन्धि प्राप्त तथ्यांकलाई देहाएका तालिकामा तालिलावद्ध गरिएको छ ।

**तालिका नं १ उत्तरदाताको उमेर सम्वन्धि विवरण**

| क्र. स. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २५-३० | - | - |
| २ | ३०-५० | १५ | ६० |
| ३ | ५० भन्दा माथि | १० | ४० |
| **जम्मा** | | **२५** | **१००** |

स्रोत ; स्थलगत सर्वेक्षण, २०८०

माथि उल्लिखित तालिका अध्ययन गर्दा वैदेशिक रोजगारीमा संलग्न सदस्यहरुको परिवारबाट यस अध्ययनका लागि छनौट गरी अन्तर्क्रिया गरिएका उत्तरदाताहरुको उमेर सम्वन्धि प्राप्त तथ्यांकलाई हेर्दा ५० वर्ष भन्दा कम उमेर समुहका जम्मा १५ जना ३०,३४,३५, ३९,४६ वर्ष उमेर

समुहका सहभागी थिए जसमध्ये पाँचै जना महिला थिए । भने अन्य १० जना सबै ५० वर्ष भन्दा माथि उमेर समुहका उत्तरदाताहरु सहभागी थिए । अन्तर्क्रियामा सहभागी उत्तरदाताहरुको उमेर समुहलाई हेर्दा वैदेशिक रोजगारी सँगै जोडीएर आएको अस्थाई सहर केन्द्रित बसाईसराईको कारण गाउँमा वृद्धवृद्धा, केही महिला र बालबालिका मात्र बढी संख्यामा हरेको मान्न सकिन्छ ।

## ४.३. लिङ्ग

सामान्य अर्थमा महिला र पुरुष विच रहेको सामाजिक साँस्कृतिक विभिन्नतालाई लिङ्ग भनि बुझिन्छ । जहा उनीहरुलाई समाजले विभिन्न भूमिकाहरु निर्धारण गरिदिएको हुन्छ । हाम्रो समाजमा पुरुष प्रधानता रहेको समाजका लागि विभिन्न किसिमका क्रियाकलापहरु सञ्चालन गरिए तापनि व्यवहारिक रुपमा यसको प्रभाव न्यून नै देखिन्छ । यस अध्ययनका लागि तथ्यांक संकलन गर्न अन्तरक्रिया गरिएका उत्तरदाताहरुबाट प्राप्त लैङ्गीक तथ्यांकलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२ उत्तरदाताको लैङ्गी विवरण**

| क्र.स. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १७ | ६८ |
| २ | पुरुष | ८ | ३२ |
| **जम्मा** | | **२५** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

उपरउर्ल्लिखित तालिका नं २ को अन्तर्वारतामा संलग्न २५ जना उत्तरदाताहरुको लैङ्गीक विवरण सम्वन्धि प्राप्त तथ्यांक अनुसार महिला उत्तरदाता १७ जना (६८ प्रतिशत ) र पुरुष उत्तरदाता ८ जना (३२ प्रतिशत) रहेको देखियो । यस अन्तर्क्रियामा संलग्न उत्तरदाताहरुलाई हेर्दा पुरुष उत्तरदाताको तुलनामा महिला उत्तरदाता एक तिहाइ भन्दा बढी देखियो । यस्तो अवस्था सिर्जना हुनुको प्रमुख कारण त्यस क्षेत्रका युवा

जनशक्तिहरुमा पनि बढी पुरुषहरु विदेशियको हुँदा हरेक क्षेत्रमा महिलाको नै सहभागिता हुने गरेको जानकारी पाइयपो ।

## ४.४. उत्तरदाताको शैक्षिक अवस्था

देश तथा समाज निर्माणको सन्दर्भमा शैक्षिक जनशक्तिको महत्वपुर्ण भूमिका रहन्छ । यति हुँदा हुँदै पनि देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगार तर्फ आकर्षित हुँदा यसले देश तथा समाजको विकास र निर्माणमा प्रभाव पर्न जाने देखिन्छ । यस अध्ययनका लागि छनौट गरीएका वैदेशिक रोजगारीमा संलग्न परिवारका अन्तर्वातामा सहभागी उत्तरदाताहरुको शिक्षा सम्बन्धि प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकामा प्रस्तुर गरिएको छ ।

**तालिका नं.३ उत्तरदाताहरुको शिक्षा सम्वन्धि विवरण**

| **क्र. स.** | **उतिर्ण तह** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | आधारभुत | १३ | ५२ |
| २ | निम्न माध्यमिक | ७ | २८ |
| ३ | माध्यमिक | ३ | १२ |
| ४ | उच्च माध्यमिक | २ | ८ |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत: स्थलगत सर्वेक्षण, २०८०**

तालिका नं. ३ अनुसार वैदेशिक रोजगारीमा संलग्न परिवारका अन्तर्क्रियामा सहभागी उत्तरदाताहरुले प्राप्त गरेका शिक्षा सम्वन्धी उपलब्ध तथ्यांक अनुसार हेर्दा आधारभुत तह उतिर्ण गरेका उत्तरदाता १३ जना (५२ प्रतिशत), निम्न माध्यमिक तह उतिर्ण गरेका ७ जना (२८ प्रतिशत), माध्यमिक तह उतिर्ण गरेका ३ जना (१२ प्रतिशत), र उच्च माध्यमिक तह उतिर्ण गरेका २ जना (८ प्रतिशत) देखियो । यस तालिकामा प्राप्त तथ्यांकको आधारमा हेर्दा सबै भन्दा बढी आधारभुत तह उतिर्ण गरेको र कम उच्च माध्यमिक तह उतिर्ण गर्ने २ जना (८ प्रतिशत) मात्र भेटियो ।

## ४.५. उत्तरदाताको परिवारिक संरचना

परिवार प्रमुख आधाभुत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा हेको मानिस सामाजिक रुपमा रुपान्तरित हुन थालेको हुन्छ । नेपालको सन्दर्मा पिवारीक वनावटका आधारमा एकात्मक संयुक्त परिवार गहेको देखिन्छ । एकात्मक परिवारले श्रीमान्, श्रीमती र तिनीहरुको छोराछोरीको संयुक्त बसोबासलाई बुझाउँछ । भने संयुक्त परिवारमा एक दम्पती तीन भन्दा बढी वा तीन पीढिका सदस्यहरु एकै साथ रहने गर्दछन् । यसै गरी परिवारको पालन पोषण वा जीवनस्तरलाई माथि उठाउने वा संचालन गर्नका लागि बेरोजगारका लागि दैदेशिक रोजगारमा संलग्न हुने वा वैकल्पिक रुपमा वैदेशिक रोजगारका लागि संरचनासँग जोडिएको हुन्छ । यसै सन्दर्भमा तथ्यांक संकलनका लागि अन्तर्वारतामा सहभागी गराइएका उत्तरदाताहरुको परिवारको संरचना सम्वन्धि प्राप्त तथ्यांकलाई देहायानुसार तालिकावद्ध गरिएको छ ।

**तालिका नं. ४ उत्तरदाताको पारिवारिक संरचना सम्वन्धि विवरण**

| क्र. स. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | २० | ८० |
| २ | संयुक्त | ५ | २० |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत: स्थलगत सर्वेक्षण, २०८०**

उल्लिखित तालिका नं. ४ को तथ्यांकको आधारमा उत्तरदाताहरुको परिवारिक संरचना सम्वन्धी तथ्यांकलाई हेर्दा एकल परिवारमा बसोबास गर्ने उत्तरदाता २० जना (८० प्रतिशत) र संयुक्त परिवारमा बसोबास गर्ने उत्तरदाता ५ जना (२० प्रतिशत) रहेको देखिन्छ । यस तालिकामा उपलब्ध तथ्यांकको आधारमा जव परिवारका सदस्य वैदेशिक रोजगारीमा जान थाले त्यस पश्चात मात्र संयुक्त परिवार बाट एकल परिवारतर्फ भइ एकल परिवारको संख्या वढेर गएको भन्ने जानकारी उपस्थित उत्तरदाताहरुबाट प्राप्त भयो ।

उत्तरदाताहरुको परिवारको संरचना सम्वन्धि उत्तरदाताहरु सँग गरिएको अन्तर्क्रियाबाट प्राप्त सूचनाको आधारमा हेर्दा संयुक्त परिवार भन्दा एकल परिवारमा बढि बसोबास गर्ने गरेको पाईयो । उत्तरदाताहरुबाट प्राप्त तथ्यांकलाई हेर्दा आमा-बुवा, दाजु-भाउजु, र छोरा-छोरी सँगै बस्ने परिवारको संख्या १३ परिवार भेटिए । यी परिवारहरुको परिवारमा सदस्या संख्या औषतमा ४ जना देखि ७ जना मात्र रहेको भेटियो । १ परिवारमा जम्मा १३ जना सदस्य रहेको भेटियो । तर ति परिवारको शहरमा पनि घर भएको कारण सबै सदस्य गाउँ र शहर दुबै क्षेत्रमा बसोवास गर्ने गरेको पनि पाईयो । र अन्य ११ परिवारहरुको पारिवारिक अवस्थालाई हेर्दा सानो संरचनामा बसोबास गरेको जसको औषतमा सदस्य संख्या ४ जना देखि ६ जना सम्म मात्र रहेको भेटियो । अझ ती कम सदस्य संख्या भएका परिवामा पनि वैदेशिक रोजगारी, उच्च शिक्षा प्राप्ति, बालवालिका पढाउन, तथा सरकारी नोकरीको शिलशिलामा युवा तथा सक्रिय सदस्यहरुको शहर केन्दित हुने ट्रेनको कारण गाउँमा वृद्धवृद्धा हरु मात्र त कुनै परिवारमा एक जना आमा मात्र रहेको भेटियो । जसले गर्दा मेरो अन्तरक्रियामा धेरै उत्तरदाताहरु ५० वर्ष उमेर पुरा भइसकेका र केही कम संख्या ५० वर्ष भन्दा कम उमेरका ५ जना संलग्न भए जो सबै महिला मात्र थिए ।

यस प्राप्त तथ्यांकलाई हेर्दा वैदेशिक रोजगारीको कारण आर्थिक स्थितिमा सुधार हुन थालेको र आर्थिक अवस्थामा सुधार भएसँगै हरेक मानिसहरु सहर केन्द्रित हुदै गएको कारण परिवारको संरचना पनि संयुक्त परिवारबाट एकल र साना परिवारमा परिणत हुन पुगेको मान्न सकिन्छ ।

## ४.६. वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको देशगत विवरण

वैदेशिक रगारमा संलग्न हुन कानुनी मान्यता अनुसार १८ वर्ष भन्दा कम उमेत हमुहका मानिसहरु वैदेशिक रोजगारमा जान नपाउने भएकाले यो भन्दा कम नेरलाई शोधमा राखिएन । यस अनुसार उत्तरदाताहरुको परिवारबाट वैदेशिक रोजगारीको सिलसिलामा कुन – कुन देशमा संलग्न छन् भन्ने विषयसंग सम्वन्धित प्राप्त तथ्यांकलाई देहायानुसार तालिकावद्ध गरिएको छ

**तालिका नं. ५ वैदेशिक रोजगारीमा संलग्न सदस्यहरुको देशगत विवरण**

| क्र. स. | देशगत विवरण | संलग्न संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दक्षिण कोरिया | १५ जना (१३ पुरुष,२ महिला) | ६० |
| २ | जापान | ७ (३ महिला,४ पुरुष) | २८ |
| ३ | कतार | ३ ( ३ पुरुष) | १२ |
| ५ | जम्मा | २५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ५ मा उल्लिखित उत्तरदाताका परिवारका सदस्यहरु संलग्न रहेका देशगत विवरणको प्राप्त तथ्यांक अनुसार हेर्दा अन्तर्क्रियामा सहभागि उत्तरदाताहरुको सदस्यहरु मुख्य ४ देशमा गएको भेटियो । यस प्राप्त तथ्यांकलाई आधारमा सवैभन्दा बढी दक्षिण कोरिया १५ जना (६० प्रतिशत), जापान ७ जना (२८ प्रतिशत), कतार ३ जना (१२ प्रतिशत) देखिन्छ । यस अनुसार सवैभन्दा बढी दक्षिण कोरियामा र सबै भन्दा कम कतार गएको पाइयो ।

यस अन्तर्गत वैदेशिक रोजगारीमा संलग्न जम्मा २५ परिवारका सदस्यहरुसँगको अन्तर्क्रियाको आधारमा वैदेशिक रोजगारीमा आवद्धरहेका सदस्यहरु कुन – कुन उमेर समुहका रहेका छन भनि लिइएको तथ्यांकका आधारमा सबैभन्दा वढि दक्षिण कोरियामा १५ जना (२ जना महिला, १३ पुरुष) रहेको पाईयो जसमा २ जना महिलाहरु २७-३० वर्षको उमेरको रहेको पाईयो । भने १३ पुरुषहरु मध्ये ४ जना २०-२५ वर्ष उमेर समुहको, ३ जना २६-३० वर्ष उमेर समुहको, ४ जना ३१-३५ वर्ष उमेर समुहको र २ जना ३६-४० वर्ष उमेर समुहको हरेको पाईयो ।जापान ७ जना (३ जना महिला, ४ जना पुरुष रहेको भेटियो । जसमा ३ महिलाहरुमा २०-२७ वर्ष उमेर समुहको र ४ पुरुषहरुपनि सोही उमेर समुहको रहेको पाईयो । त्यस्तै कतारमा ३ जना रहेको जसमा २७, ३१ र ३४ वर्ष उमेरको रहेको पाईयो ।

## ४.७. उत्तरदाताको घरको वनौटको अवस्था

घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसित सम्बन्धित हुन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ

**तालिका नं.६ वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण**

| क्र. स. | घरको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की | १५ | ६० |
| २ | कच्ची | १० | ४० |
| ३ | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं.६ मा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई विश्लेषण गरिएकोछ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार २५ घरधुरी रहेको छ । जसमा पक्की घर भएको सबैभन्दा बढी १५ घरधुरी, कच्ची घर भएको सबैभन्दा कम अर्थात १० घरधुरी (४० प्रतिशत) रहेको छ । वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई हेर्दा सबैभन्दा बढि (६०%) पक्की घर रसबैभन्दा कम (४०%) कच्ची घर भएको देखिन्छ । घरको वनावटमा पनि वैदेशि रोजगारमा संलग्न सदस्यको देश, कमाई, समय आदिले निर्धारण गरेको देखिन्छ । आर्थिक आर्जन गर्न थाले पछि विस्तारै कच्ची घरको साटो पक्की घर निर्माण हुन थालेको भन्ने बुझियो ।

## ४.८. जमिन स्वामित्वको अवस्था

जमिनलाई विभिन्न तरीकाले बुझ्न सकिन्छ अर्थात यसको विभिन्न परिवेशमा विभिन्न अर्थ हुन सक्छ तर सामान्य अर्थमा भन्नु पर्दा जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पती हो, जहाँ व्यक्ति रहन्छ, आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वा आफ्नो जीवीका सञ्चालनको माध्यम बनाउछ । तर अहिले आएर जमिनलाई नगद वा खण्डिकरण गरी घरघडेरीमा विक्री गरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरुमा खेतीपाती गर्ने वाअन्न उब्जाउनका लागि प्रयोग गर्ने गरिथ्यो । यसैगरी व्यक्ति वा परिवारसँग

भएको जमिनपनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकी आफ्नो जमिन कम र भएको जमिनमा पनि खेतीपाति राम्रो नहुने अवस्था भएमा आफूर आफ्नो परिवारको जिवीका चलाउन व्यक्ति वैदेशिक रोजगारमा संम्लग्न हुनु पर्ने अवस्था रहन्छ । वैदेशिक रोजगारमा सँलग्न परिवारको आर्थिक अवस्था अन्तर्गत जमिनको पहुँचलाई पनि लिन सकिन्छ । जमिन माथि कस्तो परिवारको कस्तो सम्वन्ध छ साथै त्यस जमिनमा हुने उब्जनीले त्यस परिवारको आम्दानीमा कस्तो र कति टेवा दिएको छ र दिन सक्छ भन्ने कुरा पनि महत्वपुर्ण मानिन्छ । यसरी जमिन माथी हुने स्वामित्व र त्यसको उपयोगिताले परिवारको आर्थिक अवस्थामा आउने परिर्वनलाई पनि विश्लेषण गरेर हेर्न सकिन्छ । यस मअध्ययन क्षेत्रका परिवार सँग के कति जमिन माथि स्वामित्व रहेको छ र त्यसले के कस्तो महत्व राखेको छ भन्ने कुरा तलको तालिकामा दिइएको तथ्याङ्क वाट हेर्न सकिन्छ ।

**तालिका नं.७ वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको विवरण**

| क्र.स. | जमिन | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ रोपनी | ९ | ३६ |
| २ | ५-१० रोपनी | ११ | ४४ |
| ३ | १० रोपनी भन्दा बढी | ५ | २० |
| जम्मा | | २५ | १०० |

स्रोतःस्थलगत सर्वेक्षण,२०८०

माथिको तालिकामा दिइएको तथ्याङ्क अनुसार अध्ययन क्षेत्र ग्रामिण ईलाका भए पनि जमिन माथीको स्वामित्व अलि कमनै देखिन्छ । ग्रामिण क्षेत्रको जमिनमा उब्जनी पनि समथ रजमिनमा भन्दा कम नै हुने गर्दछ । १० रोपनी भन्दा माथी जमिन हुने परिवारको संख्या जम्मा २० प्रतिशत मात्र रहेको देखिन्छ । सवैभन्दा धेरै ५ रोपनी देखि १० रोपनी जमिन हुने (४४%) देखिन्छ । अध्ययन क्षेत्रका घर परिवारको जमिन त्यति धेरै नभएको पाइयो । यसका साथै सहभागीले यस क्षेत्रको जमिनमा पनि एक बाली मात्र लाग्ने र अन्य बालीहरुका लागि आकाशे खेतीमा भर पर्नु परेको अवस्था तथा

परम्परागत खेती प्रणालीका आधारमा खेती गरिने भएकाले उत्पादन पनि त्यति नहुने बताए । जसले गर्दा अहिलेका युवाहरुमा खेतीपाती प्रतिको धारणामा परिवर्तन आई वैकल्पिक पेशाका रुपमा वैदेशिक रोजगार लगाएत अन्य पेशा अंगालेको कुरा बताए । यसरी कृषि पेशाले पारिवारीक जीवन चलाउन पनि धौ-धौ परिरहेको अवस्था तथा जमिन पनि घर-घडेरीका कारणले खण्डिकरण भएकोले गर्दा वैदेशिक रोजगारमा परिवारका सदस्य संलग्न हु नु परेको कुरा उत्तरदाताले बताए । वैदेशिक रोजगारमा संलग्न परिवारले जमिन बाँझो राखे पनि बजार क्षेत्रमा घर तथा घडेरी किनेको पाउन सकिन्छ ।

## ४.९. पेशा

कुनै पनि समाज तथा समुदायमा पेशा भन्नाले त्यस क्षेत्रका व्यक्तिले गर्ने कार्य वारोजगारलाई बुझ्न सकिन्छ । यो मुख्य रुपमा जीविकोपार्जन वा जिवीका अर्थात जीवन संचालन गर्नका लागि अपनाइने बाटो वा माध्यम हो । पेशालाई पनि परम्परागत तथा आधुनिक वा नयाँ गरी विभाजन गर्न सकिन्छ अर्थात पेशामा पनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसले प्रत्येक्ष रुपमा व्यक्ति वा परिवारको आय आर्जनमा असर पार्ने गर्छ किन की पेशा नै अर्थोपार्जनको माध्यम हो । यसका साथै पारिवारीक पेशाले पनि वैदेशिक रोजगारसँग सम्बन्ध राखेको हुन्छ । किन की यही पारिवारीक पेशाले उनीहरुको परिवारको जीवन वा जीविका राम्रो संग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ तर अन्यथा यो बाध्यात्मक अवस्था पनि हुन जान्छ । तालिका नं.१० मा वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं.८ वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरण**

| क्र. स. | पेसा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५ | २० |
| २ | व्यापार | १३ | ५२ |
| ३ | नोकरी | ५ | २० |

| | | | |
|---|---|---|---|
| ४ | मजदुरी | २ | ८ |
| जम्मा | | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

जब मानिसहरु वैदेशिक रोजगारीमा संलग्न हुन थाल्यो तब उनीहरुको पेसामा पनि परिवर्तन हुँदै गएको छ । वैदेशिक रोजगारमा संलग्न घर-धुरीमध्ये बढि ५२ प्रतिशत परिवारको मुख्य पेशा व्यापार गर्ने गरेको र सबैभन्दा कम मजदुरीमा ८ प्रतिशत भएको बताए । समुदायको पेशा जे जस्तो भए पनि आफ्नो गरी राखेको पेशा कृषि नै थियो कृषि पेशाबाट भएको आम्दानी निकै कम भएको बताए । जसको कारण परिवारको पालन पोषणमा समस्या भएकाले आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए । वैदेशिक रोजगारमा संलग्न भए पछि आम्दानीमा वृद्धि भएकाले केही परिवारले गर्दै आएको पेशामा परिवर्तन गरेको बताए भने केहि परिवारले कृषि पेशा छाडेर व्यापार–व्यवसायमा संलग्न भएको बताए । जसको सम्बन्ध चाहि वैदेशिक रोजगार रहेको देखियो । हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रुपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अंगाल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अंगाल्न थालेको देखियो यसैगरी नोकरीमा संलग्न भएको पारिवारीक संरचना एकात्मक देखियो यसमा पनि नोकरीमा संलग्न हुनेहरु सरकारी नोकरीमा कम र संस्थागत वा निजी अर्थात विभिन्न किसिमका कारखानामा बढी संलग्न भएको देखियो । तर पनि वैदेशिक रोजगारले परम्परागत पेशामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ ।

## ४.१० वैदेशिक रोजगारवाट माषिक आम्दानी

वैदेशिक रोजगारीमा जानुको मुख्य उदेश्य भनेको आम्दानी वढाउनु हो आर्थिक अवस्थामा वृद्धि भएपछि मानिसको साँस्कृतिक चालचलनमा पनि कही न कही परिवर्तन आए कै हुन्छ समग्रमा यसले समाजलाई नै वदलीरहेको हुन्छ । आर्थिक अवस्थामा सुधार आए पछि मानिसको सामाजिक सम्वन्धहरुमा पनि प्रभाव परिरहेको देख्न सकिन्छ साथै यसले

गर्दा समाजको परिवर्तन पनि द्रुत गतिमा भईरहेको देख्न सकिन्छ । शिक्षा, स्वास्थ्य तथा सञ्चारमा मानिसको पहुँच वढ्दै गएको देखिन्छ । सरकारी विद्यालयमा आफ्नो छोराछोरीलाई पढाउनुको सट्टा नीजि विधालयमा पढाउने सरकारी अस्पतालको साटो नीजि अस्पतालमा उपचारको लागि जाने चलन वदीरहेको छ । राम्रा सञ्चारका उपकरण खरिद गर्ने साथै महँगा र आधुनीक घरहरुको निर्माण गर्ने पनि चलन विकास भईरहेको छ । यस कारणले गर्दा वैदेशिक रोजगारीको कारणवाट प्राप्त वार्षिक आम्दानीले समाजमा महत्वपुर्ण परिवर्तन देख्न सकिन्छ वैदेशिक रोजगारवाट प्राप्त माषिक आम्दानीको विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.९ वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण**

| क्र. स. | देशगत | आम्दानीको विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | कोरिया | २ लाख देखि ४ लाख सम्म | १५ | ६० |
| २ | जापान | १लाख ५० हजारदेखि २ लाख ५० हजार सम्म | ७ | २८ |
| ३ | कतार | ५० हजार देखि १लाख सम्म | ३ | १२ |
| **जम्मा** | | | २५ | १०० |

स्रोतःस्थलगत सर्वेक्षण,२०८०

तालिका ९ अनुसार वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको माषिक आम्दानी सम्वन्धि प्राप्त विवरणलाई हेर्दा देश अनुसार फरक–फरक रहेको देखियो । उत्तरदाताबाट प्राप्त तथ्यांकको आधारमा सबै भन्दा बढी आम्दानी दक्षिण कोरियामा हुने हरुको रहेको जसको औषतमा २ लाख देखि ४ लाख सम्म हुने गरेको । त्यसैगरी जापानमा रहने हरुको माषिक आम्दानी औषतमा १ लाख ५० हजार देखि २ लाख ५० हजार सम्म हुने गरेको पाईयो भने कतारमा रहने ३ जनाको माषिक आम्दानी औषतमा ५० हजार देखि १ लाख सम्म हुने गरेको पाईयो । यसरी प्राप्त तथ्यांकको आधारबाट सबै भन्दा बढी आम्दानी दक्षिण कोरिया मा रहने कामदारहरुको रहेको देखिन्छ भने कम कतारमा रहेन कामदारहरुको रहेको छ भन्न सकिन्छ ।

## ४.११. कृषि कार्य प्रणालीमा आएको परिवर्तन

वैदेशिक रोजगारीमा संलग्न भए पश्चात कृषि कार्य प्रणालीमा आवद्ध २० प्रतिशत मात्र रहेको पाईयो । ती २० प्रतिशतलाई १०० प्रतिशत मानि विश्लेषण गरिएको हो । यस तथ्यांकको आधारमा वैदेशिक रोजगारीले कृषि प्रणालीमा प्रत्येक्ष रुपमा प्रभाव पारेको देखिन्छ । यसले कृषि कार्य आर्थिक सहकार्य (ज्यालादारी ) विना असम्भव अवस्था सिर्जना गराएको देखियो । कृषि उत्पादन भन्दा बढी खर्च देखिएको हुँदा कृषि पेसामा समस्या देखिएको विवरणलाई तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं १०कृषि कार्य प्रणालीमा आएको परिवर्तन सम्बन्धी विवरण**

| क्र स | कृषि कार्य प्रणाली | प्रतिशत |
|---|---|---|
| १ | पर्म | २० |
| २ | ज्याला | ८० |
| **जम्मा** | | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिका नं १० आधारमा हेर्दा कृषि कार्य पर्म लगाएर खेती गर्ने परिवारको संख्या ५ अर्थात २० प्रतिशत रहेको छ भने ज्यालामा काम गराउने परिवारको संख्या २० अर्थात ८० प्रतिशत रहेको पाइयो । विगतका समयमा नेपाली समाजमा कृषि कार्य सहयोग र पर्मबाट गरिने प्रचलन थियो तर वर्तमान समयको वैदेशिक रोजगारीको बद्दो ट्रेनको कारण कृषि कार्य सहयोग पर्मबाट गरिने प्रचलनमा नै परिवर्तन आइ ज्यालामा आधारित हुन पुगेको भेटियो ।

## ४.१२. कृषि उत्पादनमा मल प्रयोग

जब मानिसहरु वैदेशिक रोजगारीमा जान थाले तब गाउँमा सक्रिय जनशक्तिको अभाव हुन थाल्यो तब मानिकहरुले पशुपालन पनि गर्न छाडे यसको प्रत्येक्ष असर कृषि क्षेत्रको उत्पादनमा परेको देखियो । कृषि उत्पादनका लागि कुन कुन मलको प्रयोग गर्दै आइरहेका छन भन्ने विषयलाई प्रष्ट रुपमा बुझ्नको लागि २० प्रतिशत परिवारलाई १०० प्रतिशत मानि गरिएको संकलित तथ्यांकलाई तालिका अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं ११ कृषि उत्पादनमा मल प्रयोग सम्बन्धी विवरण**

| क्र स | मल प्रयोग | प्रतिशत |
|---|---|---|
| १ | प्राङ्गारिक | ८ |
| २ | रासायनिक | २० |
| ३ | दुवै | ७२ |
| जम्मा | | १०० |

**स्रोत: स्थलगत सर्वेक्षण, २०८०**

उल्लेखित तालिका नं ११ को आधारमा कृषि उत्पादनका लागि मल प्रयोगको अवस्थालाई हेर्दा प्राङगारिक मल मात्र प्रयोग गर्ने एकदम न्यून मात्रामा ८ प्रतिशत देखियो, रासायनिक मलको मात्र प्रयोग गर्नेमा २० प्रतिशत र सबै भन्दा बढी दुवै मलको प्रयोग गर्ने ७२ प्रतिशत रहेको देखियो । उल्लेखित प्राप्त तथ्यांकको आधारमा पहिलाको तुलनामा मानिसहरु अहिले हरेक उत्पादनहरुमा रासायनिक मलको बढी मात्रामा प्रयोग गर्न थालेको देखिन्छ । यस्तो अवस्था सिर्जना हुनुमा जब गाउँका युवा जनशक्ति वैदेशिक रोजगारीमा जान थाले पश्चात गाउँमा मानिसहरुले गाईवस्तु पाल्न छाड्दै गएको र प्राङ्गारिक मल उत्पादनमा हुन पुगेको हुँदा रासायनिक मलको प्रयोग गर्न पर्ने अवस्था सिर्जना भएको भन्ने बुझियो ।

## ४.१३. खेत बारी उपयोगको अवस्था

वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको परिवारको खेतबारीको उपयोगको अवस्थालाई वैदेशिक रोजगारीमा गए पश्चात खेत, बारी बाँझो हुन पुगेका प्राप्त तथ्तांकलाई तालिकामा प्रस्तुत गरिएका छ ।

**तालिका नं १२ खेत र बारी वर्तमान उपयोगको विवरण**

| **जमिन रोपनीमा** | **खेत** | | **बारी** | | **जम्मा जमिन रोपनी** | **जम्मा परिवार** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| | उपयोग भइरहेको | बाँझो अवस्था | उपयोग भइरहेको | बाँझो अवस्था | | | |
| १-५ | ३ | - | ३ | - | ६ | ५ | २० |
| ५-१० | ५ | १ | ३ | ३ | १२ | १० | ४० |
| १०भन्दा माथि | १२ | ६ | १३ | ७ | ३८ | १० | ४० |
| जम्मा | २० | ७ | २१ | ८ | ५६ | २५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं १२ अनुसार खेतबारीको वर्तमान उपयोगको अवस्थालाई हेर्दा १-५ रोपनी हुने जम्मा ५ परिवार रहेको जसको ५ रोपनी बारी रहेकोमा सवै उपयोग भएको बाँझो अवस्थामा नरहेको र यि परिवारहरुको जम्मा खेत ५ रोपनी नै रहेको जसमा तीनै रोपनी उपयोग भइरहेको भेटियो यि ५ परिवारको जम्मा खेतबारी ६ रोपनी रहेको पाइयो । ५-१० रोपनी हुने जम्मा १० परिवार भेटियो जसमा जम्मा बारी ६ रोपनी रहेकोमा ५ रोपनी उपयोग भइरहेको र रोपनी बाँझो रहेको र जम्मा ६ रोपनी खेत मध्य ३ रोपनी उपयोग भइरहेको र ३ रोपनी बाँझो अवस्थामा रहेको पाइयो । भने १० रोपनी भन्दा माथि जमिन हुने परिवार जम्मा १० रहेको जसको जम्मा बारी १८ रोपनी रहेको जसमा १२ रोपनी उपयोग भइरहेको र ६ रोपनी बाँझो अवस्थामा रहेको पाइयो भने यि परिवारको जम्मा २० रोपनी मध्ये १३ रोपनी उपयोग भइरहेको र ७ रोपनी बाँझो अवस्थामा रहेको पाइयो । यस अध्ययन अनुसार हेर्दा यि २५ परिवारको खेतबारी जम्मा ५६ रोपनी जसमा बारी २७ रोपनी र खेत २९ रोपनी पाइयो । जसमा जम्मा २७ रोपनी बारी मध्ये २० रोपनी उपयोग भइरहेको र ७ रोपनी बाँझो अवस्थामा रहेको पाइयो । भने त्यस्तै जम्मा २९ रोपनी खेत मध्ये २१ रोपनी उपयोग भइरहेको र ८ रोपनी बाँझो अवस्थामा रहेको पाइयो ।

## ४.१४. पशुपालन

सामान्य अर्थमा पशुपंक्षीको सम्वन्ध कृषिसँग रहने गर्दछ । विशेष ग्रामीण परिवेश जहाँ खेतीपाती गरिन्छ त्यस क्षेत्रमा पशुपंक्षी बढी मात्रामा पाल्ने गरेको देखिन्छ । यसका अलवा पशुपंक्षीलाई हामि नगदका रुपमा पनि लिन सक्छौँ भने पशुपंक्षी पाल्ने कार्यमा सामाजिक, साँस्कृतिक मूल्य मान्याताले पनि प्रभाव पारेको देखिन्छ ।

### ४.१४.१. पहिला पालेको पशुपंक्षीको विवरण

कृषि पछिको आर्थिक गतिविधिमा महत्वपूर्ण स्थान पशुपालनले लिएको थियो । पशुपालनमा गोरु, गाइ, भौंसी, बाख्रा, सुँगुर र कुखुरा नै प्रमुख रुपमा थियो । गाइ, भैंसी दुध उत्पादन र कृषि कार्यका लागि मलको प्रयोगका लागि पाइयो भने बाख्रा, कुखुरा तथा सुँगुर नगद कारोबारका रुपमा रहेको पाइयो साथै बाख्रा नगद लगाएत मलको लागि समेत रहेको भटिए र गोरु कृषि कार्यका लागि जोत्नका लागि पाल्दै आएका पाइयो । त्यस क्षेत्रमा रहेको पशुपालनको स्वामित्वको विवरण तल तालिकाको माध्यमबाट प्रष्ट पारिएको छ ।

**तालिका नं १३- पशुपालन स्वामित्वको विगतका विवरण**

| **पशुको किसिम** | परिवार संख्या | |
|---|---|---|
| | हुने | नहुने |
| गाइ, गोरु | २५ | - |
| भैंसी | १५ | १० |
| बाख्रा | २५ | - |
| सुँगुर | १७ | ८ |
| कुखुरा | २५ | - |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. १३ अनुसार कुनै न कुनै किसिमका पशुपालन नगरेको नगरेको घरधुरी भेटिएन । नमुना घरधुरी २५ मध्ये गाइ, गोरु पाल्ने २५ परिवार भेटिए जसमा नपाल्ने चाँही भेटिएन, जसमध्ये भैंसी पाल्ने परिवा१५

र नपाल्ने १० परिवार, बाख्रा पाल्ने २५ सै परिवार, सुँगुर पाल्ने १७ परिवार र नपाल्ने ८ परिवार र कुखुरा २५ सै परिवारले पाल्ने गरेको पाइयो । यस प्राप्त तथ्यांक अनुसार हेर्दा वैदेशिक रोजगारीमा जान शुरु नहुँदाको समयमा हरेको परिवारले प्रसस्त मात्रामा पशुपंक्षी पाल्ने गरेको भन्ने बुझियो ।

### ४.१४.२. अहिले पालेको पशुपंक्षीको विवरण

उनिहरुको कृषि क्षेत्रको स्थिति हेर्न अहिले पालेको पशुपंक्षीको अवस्था हेर्नु आवश्यक देखिन्छ । त्यस क्षेत्रको हालको पशुपंक्षीको अवस्था हेर्दा गाइ, गोरु, भैंसी, बाख्रा, सुँगुर, कुखुरालाई वर्गिकरण गरी अध्ययन गर्न उपयुक्त मानिने हुँदा जसलाई वर्गिकरण गरी तालिकावद्ध गरिएको छ ।

**तालिका नं १४- पशुपालन स्वामित्वको वर्तमान विवरण**

| पशुको किसिम | परिवार संख्या | |
|---|---|---|
| | हुने | नहुने |
| गाइ, गोरु | १० (एक हल गोरु मात्र) | १५ |
| भैंसी | - | २५ |
| बाख्रा | ७ (५-१० वटा मात्र) | १८ |
| सुँगुर | १० (धेरैले प्राय:१वटा) | १५ |
| कुखुरा | २५ (अन्यको तुलनामा केहि पाल्दै रहेको) | - |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं १४ अनुसार हेर्दा पहिलाको तुलनामा पशुपालन गर्ने परिवारको सोँच कम हुँदै गइरहेको देखिन्छ । यस सर्वेक्षणको प्राप्त विवरण अनुसार हेर्दा अनुसन्धानका लागि छनौट गरिएका २५ परिवा मध्ये २५ सै परिवारले भैंसी पाल्न छाडेको भेटियो । गाइगोरु पाल्ने १५ परिवार जसमा मात्र एक हल गोरु पाल्ने गरेको भेटियो, २५ परिवार मध्ये ७ परिवारले बाख्रा पाल्ने जसमा बाख्राको संख्या ५-१५ मात्र पाल्ने गरेको पाइयो, सुँगुर २० परिवारले पाल्ने गरेको जसमा प्राय: परिवार मध्ये १ र कुनैले २ वटा सम्म

पाल्ने गरेको पाइयो र २५ परिवार मध्ये २५ सै परिवारले कुखुरा पाल्ने गरेको जुन अन्यको तुलनामा अलि बढि पालन गर्दै आएको पाइयो ।

अहिलेको समयमा मानिसहरु विदेश जाने र घरका केही सक्रिय सदस्यहरु पनि पढाइको सिलसिलामा, बालबालिकाको पढाइको बहानामा तथा रोजगारीको सिलसिलामा शहरी क्षेत्रतर्फ सर्ने बढ्दो क्रमका कारणले गर्दा ग्रामीण क्षेत्रमा सक्रिय जनशक्ति कम हुँदै गएको हुँदा पशुपालन गर्ने मानिसहरु कम मात्रामा रहेको पाइयो । आधुनिक कृषि प्रणालीको बढ्दो विकास हुँदै गइरहेको अवस्था भएता पनि यस क्षेत्रलाई भने छुन सकेको देखिँदैन । जसमा कृषि कार्य गर्न छाढ्दै आएको देखिन्छ जसको कारण जमिन बाझो छाढ्ने क्रम बढ्दै गएको भेटियो । जुन पशुपालनबाट प्राप्त हुने गोबर मल पशुपालनको कमि हुँदै गएको कारण कृषि बालीमा रासायनिक मलको प्रयोग बढ्दै गइरहेको भेटियो ।

## ४.१५. कृषि उत्पादन

सामान्य अर्थमा उत्पादन भन्नाले कृषि बाट उब्जनी हुने खाद्यन्नलाई बुझाँउछ । विशेषत: ग्रामीण परिवेश जहाँ खाली जग्गा जमिन रहेको छ । त्यस स्थानमा मानिसको बसोबास हुने गर्दछ । कृषि उत्पादनको घट्दो दरका कारण मानिसको जिवीकोपार्जनमा प्रमुख भूमिका खेल्दछ । अध्ययन क्षेत्रमा के कस्ता बाली उत्पादन हुन्छ भनी सोधिएको प्रश्नमा उत्तरदाताका अनुसार प्राप्त तथ्यांकलाई यसरी प्रस्तुत गरिएको छ ।

### ४.१५.१ पहिलेको कृषि क्षेत्रको उत्पादनको विवरण

कृषि क्षेत्रबाट उत्पादित खाद्यन्नले कुनै पनि व्यक्ति वा परिवारको जिवन निर्वाहमा प्रत्येक्ष भूमिका खेलेको हुन्छ । कृषि उत्पादन नहुने हो भने मानव जीवन सञ्चालन असम्भव नै हुने हुन्छ । तलको तालिकामा यस क्षेत्रमा अन्य उत्पादनहरुको विवरणहरु यसरी तालिकावद्ध गरिएको छ ।

**तालिका नं १५ पहिलेको उत्पादन विवरण**

| विवरण | प्रतिशत |
|---|---|
| नगदे वाली | २० |

| | |
|---|---|
| खाद्यवाली | ६८ |
| अन्य | १२ |
| **जम्मा** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं १५ अनुसार पहिले कृषि क्षेत्रमा बालीको उत्पादनलाई हेर्दा सबै भन्दा बढि खाद्यन्न बाली १७ परिवार अर्थात (६८) प्रतिशत मानिसहरुले उत्पादन गर्ने गरेको पाइयो । त्यसैगरी नगदे बालीमा ५ परिवार अर्थात् (२०) प्रतिशत परिवार संलग्न रहेको पाइयो भने सबै भन्दा कम ४ परिवार अर्थात (१२) प्रतिशत परिवार अन्य बाली उत्पादनमा संलग्न रहेको पाइयो । प्राप्त तथ्यांकलाई हेर्दा पहिला पहिला मानिसहरुको बढी मात्रामा खाद्यन्न बाली लगाउने गरेको बुझियो ।

## ४.१५.२.अहिले कृषि क्षेत्रको उत्पादनको विवरण

यस अध्ययन क्षेत्रमा अहिलेको कृषिको अवस्थालाई हेर्दा सन्तोषजनक अवस्था देखिदैन । कुनै पनि मानिसको जीवन सञ्चालन गर्न खाद्यन्न अत्यावश्यक कुरा हो । यस अनुसार कृषि क्षेत्रमा धेरै परिवर्तन भइरहेको छ । जसलाई तालिकावद्ध गरिएको छ ।

**तालिका नं १६ अहिलेको उत्पादन विवरण**

| विवरण | प्रतिशत |
|---|---|
| नगदेबाली | ४० |
| खाद्यबाली | ३२ |
| तरकारी तथा फलफूल | २० |
| अन्य | ८ |
| **जम्मा** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

कृषि पेसा गर्ने जम्मा संख्याको २० प्रतिशतलाई १०० प्रतिशत मानि हेर्दा तालिका नं १६ का अनुसार नगदेबाली गर्ने परिवार १० अर्थात (४०) प्रतिशत

रहेको पाइयो । त्यस्तै खाद्यवालीमा संलग्न परिवार ८ अर्थात (३२) प्रतिशत रहेको पाइयो । तरकारी तथा फलफूल उत्पादनमा संलग्न परिवार ५ अर्थात (२०) प्रतिशत र अन्य उत्पादनमा संलग्न परिवार २ अर्थात (८) प्रतिशत रहेको पाइयो । यस सम्वन्धि प्राप्त तथ्यांकलाई पहिला र अहिलेको अवस्थासँग तुलनात्मक रुपमा हेर्दा मानिसहरु अहिले बढी मात्रामा नगदे बाली उत्पादन गर्ने सुरुगरेको देखिन्छ ।

## ४.१६. कृषि प्रणाली

सामान्य अर्थमा खेती गर्दा अपनाउने तरिकालाई कृषि प्रणाली भनिन्छ । आजको आवश्यकता अनुसार आधुनिक प्रणालीको विकास गर्दै जानु पर्ने देखिन्छ । जनसंख्या वृद्धि र बजारको प्रतिस्पर्धालाई ध्यानमा राखी कृषि प्रणालीको विकास हुन आवश्यक देखिन्छ ।

**तालिका नं १७ कृषि प्रणालीको विवरण**

| क्र स | विवरण | प्रतिशत |
|---|---|---|
| १ | आधुनिक खेती प्रणाली | २० |
| २ | परम्परागत खेती प्रणाली | ८० |
| **जम्मा** | | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका नं १७ अनुसार जम्मा २५ परिवार मध्ये परम्परागत खेतीमा २० परिवार अर्थात ८० प्रतिशत संलग्न भेटिए जसमा आधुनिक कृषि प्रणाली अपनाएका परिवारको संख्या ५ अर्थात (२० प्रतिशत रहेको भेटियो । यसबाट के कुरा बुझ्न सकिन्छ भने मानिसहरुको वैदेशिक रोजगारीले आर्थिक अवस्था सुधार भए तापनि यसको उपयोग कृषि क्षेत्रमा हुन भने नसकेको भन्न बझिन्छ ।

## ४.१७. वैदेशिक रोजगारीले कृषि प्रणालीमा पारेको प्रभाव सम्वन्धि विश्लेषण

कुनै पनि श्रमिक तथा कामदारले आफ्नो देशभ्दा बाहिर अन्य देशहरुमा गएर काम गर्नु वैदेशिक रोजगारी हो । नेपालको वर्तमान सन्दर्भलाई अध्ययन गर्दा वैदेशिक रोजगारीका लागि विदेशिने ट्रेन वढ्दो मात्रामा देखिन्छ । यही अवस्थामा नेपालको कुनै पनि क्षेत्रलाई वैदेशिक रोजगारीमा संलग्न हुने अवस्थाबाट अलग गहन सकेको देखिदैन । वैदेशिक रोजगारीमा संलग्न रहेका अधिकांश क्षेत्र मध्ये उदयपुर, ताप्ली - १ ओख्ले पनि अछुत रहन सकेको देखिदैन । यस क्षेत्रबाट पनि विगत पाँच वर्ष देखिको वर्तमानमा वैदेशिक रोजगारीमा संलग्न हुने दर उल्लेखनीय मात्रामा बढ्दै गइरहेको छ ।

## ४.१८. वैदेशिक रोजगारीमा संलग्न हुनु पुर्व र संलग्न हुनु पश्चात कृषि प्रणालीमा आएको परिवर्तन सम्वन्धि तुलनात्मक विश्लेषण

उत्तरदाताहरुका अनुसार यस क्षेत्रमा वैदेशिक रोजगारीमा जानु पुर्व र वैदशिक रोजगारीमा जान शुरुवात गरे पश्चात कृषि कार्य प्रणालीमा आएको

परिवर्तनसँग सम्वन्धित अन्तर्क्रियामा सहभागी उत्तरदाताहरुले दिएको सुचनालाई वैदेशिक रोजगारीमा जानु पुर्व (५ वर्ष अगाडी ) र वैदेशिक रोजगारीमा जान सुरुवात गरे पश्चात (वर्तमान) अवस्था गरी तहगत रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१८.१. वैदेशिक रोजगारीमा संलग्न हुनु पुर्व (५ वर्ष अगाडी) को कृषि कार्य प्रणाली

उत्तरदाताहरुसँगको अन्तरक्रियाबाट प्राप्त सूचमा अनुसार त्यस क्षेत्रका कृषि कार्य गर्ने प्रक्रिया अर्मपर्म, खेतलामा आधारित गहेको थियो । जव अन्न वाली लगाउने, गोडमेल गर्ने, उठाउने समयको सम्मको कुरा हुन्थ्यो त्यस्तो समयमा सामुहरिक रुपमा सवैको पालैपालो काम गर्ने प्रचलन थियो । त्यो समयमा सवैमा सामुहिक भावना थियो केही समस्या पर्दा पनि कसैलाई बोलाउन जान नै नपर्ने सबै एकजुट भई जुटिहाल्थ्यो ।

त्यो समयमा कृषिकार्य गर्नमा कुनै पनि समस्या परेको महसुस गर्न पर्दैन थियो र कृषि कार्य गर्नका लागि पनि पैसा नै खर्च गर्न नपर्ने थियो । साथै त्यस समयमा सबै परिवाहरुले धेरै पशुपंक्षीहरु पाल्ने गरेको र कृषि उत्पादनमा पनि त्यही गाइवस्तुको मलको मात्र प्रयोग गर्ने अन्य रासायनिक मलहरु प्रयोग नै नगरेको जानकारी दिनुभयो । त्यस समयमा उत्पादन पनि राम्रो हुने गरेको त्यस्ता उत्पादित बालीनालीहरुमा कुनै रोग पनि लाग्ने नगरेको कारण विषाधीजन्य पदार्थको प्रयोग नै नगरिएको कुरा बताउनुभयो ।

समय वितेसँगै गाउँघरबाट पनि युवावर्ग वैदेशिक रोजगारीका शिकशिलामा विदेशीने ट्रेन वद्दै जान थाल्यो । यसले गाउँ विविध गतिविधिहरुमा सकारात्मक तथा नकारात्मक असर पर्न गएको छ । वैदेशिक रोजगारीबाट वढी मात्रामा प्रभावित भएको क्षेत्र कृषि रहेको जानकारी दिनुभयो ।

### ४.१८.२. वैदेशिक रोजगारीमा संलग्न भए पश्चात (वर्तमान ) को कृषि कार्य प्रणाली

उत्तरदाताका अनुसार जब गाउँका युवावर्गहरुको दिनानुदिन वैदैशिक रोजागारिना संलग्नदर वढ्दै जान थाल्यो त्यस पश्चात गाउँ युवा विहिन अवस्थामा पुग्न थाल्यो । गाउँमा युवा जनशक्ति नहुँदा गाउँका हरेक कार्य गर्ने प्रक्रियामा प्रभाव पारिरहेको छ । भने सवैभन्दा बढी प्रभावित भएको क्षेत्रको रुपमा कृषि क्षेत्र रहेको छ । यस क्षेत्रमा युवावर्गको दिन प्रतिदिन वैदेशिक रोजगारीमा जाने बढ्दो दरका कारण पहिला अर्मपर्ममा चल्दै आएको कृषि कार्यमा पनि विस्तारै ज्यालादारीमा परिवर्तन हुँदै गयो यसले कृषि वाली लगाउने समयमा ज्याला दिइ कामदार खोजेर लगाउन पर्ने अवस्था सिर्जना हुँदै गयो । साथै यहाँको वर्तमानलाई हेर्दा त ज्यालामा समेत कामदार भेटिन छाडेको छ । ज्यालामा काम गर्ने कामदार समेत गाउँमा उपलब्ध नरहेका कारण कृषि कार्यका लागि कामदार खोज्न अन्यत्र ठाउँ जान पर्ने । कामदार खोज्न जाने घरमा कोही सक्रिय सदस्य समेत नरहेको र यदि खोज्न गएर ल्याइयो भने पनि एकदमै महँगो ज्याला दिनुपर्ने कामदारलाई आफ्नो जमिनबाट उत्पादन हुने अन्नको मूल्य भन्दा बढी ज्याला नै दिनुपर्ने अवस्था सिर्जना भएको हुँदा हाम्रा अधिकांश उत्पादन योग्य जमिजहरु बाँझै छाडेका छौं । आधुनिक प्रविधिको प्रयोग गर्न पनि भौगोलिक बिकटताका कारण सम्भव नै छैन त्यसै कारण हामी हाम्रा उत्पादित भुमी बाँझो राख्नपर्ने बाध्यात्मक परिस्थितिमा छौ भन्ने कुराको जानकारी उत्तरदाताहरुबाट प्राप्त भयो।

## ४.१९.वैदेशिक रोजगारीले कृषि उत्पदनमा आएको परिवर्तन

यस अध्यनका लागि संलग्न उत्तरदाताहरुसँगको अन्तर्क्रियाबाट त्यस क्षेत्रका उत्पादनमा वैदेशिक रोजगारीमा जानु पुर्व (५ वर्ष अगाडी) र वैदेशिक रोजगारीमा जान धुरुवात गरे पश्चात (वर्तमान) अवस्था सम्वन्धि प्राप्त सूचनालाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१९.१. वैदेशिक रोजगारीमा जानु पूर्व (५ वर्ष अघि) को कृषि उत्पादनको अवस्था

उत्तरदाताहरुको परिवारवाट कुनै पनि सदस्य वैदेशिक रोजगारीमा जानु पूर्व त्यस क्षेत्रमा कृषि कार्य गर्नमा कुनै किसिमको समस्या / कठिनाइ

नरहेको कारण सवै खेतीयोग्य जमिनहरुमा समयानुकुल खाद्यन्न वालीहरु लगाउने गरेको पाइयो । त्यो समयमा उत्तराताहरुको एउटै समयमा वारीहरुमा मकै उत्पादन हुने समयमा मकैसँगै भटमास, बदाम, सिमी 'जस्ता बाली एकै समायमा एकै ठाउँमा एकै पटक र हिउदे यामामा पनि बारीमा गहुँ लगाउने गरेको र खेतमा दुई बाली धाम उत्पादन गर्ने गरेको (चैत्र त साउन) । यसरी उत्पादित खाद्यन्न वालीले आफ्ना परिवारलाई वर्षभरी खान पुग्ने र केही विक्री समेत गरी घर व्यवहार चलाउन र बालवालिकालाई स्थानीय विद्यालयहरुमा पठापाठन गराउन समेत पुग्न गरेको र त्यस समयमा आम्दानीको प्रमुख स्रोतको रुपमा नै कृषि रहेको थियो भन्ने कुरा जानकारी गराउनुभयो ।

५ वर्ष भन्दा अगाडीसम्म यस क्षेत्रमा वैदेशिक रोजगारीमा मानिसहरुको संख्या धेर नै न्यून थिए । युवाजनशक्ति प्रशस्त गाउँमा पाइन्थ्यो । गाउँका कसैको पनि भुमि वाँझो रहेको देखिदैन थियो । सबै युवाहरु कृषि कार्यमा नै संलग्न थिए तर विस्तारै वैदेशिक रोजगारीका लागि युवा विदेशीने ट्रेन गाउँघरमा भित्रियो तव गाउँ दिनानु दिन युवा विहिन हुँदै आएको छ । यसैको परिणाम स्वरुप हाम्रो क्षेत्रको उत्पादनमा न्यूनता आएको भन्ने उत्तरदाताहरुले जानकारी गराउनुभयो ।

### ४.१९.२.वैदेशिक रोजगारीमा संलग्न पश्चात वर्तमान को कृषि उत्पादनको अवस्था

उत्तरदाताहरुको परिवारका सदस्यहरु वैदेशिक रोजगारीमा जान सुरुवात गरे पश्चात यस क्षेत्रको कृषि उत्पादनको अवस्थामा पनि विस्तारै परिवर्तन आउदै जान थाल्यो । यस्तो हुनुमा जव हाम्रा यस क्षेत्रबाट वैदेशिक रोजगारीका लागि विदेशिने युवाको दर दिन प्रति दिन बढ्न थाल्यो तव गाउँ विस्तारै युवा विहिन हुँदै गइरहेको कारण कृषि उत्पादनका लागि जनशक्तिको अभाव सिर्जना हुन पुगेको छ । अहिले गाउँमा हामि जस्ता काम गर्न नसक्ने अनि सहरी क्षेत्रतर्फ जान पनि कुनै वाहाना नभएकाहरु मात्र वढ्दो संख्यामा छौ । गाउँमा युवाका नाममा नमुना समेत पनि भेटिन छाडेका छन् । कृषि उत्पादनका लागि युवा जनशक्तिको आवश्यकता पर्ने

हुँदा युवा विदेश पलायनको बढ्दो दरका कारण कृषिको उत्पादन क्षेत्रमा प्रत्येक्ष रुपमा नकारात्मक असर परिरहेको छ ।

वैदेशिक रोजगारीले हरेक परिवारको आर्थिक स्थितिमा सुधार भएसँगै परिवारबाट अनेकन वहानामा गुणस्तरीय शिक्षा हाँसिल गर्न, बालवालिका पढाउन लगायतका लागि समेत सहरी क्षेत्रमा सक्रिय जनशक्तिहरु बसाइँसराइ भई कृषि उत्पादन गर्ने समयमा जनशक्तिको अभाव भएको र कृषि उत्पादनको समयमा अन्यत्र स्थानबाट श्रम शक्ति ज्यालामा खोजेर लगाउन पर्ने । त्यसरी सकसपुर्ण तरिकाबाट वल्ल तल्ल गरी जुटाइएका श्रम शक्ति एकमै महँगो ज्यालामा लगाउन पर्छ ती श्रमिकलाई दिने ज्यालाको दर नै उत्पादित भुमिको उत्पादन दर भन्दा बढि पर्न थालेको छ कृषिका लागि गाउँमा जनशक्तिको अभाव र जुटाइएका श्रमिकको महँगो ज्यालाका कारण हाम्रा अधिकांश उत्पादित भुमि बाध्यतावस बाँझो छाड्न बाध्य भएका छौं ।

पहिले गाउँबाट वैदेशिक रोजगारीमा जान सुरुवात नभएसम्म अधिकांश परिवारलाई आफ्नै उत्पादनले खान सामान्य घरव्यवहार चलाउन वालवच्चालाई पढाउन सम्मका कार्य यही कृषि उत्पादनमा नै आधारित थियौं । तर अहिले वैदेशिक रोजगारीको दर बढेपश्चात हाम्रो कृषि क्षेत्रको उत्पादन त शून्य जस्तै भएको छ र परिणाम स्वरुप खाद्यन्नका हरेक सामान बजारबाट आयात गर्नुपर्ने पुरै बजार केन्द्रित बनेका छौं ।

वैदेशिक रोजगारीले गर्दा हाम्रा जस्ता अन्य धेरै गामिण इलाकाहरु पनि युवा विहिन हुन पुगेको हुनसक्छ यस्तो अवस्थाले कृषि क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । यसरी देशका उत्पादनयोग्य भुमीहरु बाध्यात्मक परिस्थिति बाट बाँझो अवस्थामा रहिरहँदा सिंगो देशको उत्पादनमा नै कमी हुन गइ खद्यन्न संकट सिर्जना हुने गर्दछ र त्यस्ता खाद्य संकटलाई नियन्त्रण गर्न राज्यले ठुलो मात्रामा अर्थतन्त्र खर्चगरी खाद्यन्न आयात गर्ने गरेको सुनिन्छ । वैदेशिक रोजगारीले केही क्षेत्रहरुमा सकारात्मक प्रभाव पारेको भए तापनि हाम्रा कृषि क्षेत्रमा भने प्रत्येक्ष रुपमा नकारात्मक असर पारको छ भन्ने जानकारी उत्तरदाताहरुबाट प्राप्त भयो ।

यस अध्ययनका लागि २५ जना उत्तरदाताहरुसँग गरिएको व्यक्तिगत तथा सामुहिक रुपमा यस क्षेत्रको जग्गा जमिनको उपयोग र वर्तमान कृषि उत्पादनको अवस्थाको सम्वन्धि विषयको अन्तरक्रियाबाट समग्रमा कृषि उत्पादन घट्दै गइरहेको र अधिकांश जमिनहरु बाँझो अवस्थामा रहेको भन्ने तथ्य प्राप्त भयो ।

## ४.२०. वैदेशिक रोजगारीमा जानुको कारण

यस क्षेत्रका अधिकांस परिवारका १/२ जना सदस्य वैदेशिक रोजगारीका सिलसिलामा विदेसमा रहेको कुरा उत्तरदाताहरुसँगको अन्तर्क्रियाबाट जानकारी लिइयो । यससँग सम्वन्धित आवश्यक तथ्यांकका लागि अन्तर्वारता साथै सामुहिक छलफल समेत गरियो । यस सम्वन्धि उत्तरदाताहरुबाट प्राप्त वैदेशिक रोजगारीमा सक्रिय युवा जनशक्ति विदेशिनु पर्नाको कारणलाई समग्रमा तल प्रस्तुत गरिएको छ ।

### ४.२०.१. बेरोजगारीको कारण

प्रत्येक वर्ष समग्र नेपालबाट पाँच लाख मानिसहरु श्रम बजारमा बाहिरिन्छन् । यस गाउँपालिकाबाट पनि वार्षिक रुपमा ३०० युवा विदेशीने गरेको पाइन्छ । विश्वव्यापी पूँजीवादको प्रभावले नेपालको नवउदारवादी अर्थतन्त्रको कारणले भएका सरकारी उद्योगहरु केही बन्द भए केही निजीलाई जिम्मा दिए । नयाँ उद्योगमा राज्यको लगानी छैन जुन मात्रामा नयाँ उद्योगहरु खुल्न सकेको छैन । हाम्रो समाजमाको चरित्र दलाल अर्थतन्त्र हो यसको प्रभावले हरिक तहमा उद्योगहरु कलकारखानाहरुमा लगानी गर्ने भन्दा पनि विदेशबाट सामान ल्याउने र बेच्ने त्यसबाट आएको मुनाफाले बाँच्ने भएकोले रोजगारीको सिर्जना हुन सकेको छैन जसका कारणले हरेक वर्ष श्रम बजारमा निक्लने ति पाँच लाख मानिसहरुको रोजगारीको ग्यारेन्टी राज्यले गर्न नसकेको कारण विदेश जाने विर्णय निर्विकल्प बनेको छ ।

### ४.२०.२. गरिबीको कारण

विदेशिनुको अन्य थुप्रै कारण भए तापनि मुख्य कारण गरिबी र अभाव नै हो । हरेक दिन विदेशिने मध्ये अधिकांश गरिबीको रेखामुनी रहेका नागरिकहरु रहेको देखिन्छ । नेपालको अहिलेको तथ्यांक अनुसार आज पनि १७ प्रतिशत मानिसहरु गरिबीको रेखामुनी छन् । भने यस उदयपुर, ताप्लि गाउँपालिकामा जम्मा ६ प्रतिशत मानिसहरु गरिब रहेको तथ्यांक पाईयो । गरिबीको सम्बन्ध स्वास्थ्य, शिक्षा, आधारभुत आवश्यकतासँग जोडीएको हुन्छ । जो गरिब छन् तिनीहरुले न राम्रो शिक्षा प्राप्त गर्न सक्छन न त उनीहुको स्वास्थ्य नै राम्रो हुन्छ । शिक्षामा राम्रो नभएपछि देशमा उपलव्ध अवसरहरुमा उनीहरुको पहुँच पुग्दैन । उनीहरुसँग ब्यापार ब्यावसाय गर्न सक्ने पहुँच हुदैन । तसर्थ उनीहरुको अन्तिम विकल्प भनेको वैदेशिक रोजगारी नै हो । जिवीकोपार्जनका लागि देशका गरिब नागरिकहरु अदक्ष कामदारको रुपमा विभिन्न मुलुकम पुग्दछन् । त्यहाँ पनि दु:ख पाउने, अप्ठ्याराहरु खेप्ने तीनै हुन्छन् । गरिबीका कारण देशमै अवसरका ढोकाहरु खोल्न नसक्ने भएपछि विदेशिन बाध्य छन् ।

## ४.२०.३. सामाजिक कारण

यतिवेला कुन मानिस कति पहुँचको हो भन्ने कुराको निर्धारण उसको खर्चको आधारमा हुन थालेको छ । उसले कुन वस्तु प्रदर्शन गर्छ अथचा कस्तो लगाउँछ, कस्तो घरमा बस्छ, कति सुविधामा बस्छ, कसरी हिँड्छ, के लगाउँछ, कसरी बोल्छ जस्ता यावत कुराहरुले मानिसको पहुँचको वर्गको विर्धारण हुने गरेको छ । अथवा सहजै पहोचान गर्न थाल्छ । उत्पादन कम भए सँगै समाजका तल्ला वर्गका मानिसहरुले त्यस्तो प्रदर्शन गर्न सक्दैनन् । प्रदर्शन त के उसले आफ्नो परिवारको लागि दैनिक उपभोग गर्न खाद्यन्नको जोहो गर्न समेत धौधौ पर्छ । जागिर खाउँ कागिर पाउँदैन । खेतबारीमा भएको उत्पादनले खान पुग्दैन । श्रमिकसँग अब बेच्नला लागि श्रम बाहेको केही हुँदैन त्यही श्रम बेच्न नि नेपालमा नपाए पछि विदेशिनु वाध्यता हो । कोही मान्छे विदेश गएर घर बनाउने मिठो मसिनो खाने ताम्रा लगाउने देखे पछि त्यसको प्रभावले नि मानिस विदेशिने गरेको पाईयो । जकसले गर्दा उनिहरु विदेश जान बाध्य भएका रहेछन् । कोही किन विदेश जान्छन भन्ने कुरा उसमा भन्दा बढी समाज जिन्मेवार हुन्छ ।

## ४.२१. सक्रिय जनशक्ति नै वैदेशिक रोजगारीमा

शोधकर्ताले २५ जना उत्तरदातासँग खुल्ला प्रशन र २ जनासँग वैयक्तिक अध्ययन गर्दा सबैभन्दा बढी दक्षिण कोरिया १५ जना गएको पाईयो, दोस्रोमा जापान ७ जना र तेस्रोमा कतार ३ जना गएको पाईयो । जसमा दक्षिण कोरिया गएका अधिकांश जनशक्ति ५-१० वर्ष सम्मका लागि गएको भेटियो, जापान जानेहरु विषेशत: अध्ययनका लागि जानेगेको हुँदा ३-५ वर्षका लागि र कतार जानेहरु २-५ वर्षका लागि गएको भेटियो । आफ्नो परिवारको जीविकोपार्जनका लागि कतै विकल्प नदेखेर देशमा नै पर्याप्त रोजगारीको अवसर प्राप्त गर्न नसक्दा धेरै शिक्षित व्यक्तिहरु विदेशियको पाईयो । लामो समय विदेश बसेर रोजगार गर्नु परेको पाईयो । आफ्नो जीवनको सबैभन्दा उर्जाशिल समय वैदेशिक रोजगारीमा विताउनु बाध्यय रहेको पाईयो । देशको सक्रिय जनशक्तिको उर्जाशिल समय नै वैदेशिक भुमिमा सिञ्चित गर्नु पर्ने तितो यथार्थ रहेको पाईयो ।

*यस सम्वन्धि विषयमा एक जना उत्तरदाता ५० वर्षिया सिताकला राई को भनाई : मेरो २ जना छोराछोरी रोजगारीको सिलसिलामा दक्षिण कोरिया गएको छ । छोरा गएको ७ वर्ष भयो भने छोरी गएको पनि ४ वर्ष भईसक्यो । मेरो छोरा र छोरी दुवै जनाले स्नातक पास गरेको थियो । आर्थिक अवस्था एकदमै न्युन भएको हाम्रो परिवारका छोराछोरीले दुख गरी स्नातक सम्मको अध्ययन त पुरा गरे तर विडम्वनाको कुरो सामान्य रोजगार समेत पाउन सकेन र विकल्पको खोजिमा अहिले विदेशिएका छन् । मेरा छोरा विदेश गए पश्चात हाम्रो आर्थिक अवस्थामा सुधार हुन सुरु भयो त्यस पछि मेरी बुहारी पनि २ बालबच्चा पढाउन काठमान्डौ शहर तिर गईन अहिले म बुढि मात्र घर हेरेर बसेको छु । छोराछोरी अव कति बर्ष सम्म त्यो कोरिया नामको विरानो भुमी बस्ने हुन कुनै ठेगाना छैन । उनीहरु भन्छन कामगर्न सके अनुसार पैसा पनि राम्रै पाएका छौं भन्छन १० वर्षसम्म वस्न पाउछ रे अव १० वर्ष पुरा भएपछि नै त आउँछन होला भन्दै हाँस्नु भयो र भन्नु भयो हाम्रो गाउँबाट त थुप्रै पो गका छन् त कोरिया जापान खै अरु कता कता हो ।*

## ४.२२. वैदेशिक रोजगारीमा संलग्न परिवारको खर्च र बचतको अवस्था

यो शीर्षक अन्तर्गत विदेशमा बसेर कमाएको पैसा कुन-कुन क्षेत्रमा खर्च गरेको रहेछ । उनीहरुले गरेको खर्च उपभोग हो कि होइन । विगतमा भन्दा कति बढि खर्च हुँदो रहेछ भनेर तुलना गर्न पनि यो शीर्षक राखिएको हो । यस अन्तर्गत मैले १० वटा शीर्षकमा केन्द्रित भएर प्रश्न गरेको छु जसलाई तल प्रस्तुत गरिएको छ ।

### ४.२२.१. दैनिक उपभोग्य वस्तु

दैनिक उपभोग्य वस्तु प्रति महहिना कुल आम्दानीको ५ देखि २० प्रतिशत सम्म दैनिक उपभोग्य वस्तु (खाना, खाजा र लत्ताकपडा लगायत) मा ७ जनाले खर्च गर्दा रहेछ । १५ जनाले २१ देखि ३५ प्रतिशत सम्म खर्च गर्दो रहेछ । ५ जनाले ३६ देखि ५० प्रतिशत खर्च गर्ने गरेको भेटियो ।

*यसै सन्दर्भमा एक जना उत्तरदाताले भन्नुभयो ; विदेश जानुभन्दा अगाडी मासु माछा खानला लागि चाडवाड नै कुर्नु पर्ने हुन्थ्यो तर अहिले हप्तामएक छाक अनिवार्य भएको छ भने कोही वेला त हप्ताको ३ पटक सम्म पनि पो खाईन्छ । त्यस्तै पहिला पहोला खाजामा मकै भटमास जुनेलो भुटेर खाइन्थ्यो अधिकांस परिवारको घरमा भैंसी अथवा गाई दुहुना हुने र सबैको घरमा मोही हुन्थे । अहिले त मकै उत्पादन नै गर्न छाडीयो अझ भटमास जुनेलो जस्ताको उत्पादन त झन कथा जस्तो भको छ । अहिले त गाउँघरमा कसैको घरमा दुहुनो नै छैन प्राय वस्तुभाउ पाल्न नै छाडी सकियो । पुजाआजाका लागि चाहिने धुप समेत बजारका विभिन्न डेरीहरु बाट ल्याएर काम चलाउन थालेका छौं । तेहि भएर हिजोआज हाम्रो खाजाको परिभाषा हिजोको जस्तो छैन होटलमा जे हुन्छ घरमा नै पकाए पनि त्यही नै खाने बानी लागि सकेको छ । अझ भन्ने हो भने पहिला पहिला वर्षमा एक पटक एक जोर लुगा लगाईन्थ्यो दसैंमा त्यस वेला कम्ता खुसी मिल्दैनथ्यो । अहिले त महिनामा चार जोर सम्म किनिन्छ जुन सुकै सानातिना चाडवाड आओस फरक नयाँ कपडा किन्ने चलन व्याप्त छ । पहिला बालवालिकाहरुलाई पनि एक जोर स्कुल ड्रेस किनिदिए पछि ठिक हुन*

*नछाडे सम्म किन्न पर्दैनथ्यो तर अहिले त हप्ताको छ दिनको लागि छ जोर नै किन्नु पर्छ । समय नै त यस्तो होला भन्नु भयो ।*

यसले वालेन्सटाईनले भने जस्तो विप्रेषणले देश विकास गर्ने होइन बढि उपभोगमा खर्च हुन्छ विचारसँग मिल्न जान्छ । यसरी हेर्दा विप्रेषणको प्रयोग उपभोगमा हुनु उनीहरुको आवश्यकता हुन पुगेको मान्न सकिन्छ । किनकी हिजोका दिनहरुमा उहाँहरु आफ्नै उत्पादित वस्तु खाने गर्दथे जुन स्वास्थ्यका लागि उत्तिकै लाभदायी पनि थिए तर अहिले हरेक आयातित वस्तुमा आधारित छन त्यस्तै अहिले हरेक व्यक्ति हरेक क्षेत्रमा सचेत बन्दै गइरहेका कारण गुणस्तरीय वस्तु खरिद गर्दछन् । भने आवश्यकता अनुसार खरिद गर्न पनि सक्ने अवस्था सिर्जना गरेको देखिन्छ ।

### ४.२२.२. स्वास्थ्य

स्वास्थ्य नै धन हो । स्वास्थ्य रहनु आजको आवश्यकता पनि हो । शारीरिक रुपमा जति स्वस्थ भयो त्यति नै मात्रामा काम गर्न सक्ने हो । यो तथ्यांक भनेको श्रमिकको उपचार मात्र नभएर श्रमिकको परिवारको पनि शर्च हो । घरपरिवारको कोही मान्छे विरामी पर्दा बेहोरेको खर्च यमस राखिएको हो । यस अध्ययन बाट प्राप्त तथ्यांक अनुसार ५ देखि १० प्रतिशत खर्च गर्ने परिवार ८ परिवार, ११ देखि २० प्रतिशत खर्च गर्ने परिवार १० र २१ देखि ३० प्रतिशत खर्च गर्ने परिवार ७ हरेको पाइयो । यसले के प्रष्ट्याउँछ भने उत्तरदाताहरुको घरमा स्वास्थ्यमा कम खर्च वा एकदमै कम खर्च हुने गरेको पाइयो । यस सन्दर्भमा एकजना उत्तरदाताले भन्नुभयो मेरो छोरा वैदेशिक रोजगारीको सिलसिलामा कोरिया गएको ६ वर्ष भयो । उसलाई काम गरिरहँदा अल्सरको समस्या देखियो विदेशमा भाषाको समस्या र महँगो खर्च लाग्ने भएकोले गत वर्ष नेपाल आइ नेपालमा नै उपचार गराएर ४ महिना पछि पुन विदेश नै फर्कियो । त्यो समय छोराको उपचारको लागि दुईलाख जति खर्च भयो ।

### ४.२२.३. शिक्षा

यस अध्ययनको लागि अन्तरक्रिया गरिएको २५ जनाका बालबालिलाको शिक्षामा भएको लगानीको प्राप्त तथ्यांकलाई हेर्दा १ देखि १० प्रतिशतसम्म खर्च गर्ने ३ जना, १० देखि २० प्रतिशत खर्च गर्ने ९ जना, २१ देखि ३० प्रतिशत खर्च गर्ने ८ जना, ३१ देखि ४० प्रतिशत खर्च गर्ने ३ जना, ४१ प्रतिशत भन्दा माथि खर्च गर्ने २ जना रहेका छन् । यसले के देखाउँछ भने विदेश जानु अघि आफ्नो बालबच्चा सरकारी स्कुल पढाउने २५ जना उत्तरदाताहरु मध्ये अधिकांश परिवारले सरकारी विद्यालयमा पढाउने गर्दथे भने अहिले २५ सै जना उत्तरदाताको बालबालिका निजी विद्यालयमा पढाउने गरेको पाईयो । र त्यही अनुसार खर्च पनि गर्न सक्ने भएको देखियो । यस बाट वैदेशिक रोजगारीले सबै उत्तरदाताहरुको आर्थिक अवस्था सुधार भएको र शिक्षामा गुणस्तरीयता कायम भएको कुरा प्रष्ट भयो ।

*यसै सन्दर्भमा एक जना उत्तरदाताले भन्नुभयो : मेरो परिवारमा जम्मा चार जना सदस्य हरेको । मेरो एक जना छोरा र एक जना छोरी र हामि श्रीमान् श्रीमती । मेरो छोरा स्नातक उतिर्ण गरी वैदेशिक रोजारीको सिलसिलामा गत पाँच वर्ष देखि कोरियामा छ । उसले माषिक रुपमा दुईलाख पचास हजार रुपिया सधै रेमिट्यान्स पठाउछ । उसले पठाएको रेमिट्यान्स मेरो छोरी उच्च शिक्षा पढ्नका लागि जापान जाने मनसाय गरेकी हुँदा छोरीको उच्च शिक्षाका लागि २० लाख रुपिया खर्च गरी जापान पठाएको छु अहिले उनी विदेशि भुमिमा कमाउदै पढ्दै रहेकी छिन । यसबाट के कुरा वुझ्न सकिन्छ भने वैदेशिक रोजगारीले परिवारका अर्थिक स्थिति सुधार भएसँगै उच्च शिक्षाका लागि विदेश जाने ट्रेन पनि बढ्दै गईरहेको छ ।*

## ४.२२.४. घर निर्माण तथा खरिद

वैदेशिक रोजगारीमा संलग्न परिवारका सदस्यहरुसँग गरिएको अन्तरक्रिया अनुसार २५ जमा उत्तरदाताहरु मध्ये १५ जना उत्तरदाताहरुले घर निर्माण तथा खरिद गरेको पाईयो । जसमा १० जनाले गाउँमा नै पहिलाको पुरानो घर भत्काएर नयाँ डिजाइको घर निर्माण गरेको पाईयो भने ५ जनाले शहरमा जग्गा खरिद गरी घर निर्माण गरेको जसमा १ जमाले

काठ्माण्डौमा, १ जनाले कटारीमा, १ जनाले ईटहरीमा र २ जमाले धराना घर निर्माण गरेको पाइयो । यसरी सहरमा घर निर्माण गरे तापनि सबै परिवार पूर्ण रुपमा भने गाउँ नछाडेको र गाउँको कुनै पनि जग्गा जमिन बिक्रि पनि नगरेको भेटियो । तर अधिकांशको जमिन भने बाँझो अवस्थामा रहेको कुरा बताउनुभयो ।

***यसै सन्दर्भमा एक जना उत्तरदाताले भन्नुभयो ;*** *मेरो छोरा ५ वर्ष पहिला देखि रोजगारीको सिलसिलामा कोरियामा छ । जब उ विदेश गयो तब लगभग २ वर्ष जतिको समय अवधिमा धरानमा जग्गा खरिद गरियो र त्यसको एक वर्ष पछि घर वनाउन सुरु गरी लगभग एक वर्षभित्र तिन तलाको घर बनाएका छौं तर हामिले यहाको पनि कुनै जग्गा जमिन विक्री भने गरेका छैनौं परिवारका सबै सदस्य छोरा, छोरी, बुहारी, नाति-नातिना सबै उतै बस्छन् । यहाँ गाउँमा हामी दुई बुढाबुढी मात्र बस्छौं । हाम्रो यहाको जमिन बिक्रि नगरिएको भए तापनि कुनै उत्पादन बाली भने लगाइएको छैन सबै बाँझो अवस्थामा छ । उत्पादन गर्न त औधि मन लाग्छ नि तर के गर्नु हामी आफै गर्न सक्दैनौं जन लगाउन पनि कामदारको ज्याला नै यति धेरै महँगो भएको छ कि कुरै नगरम अनि अहिले त हरेक कुराका लागि बजार केन्द्रित पो बनिएको छ । गाउँका सबै कामगर्न सक्ने जति पैसा कमाउन विदेशिएको छ । गाउँघरको जग्गा जमि सबै बाँझो पल्टिदै गइरहेको छ । शहरमा घर बनाएर के गर्नु घरले मात्र खान दिँदैन रहेछ सबै किनिखानु पर्ने के मजा भयो र खै ।*

यसबाट के बुझ्न सकिन्छ भने वैदेशिक रोजगारीका कारण परिवारको आर्थिक स्थितिमा सुधार त भए तर त्यो सुधारिएको आर्थिक अवस्थाले स्थानीय कृषि क्षेत्रलाई भने छुन नसकेको सबै शहर केन्द्रित बन्दै जान थालेको कारण हरेक उपभोग्य बस्तुका लागि शहर केन्द्रित हुँदै गएको मान्न सकिन्छ ।

## ४.२२.५. जग्गा खरिद

यस अन्तरवार्तामा संलग्न २५ जना मध्ये १७ जनाले पठाएको विप्रेषणले सहरी क्षेत्रमा जग्गा खरिद गरेको भेटियो । यसरी शहरमा जग्गा खरिद

गर्नेहरु अधिकांश व्यक्ति दक्षिण कोरियामा रहेको पाइयो । जसमा १३ जमा कोरियामा ,२ जना जापान र एक जना कतारमा रहेको जानकारी उत्तरदाताहरुसँगको अन्तरक्रियाबाट प्राप्त भयो । यि १७ जना बाहेक अन्य ८ जना व्यक्तिले भने अहिलेसम्म जग्गा खरिद नगरेको पाइयो । यस अन्तर्गत केही व्यक्तिहरु भर्खरै गएको कारण भन्ने भेटियो भने जापान गएकाहरु अहिले आफ्नो पढाई पुरा गर्नमा व्यस्त रहेको कारण पैसा जम्मा गर्न नसकेकोले जमिन किन्न नसकिएको पाइयो ।

२५ जना उत्तरदाताहरु मध्ये १७ जनाले जग्गा खरिद गरेको जसमा २ जनाले कटारी भन्ने ठाउँमा १३/१३ धुर घडेरी किनेको जसमा एक जनाले २२ लाख र अर्का व्यक्तिले २५ लाखमा किनेको भेटियो । हाल उनीहरु एक जना कतार मा र एक जना जापानमा रहेको भन्ने पाईयो । पाँच जनाले गाईघाटमा जग्गा किनेको पाईयो जसमध्ये एक जमाले ११ धुर २७ लाखमा, एक जनाले १३ धुर २७ लाख, एक जनाले १० धुर २० लाखमा, एक जमाले १७ धुर ३५ लाखमा, एक जनाले १५ धुर २९ लाखमा घडेरीको लागि भनेर खरिद गरेको पाईयो । ३ जनाले ईटहरी मा जसमा एक जनाले १२ धुर २५ लाखमा र अर्को जनाले ११ धुर २३ लाखमा खरिद गरेको पाईयो । २ जनाले धरानमा जसमा एक जनाले १५ धुर ३० लाखमा र अर्को जनाले १३ धुर २७ लाखमा खरिद गरेको भन्ने भेटियो । र ५ जनाले काठ्माण्डौमा जसमध्ये २ जनाले ३/३ आना जसमा एक जनाले ६० लाख र अर्को जना ले ७५ लाखमा घडेरीको लागि जग्गा खरिद गरेको भन्ने भेटियो । २ जनाले ४/४ धुर जसमा एक जनाले ९५ लाखमा र अर्को जनाले १ करोड मा खरिद गरेको पाईयो । र एक जमाले ३ आना ४ पैसा जम्मा ८३ लाख मा खरिद गरेको भेटियो । भने एक जनाले काठमाण्डौमा घर पनि निर्माण गरिसकेको र २ जनाले धरानामा, ३ जनाले गाईघाटमा घर बनाईसकेको भन्ने भेटियो ।

## ४.२२.६.विलासीताका वस्तु खरिद

वर्तमान समयलाई विज्ञान र प्रविधिको युग को रुपमा चिनिन थालेको पाइन्छ । जसले गर्दा अहिलेको समय एकदमै प्रतिशपर्धी बन्दै गएको र विश्वव्यापीकरणको वढ्दो प्रभावले गर्दा विलासीताका वस्तु खरिद गर्ने प्रवृति

बढेर गएको पाईन्छ । यस अध्ययनका लागि अन्तरक्रिया गरिएका २५ जना उत्तरदाताहरु सवैले नै विलासीताका वस्तु खरिद गरेको पाईयो । यी मध्ये २० जनाले टिभी खरिद गरेको, १७ जनाले फ्रिज , २ जनाले वासिङमेसिन र १५ जनाले ल्याप्टप खरिद गरेसँगै प्रत्येकको मोवाईल फोन प्रत्येकले खरिद गरेको पाईयो । यसबाट पूँजीवादले कसरी जबरजस्त रुपमा विलासी वस्तु प्रति आकर्षित गरायो र त्यसलाई अनिवार्य आवश्यकिय वस्तुको रुपमा प्रयोग गर्न बाध्य बनाईरहेको छ भन्ने कुराको गतिलो प्रमाणको रुपमा बुझ्न सकिन्छ ।

## ४.२२.७. कृषि

धेरै नेपालीहरुको जीविकोपार्जनको वलियो , पुरानो र भरपर्दो पेशाको रुपमा कृषिलाई लिइन्छ । कृषि नेपालमा मात्र नभइ विश्वका अधिकांश मुलुकहरुले अपनाएको पेशा हो । विश्वका धेरै विकसित मुलुकहरुले कृषिलाई आधुनिकिकरणमा रुपान्तरण गरिसकेका छन् भने नेपालले कृषिलाई केही मात्रामा आधुनिकिकरण गरिएता पनि अधिकांश क्षेत्र परम्परागत तथा जीवन निर्वाहमुखी रुपमै अगाडी बढी रहेको छ । भने कतिपय ठाउँहरुमा कृषि पेसालाई आधुनिकिकरण गर्न र पर्याप्त लगानी गर्न सकिरहेको अवस्था देखिदैन । जसको कारण धेरै खेतियोग्य भूमिहरु बाँझो अवस्थामा रहेको देखिन्छ । कृषि नेपालको मुख्य पेशा भए तापनि यतिवेला खाद्यन्न आयात गर्नु परेको अवस्था छ । नेपालमा उत्पादन हुने प्रमुख खाद्य वाली धान, मकै, कोदो, गहुँ लगाएतका अन्न समेत विदेशबाट आयात गर्नु पर्ने अवस्था सिर्जना भएको छ ।

अध्ययनका लागि छनौट गरिएका २५ उत्तरदाताहरुसँगको अन्तरक्रिया को आधारमा हेर्दा वैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषण को प्रयोग जम्मा २ जनाले मात्र गरेको पाईयो । यी मध्ये पनि एक जनाले २५ प्रतिशत लगानी तरकारी खेतीका लागि गरेको भन्ने पाईयो भने अर्का व्यक्तिको वार्षिक करिब २० देखि २५ प्रतिशत खाद्यन्न बाली लगाउने देखि भित्र्याउने कार्यका लागि खर्च हुने गरेको पाईयो । तर अन्य २३ जना उत्तरदाताहरुको बिप्रेषणको प्रयोग कृषि क्षेत्रप्रति शून्य देखियो ।

उत्तरदाताका अनुसार : अहिले त हाम्रो धेरै जग्गा बाँझो छाडेको छौं । अलि अलि घर नजिक र आफूले काम गर्न सक्ने ठाउँतिर एसो अलि अलि समय अनुसारको बाली बारीमा हिँउदे वर्खे दुवै बाली मकै नै लगाउन थालेका छौ पहिला हिउदे बालीमा कोदो दलहन बाली लगाईन्थ्यो अहिले त्यो गर्न सकिँदैन अनि मकै नै छर्न थालेको छौं । अनि खेतहरुमा पनि पहिला ३ पटक सम्म बाली लगाईन्थ्यो दुई बाली धान र हिउदको समयमा पनि गहुँ उत्पादन हुने हुँदा कुनै पनि समय खाली बाँझो हुनै पाउदैन थ्यो तर अहिले त्यही जमिनमा असारको महिनामा एक पटक मात्र धान रोपन थालेका छौं । त्यो पनि गर्न धेरै सकस छ । धेरैले त त्यति गर्न नि नसक्ने स्थितिमा पुगेर बाँझै नै छाडेका छन् । अनि अहिलेत हाम्रो जमिन बाट उत्पादन हुने स्थानीय उत्पादन दर एकदमै न्यून छ । बाली लगाउन नै सक्दैनौं । अनि कहाबाट उत्पादन होस् त हैन र ?

गाउँमा वैदेशिक रोजगारीमा जाने प्रचलन नभित्रिँदा सम्मत सबै युवाहरु गाउँमै त बस्दथे । युवा जनशक्ति गाउँमा रहँदा सम्म त सबैको जग्गा जमिनमा सधैं बालीनाली लगाईरहेकै हो । तर जव वैदेशिक रोजगारीको ट्रेन गाउँमा भित्रियो तब गाउँबाट सक्रिय युवा जनशक्ति दिनदिनै विस्तारै वैदेशिक रोजगारीका लागि विदेशिने बढ्दै जानथाल्यो । जसको प्रत्यक्ष नकारात्मक असर हाम्रो कृषि प्रणालीमा पर्न गयो र नै अहिले हाम्रो जमिनको बाँझो अवस्था हुन पुगेको हो । तर यसो भनि रहँदा वैदेशिक रोजगारीमा जानु नै नराम्रो हो भन्न चाँही सकिन्न । किनकि वैदेशिक रोजगारी नै हाम्रो ठाउँको कमजोर आर्थिक अवस्था सुधार गर्ने एउटा प्रमुख पक्ष पनि हो । यसबाट प्राप्त विप्रेषणले नै यहाका हरेक परिवारका छोराछोरीले चाहेजस्तो शिक्षा हाँसिल गर्न पाउने अवसर प्राप्त पनि त गरेका छन् । यसरी वैदेशिक रोजगारीले प्रदान गराएका विविध अवसरहरुको खोजिमा हरेक युवा जनशक्ति नै शहर केन्द्रित भएका कारण यहाको अधिकांस उत्पादनयोग्य जमिन नै बाँझो रहनु चाँही हाम्रा लागि अति दुखद बनेको छ । अहिले हामी हरेक कुराका लागि शहरको मुख ताकेर बस्नु पर्ने पुरै सहरकेन्द्रित बनेका छौं । त्यसैले पनि हाम्रो जग्गा जमिन बाँझो रहनु पर्ने बाध्यताका प्रमुख कारण नै वैदेशिक रोजगारी हुन भन्ने कुरालाई सहर्ष स्वीकार गर्न सकिन्छ अहिले यस्तो अवस्था सिर्जना हुनुको एउटा प्रमुख

कारण भनेको गाउँमा युवा जनशक्ति नै नरहनु हो । पहिला सबैका घरभरी छोराछोरी हुन्थ्यो । हरेकको मेलापात गर्दा अर्मपर्म चल्थ्यो । सबैको पालैपालो काम गरिन्थ्यो कुनै जमिन बाँझो भन्ने भेटिँदैनथ्यो । प्रत्येकको खेतबारीमा नै दाल तरकारी जस्ता सम्पूर्ण कुरा आफै उत्पादन गरिन्थ्यो कुनै कुरा किन्न पर्दैनथ्यो । जब विस्तारै समयको परिवर्तन भएसँगै सबैका छोराछोरीहरु पनि दिनदिनै बढेर गए लेखपढ गर्नेहरुको संख्या पनि बढेर जान थाल्यो तब गाउ घरका सबैका छोराछोरीहरु वैदेशिक रोजगारीका लागि विदेशिन थाले । वैदेशिक रोजगारीमा जानेहरुले कमाएर पठाएको प्राप्त विप्रेषणले घरको आर्थिक स्थिति सुधार हुन थाल्यो तब केही बँचेकुचेका हरुपनि लेखपढ गर्ने विभिन्न वहानामा सहर पसेका छन् अनि अहिले गाउँमा हामि कामगर्न नै नसक्ने त सहरतिर जानुपनि कुनै वहाना नै नभएकोहरु मात्र त छौं । अनि कसरी खेतीपाती गर्न सक्नु त। खेतीपाती गर्नको लागि त एकदमै हट्टाकट्टा युवा जनशक्तिको आवश्यकता पर्छ अनि हाम्रा ठाउँको त्यस्ता जनशक्तिजति सबै वैदेशिक रोजगारीमा विदेशिने र बाँकी पनि पुरै सहरकेन्दित बने अनि हामि कहाबाट जनशक्ति जुटाएर उत्पादन गर्न सक्नु र । हाम्रो उत्पादनको यस्तो स्थिति हुनुको प्रमुख कारण भनेको नै गाउँमा शक्रिय जनशक्ति नहुनु हो ।

**यसै सन्दर्भमा कृषिमा लगानी नगर्ने केही उत्तरदाताहरुको भनाई;**

एक जना ४९ वर्षिय समशेर राईले भन्नु भयो ; मेरो २ छोरा ४ छोरी गरी जम्मा छ जना छोराछोरी छन् । पहिला सबै साथै हुँदा ताका गत ५ वर्ष अगाडी सम्म मेरो सारा उत्पादनले आफूलाई खान पुगेर पनि विक्री समेत गरी छोराछोरीलाई पढाउन समेत खर्च पुग्ने गरी उत्पादन हुन्थ्यो। सबै छोराछोरीहरु पनि काम गर्न सहयोग गर्दथ्यो । अहिले त सबै छोराछोरीहरु नि ठुल-ठुला भए ३ छोरीको विबाह भएर गए एउटा छोरा नेपालमा केही राम्रो काम पाउन नसकेर वैदेशिक रोजगारीको लागि कोरिया गएको ४ वर्ष भयो, एक जना छोरी पनि उच्च शिक्षाको लागि भनेर २ वर्ष देखि जापान तिर छिन । विदेश गएका छोराको बुहारी २ नातीनातिना र मेरो कन्छो छोरो पनि पनि धरान तिर नै वस्छ । अहिले यहाँ त हामी बुढाबुढी मात्र छौ । केही गर्न सक्दैनौं अहीले सबै खेतबारी बाँझो छ । गाउँमा सबै हामि जस्ता कामगर्न

नक्नेहरु मात्र छौं । काम गर्ने कामदार लगाउन पनि गाउँमै पाइँदै टाढा खोज्न जान पर्छ को गोईदिने त्यसमा पनि कामदारको ज्याला यति धैरै बढेको छ कि हाम्रोजस्तो पाहाडको ठाउँको जमिन तेति धैरे उत्पान हुँदैन अनि जनिनको उत्पादन भन्दा बढि एकै पटकमा कामदारलाई ज्याला तिर्नु पर्छ । आधुनिक मेशिन लगाउनु पनि शहरको जस्तो जमिन छैन सोंच्नु नि कथा जस्तो तेही भएर हाम्रोत कृषिला लगानी गरिएको छैन । बरु उतै धरान तिरै घर बनाएको छौं । हामीलाई बर्षभरी खानको लागि पुग्ने एकै पटक ल्याईदिन्छन् । के गर्नु हामीसँग यती धैरे खेतियोग्य जमिन त छनै तर उत्पादन भने जिरो अहिले गाउँमा हामी जस्ता धैरैको समस्या यस्तै छ । प्रसस्त कृषियोग्य जमिन भएर पनि सबै कुरा किनेर खानुपर्ने ।

यसबाट के बुझ्न सकिन्छ भने वैदेशिक रोजगारीले आर्थिक अवस्थामा सुधार बन्दै गएपछि हरेक मानिसहरुको विचार सहरतर्फ मोडीदै जान थाल्यो गाउँमा शक्रिय जनशक्तिको अभाव हुन थाल्यो गाउँमा वृद्धवृद्धाहरु मात्र हरन थाले जसको कारण कृषि कार्यकालागि आवश्यक जनशक्ति अभाव हुन पुग्यो । समय कालखण्ड सँगै श्रमिकहरुको ज्यालादरमा पनि बढोत्तरी आयो तर ग्रामीण क्षेत्रको उत्पादनमा भने बढोत्तरी हुन सकेन । आधुनिक उपकरणको प्रयोग गर्नमा पनि भौगोलिक विकटताका कारण असम्भव रह्यो । यस्ता विविध वाध्यता र समस्याका कारण विकल्पको खोजीमा हरेक मानिस सहर केन्द्रित बन्दै गए तर पाप्त बिप्रेषणको कृषि क्षेत्रमा हुन सकेन ।

## ४.२२.८. बचत र लगानी

अध्ययनका लागि छनौट गरिएका २५ उत्तरदाताहरुको बिप्रेषणको बचत र लगानीको सम्बन्धि विषयमा भएको अन्तरक्रिया अनुसार २५ जना मध्ये २ जनाले मात्र कृषि क्षेत्रमा लगानी गरेको पाईयो । त्यसमा पनि २० देखि २५ प्रतिशत मात्र लगानी गरेको भेटियो भने २३ जनाले कृषि क्षेत्रमा लगानी नगरेको तर जग्गा घडेरी खिदमा लगाएको भन्ने भेटियो । र यहाहरुको लगानीको अवस्थालाई हेर्दा २५ जनामा २५ सै जनाले विभिन्न बैंक बचत गरेको भन्ने पाइयो । जसमा १५ जनाले नविल वैंकमा र१० जनाले

वाणिज्य वैंकमा बचत गरेको भेटियो । उहाहरुको बचतको दरलाई हेर्दा समग्रमा २०-४० प्रतिशत सम्मको दरमा बचत गर्ने गरेको पाईयो । यो प्राप्त तथ्यबाट के बुझ्न सकिन्छ भने वर्तमान समयमा मानिसहरु कृषि पेसामा लगानी गर्न नचाहे तापनि भविष्यका आवश्यकताका लागि बचत गर्नु पर्छ भन्ने कुराप्रति सचेत बन्दै आएको र हरेक मानिसको आवश्यकताको विषय वा प्राथमिकताका विषय नै सुनिधा सम्पन्न क्षेत्रको बसोबास नै हुन गएको मान्न सकिन्छ ।

## ४.२३.वैदेशिक रोजगारीलाई समाजले हेर्ने दृष्टिकोण

आफ्नो देशमा रोजगारको व्यवस्था नहुँदा बेरोजगारी समस्याको करणले गर्दा जीवन गुजरा गर्न कै लागि युवा पीडिहरुको आकर्षक वैदेशिक रोजगार तर्फ सेखिन्छ । यस अध्ययन क्षेत्रमा पनि ठुलो संख्यामा युवाहरु जीविकोपार्जन गर्ने सिलसिलामा विदेशिएको दखिन्छ । जुन आफ्नो देशको परिधि नाघेर रोजगारको सिलसिलामा अर्को देशमा गई आफूले श्रम गरे बापत उसलाई पारिश्रमिक दिईएको रकम आफन्त परिवारलाई पठाईको रकम रेमिट्यान्स हो । यस स्थानबाट धेरै मानिसहरु वैदेशिक रोजगारीका लागि सबैभन्दा बढि दक्षिण कोरिया दोस्रोमा जापान र तेस्रोमा कतार गएको पाईयो ।

यस क्षेत्रका उत्तरदाताहरुसँग गरिएको अन्तरक्रिया अनुसार युवा जनशक्ति विदेशिनुको प्रमुख कारण देशमा सोंचेजस्तो रोजगारी प्राप्त गर्न नसक्नु दिनानुदिन पारिवारिक आवश्यकता बढ्दै जानु देशमा विश्वव्यापीकरणको प्रत्येक्ष प्रभावका कारण देशमा दिनदिनै महँगीले सिमा नाघ्नुले गर्दा हरेकले विकल्पको खोजीगर्नु पर्ने अवस्था सिर्जना भएको कारण एक प्रमुख विकल्पको रुपमा वैदेशिक रोजगारी वन्न पुग्यो । जसले हरेकको आर्थिक अवस्था सुधार गर्न सकेको कारण यस क्षेत्रमा मानिसहरुको लागि वैदेशिक रोजगारीमा जाने प्रचलन त एक सँस्कार जस्तो बनेको देखियो । किनकि प्रत्येक परिवारबाट एक अथवा दुई जना सम्म सदस्य वैदेशिक रोजगारीमा संलग्न रहेको पाईयो ।

**यस सम्वन्धि एक जना उत्तरदाता ५१ वर्षिय अमिन माया राई को भनाई :**

मेरो जम्मा ६ जना सदस्य रहेको परिवा छ । दुई जना छोरा, दुईजना छोरी र हामी दुई बुढाबुढी । हाम्रो मुख्य पेसा भनेको कृषि थियो । हामी सधै खेतीपाती गरेर प्रसस्त अन्नबाली उब्जनी गर्थौं । हाम्रो उत्पादनले हामिलाई वर्षभरी खान पुगेर हामी केही विक्री समेत गरी त्यसबाट आएको पैसा नै हाम्रो प्रमुख आम्दानीको रुपमा रहन्थ्यो । त्यही पैसाले हामीले हाम्रा छोराछोरीलाई लेखापढि गराएका हौं । महँगी तेति थिएन धेरै पैसाको आबश्यकता नै पर्दैनथ्यो । तर अहिले त जतातै जुनसुकै क्षेत्रमा पनि प्रतिशपर्धा मात्र पैसाको आवश्यकता दिनदिनै बढ्दै जान थाल्यो । हाम्रो देशमा पढाईलेखाई गरेर पनि सामान्य जीविका चलाउन सक्ने रोजगारी पाउन धेरै कठिन अवस्था छ । यदि कठिनकाल रोजगारी पाईहाले पनि प्राप्त पारिश्रमिकले सामान्य परिवार धान्न नै गारो अवस्था छ । यहा वसेर तेति धेरै दुख गर्नु भन्दा त वैदेशिक रोजगारीमा गयो भने ५/७ वर्ष विदेशमा दुख गरेभने राम्रै पैसा पनि कमाई हुने । अहिको समय भनेको नै पैसाको प्रतिस्पर्धा हो । यदि पैसा छ त सारा संसार आफ्नो छ पैसा छैन त संसार केही छैन । अनि विदेश गएर पैसा कमाउनुको सान मान नै छुट्टै छ नि ।

यसबाट के कुरा बुझ्न सकिन्छ भने वैदेशिक रोजगारीबाट नेपालमा रोजगार गरेर कमाएको भन्दा बढि कमाउन सकिन्छ । र सबैभन्दा ठुलो कुरा पैसा नै हो । जसरी जुनसुकै हालतमा भएपनि पैसा चै कमाउनै पर्छ । पैसाले मात्र सम्पूर्ण आवश्यकता पूरा गर्न सक्छ । त्यसैले वैदेशिक रोजगारीमा जानु अनिवार्य छ भन्ने मान्यताको विकास हुँदै गएको कुरा सहर्ष स्वीकार गर्न सकिन्छ ।

## ४.२४. निष्कर्ष

वैदेशिक रोजगारीमा संलग्न भएपश्चात गाउँमा सक्रिय जनशक्तिको अभाव हुन गएको र त्यस स्थानको कृषि क्षेत्रमा प्रत्येक्ष प्रभाव पर्न गएको भन्ने भेटियो । कृषि कार्यका लागि आवश्यक पर्ने भनेको सक्रिय जनसक्ति नै हुन जुन वैदेशिक रोजगारीका लागि दिनानु दिन विदेशिनेहरुको बढ्दो

अवस्थाका कारण गाउँमा अहिले उमेर पुगेका मानिसहरु, केही मात्रामा महिला र वालवालिकाहरु मात्र हरेको बुझियो । यस्ता उमेर पुगेका वृद्धवृद्धा, महिला र वालवालिकाहरुबाट भने कृषिकार्य गर्न सम्भव देखिदैन । तर पनि वैदेशिक रोजगारीमा संलग्न रहेका व्यक्तिहरुले पठाएको विप्रेषणको प्रयोग कृषि क्षेत्रमा प्रभावकारी रुपमा हुन सके कृषि क्षेत्रमा सकारात्मक उपलब्धि हुने देखिन्छ । त्यस्ता प्राप्त रकमको विषेश कुन कुन क्षेत्रमा भएको रहेछ अर्थात विप्रेषणको प्रयोग किन उत्पादनमुलक क्षेत्र तथा कृषि क्षेत्रमा समेत हुन सकेन भन्दा वढि दैनिक उपभोग्य वस्तु खरिदमा खर्च हुने गरेको देखिन्छ । यसको औषत प्रतिशत प्रतिमहिना ३० प्रतिशत रहेको छ । दोस्रोमा पक्की घर निर्माणमा २० प्रतिशत रहेको छ । उत्तरदाताका अनुसार १० जनाले घर निर्माण गरेका छैन । बाँकी १५ जनाले घर निर्माणमा खर्च गरेको देखियो । तेस्रोमा एक जनाले काठमाण्डौमा र दुई जनाले धरानमा घर जग्गा किनेर घर समेत बनाएको देखिन्छ भने १७ जनाले सहरमा जग्गा खरिद गरेको देखिन्छ । चौथोमा वालवालिकाका शिक्षामा लगानी गरेका छन् जसमा प्रति महिना १५ प्रतिशत रहेको छ । पाचौँमा स्वास्थ्यमा खर्च गर्ने यो घर परिवारको कोही बिरामी पर्दा भएको खर्च हो । यसको प्रतिशत ५.२ रहेको भेटियो । छैटौंमा बचत गरेको र अधिकांशले २० देखि ५० प्रतिशत सम्म वैंकमा बचत गरेको पाईयो । र सबै भन्दा कम कृषि क्षेत्रमा लगानी भएको देखियो यस बाट हेर्दा २५ जना मध्ये २ जनाले ५ प्रतिशत जति मात्र खर्च गरेको भेटियो । यी समग्र वैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषणले कृषि क्षेत्रलाई भने छुन नसकेको देखियो । जसको कारण त्यस क्षेत्रको अधिकांश जमिन बाँझो रहन गएको भन्ने देखियो । तर कृषि क्षेत्रमा लगानी हुन नसके तापनि सबै उत्तरदाताहरुमा बचत र लगानी गर्नु पर्छ भन्ने विषय प्रति चाँही सचेत वनेको पाईयो ।

यस सन्दर्भमा दुईजना व्यक्तिहरुसँग गरिएको घटना अध्ययनबाट पनि उहाहरुले कमाएको पैसाको पनि कृषि क्षेत्रमा हुन नसकेको अथवा कृषि क्षेत्रमा लगानी नगरेको देखियो । यी दुवै व्यक्तिहरुले सहरमा जग्गा किनेर घर निर्माण गरेको र दुवै जनाले गाउँमा पनि व्यवस्थित किसिमको घर बनाएको र बाँकी पैसा बैंकमा जम्मा गरेको भन्ने पाईयो तर कृषिमा भने लगानी गरेको पाईएन । जसले अहिले दुवै जनाको अधिकांश जमिन बाँझो

छाडेको अवस्था पाईयो र सम्पूर्ण आवश्यकिय खाद्यन्न बजारबाट खरिद गरी जिविका चलाईरहेको भन्ने पाईयो ।

## अध्याय - पाँच
## अध्ययनको सारांश र निष्कर्ष `

### ५.१. अध्ययनको सारांश

वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभावलाई अध्ययन विश्लेषण गर्नको लागि उदयपुर जिल्ला ताप्ली गाउँपालिका-१ ओख्लेलाई छनौट गरी अध्ययन गरिएको हो । यस अध्ययन अन्तर्गत वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको विविध प्रभावलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारीमा जानु पुर्व र गइसके पश्चात त्यस स्थानको कृषि क्षेत्रको अवस्थाको गहन अध्ययन गरिएको छ ।

यस अध्ययनको लागि निश्चित उदेश्य निर्धारण गरी त्यसै उदेश्यको आधारमा आवश्यकीय पहिचान गरिएको छ । ती उद्देश्यहरुः

संलग्न परिवारको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारी तथा यसले कृषि क्षेत्रमा पारेको प्रभाव सम्वन्धी गरिएको अध्ययनमा कृषि सम्वन्धी धारणाका बारेमा ताप्ली गाउँपालिका अन्तर्गत ओख्ले को क्षेत्रतग समाजशास्त्रीय अध्ययन गरिएको छ । अध्ययनको क्रममा उद्देश्यलाई पुरा गर्नको लागि विभिन्न विषय वस्तुहरुको उठान तथा सकेसम्म तथ्यपरक सूचना खोज गरिएको छ । यसरी संकलित सूचनाहरु वा तथ्यांकहरु अगाडी विभिन्न अध्ययनहरुमा प्रस्तुत गरी सके पछि यस अध्यायमा आएर सकेसम्म सारांशको रुपमा निष्कर्ष निकाल्न खोजिएको छ ।

वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभावको सम्वन्धि निम्न उद्देश्य राखि अध्ययन गरिएको छ ।

- वैदेशिक रोजगारीले कृषि क्षेत्रमा पारेको प्रभाव वारे बुझ्नु,
- वैदेशिक रोजगारीमा संलग्न परिवारको कृषि भएको लगानीको अवस्था पत्तालगाउनु ।

साहित्य समिक्षाको अध्ययनबाट के निष्दर्ष निकाल्न सकिन्छ भने मानिसहरु आफ्नो देशमा पर्याप्त रोजगारीको अवससर नहुँदा र स्थानीय

उत्पादन तथा कृषि क्षेत्रलाई आधुनिकुकरण गर्न नसक्दा वाध्यात्मक परिस्थिति सिर्जना भइ रोजगारीमा संलग्न रहँदै आएको पाइयो । विशेष गरी विकासशील तथा अविकसित मुलुकबाट विकसित मुलुकगहरमा जामे गरेको भेटियो ।समयको कालखण्ड परिवर्तन भएसँगै मानवीय आवश्यकताहरुमा पनि परिवर्तन हुन पुगी समाज पूँजीवादी वन्दै गयो । यसको परिणाम स्वरुप वैदेशिक रोजगारीको सिर्जना हुन परुग्य । विकसित देशहरुलि रोजगारीको अवसरहरु सिर्जमा गराउँदै गए र कृषि क्षेत्रलाई आधुनिकिकरण गरी उत्पादन अभिवृद्धि गर्दै जान थाल्यो र नेपालजस्ता विकासशिल तथा अविकसित मुलुकका बेरोजगार जमशक्तिलाई रोजगारीको लागि अवसर खुला गरी सक्रिय वाह्य जनशक्ति भित्र्याउन सफल भएको देखियो । नेपालबाट हाल वैदेशिक रोजगारीका लागि १११ मुलुकमा संस्थागत रुपमा खुला गरिइको छ भने व्यक्तिगत रुपमा १७२ मुलुकमा नेपालमा सक्रिय जनशक्ति रोजगारीको शिलशिलामा विदेशिने गरेको पाइयो । र देशको सक्रिय युवा जनशक्ति रोजगारीको शिलशिलामा विदेशिएको कारण देशको उत्पादनमुलक क्षेत्रमा सक्रिय जनशक्तिको अभाव हुँदै देशको खाद्यन्न उत्पादनमा समेत नकारातमक असर पर्न गइ हाल नेपालमा खाद्यन्न आयातको दरले सिमा नाघेको कुरालाई प्रष्ट्यको छ ।त्यस्तै नेपालमा पनि त्यसको प्रभाव परेको देखिन्छ । नेपालमा वैदेशिक रोजगारीका लागि विदेशिने नेपालिको संख्या प्रति घरधुरी एक जनपर्न आउने देखिन्छ । जसमा १५ देखि २४ उमेर समुहका ४४.८१ प्रतिशत रहेको छ (जनगणना २०६८) ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरु धेरै कम ज्याला हुनु, सामाजिक सुरक्षाको अभाव, कान गर्ने अवस्था नाजुक, मानव अधिकार हनन्, सामाजिक बहिष्करण, अनियमित बसाईसराई, महिला तथा बालबालिकामा शोषण, वेचविखन, स्वास्थ्य तथा औषधिको अभाव जस्ता समस्या नेपालीले भोग्नु परेको अवस्था छ (पण्डे, सन् २०१२) ।

यस क्षेत्रका अधिकांस परिवारका १/२ जना सदस्य वैदेशिक रोजगारीका शिलशिलामा विदेसमा रहेको कुरा उत्तरदाताहरुसँगको अन्तर्क्रियाबाट जानकारी लिइयो । यस उपशीर्षकसँग सम्वन्धित आवश्यक

तथ्यांकका लागि अन्तर्वारिता साथै सामुहिक छलफल समेत गरियो । यस सम्वन्धि उत्तरदाताहरुबाट प्राप्त वैदेशिक रोजगारीमा सक्रिय युवा जनशक्ति विदेशिनु पर्नाको कारणलाई समग्रमा बुँदावद्ध रुपमा प्रस्तुत गरिएको छ ।

- आर्थिक अवस्था कमजोर भएको
- देशमा रोजगार गर्छु भन्दा पनि कुनै किसिमको रोजगारी प्राप्त गर्न नसकेर,
- उच्च शिक्षा प्राप्तिको लागि साथै पैसा कमाउन,
- वैदेशिक रोजगारीबाट आर्थिक वृद्धि गरी आफ्ना बालबालिकाको उज्वल भविष्य सुनिश्चिताका लागि,
- कमजोर अवस्थामा रहेको आर्थिक स्थिति सुधार गरी सम्पन्न जीवनयापन गर्न।

समग्रमा तपाईको खेतबारीमा उत्पादन भएको उत्पादित खाद्यन्नले खाम पुग्थ्यो कि पुग्थेन भन्ने प्रश्नमा उत्तरदाताहरुले दिएको उत्तरको आधारमा उत्पादित खाद्यन्नले वर्षभरी खान नपुग्ने, रोजगारी गर्न पनि केही अवसर नै नहुने, वालवालिकालाई पढाउन लेखाउन एकदमै सकस थियो । राम्रो रोजगारी गर्न धैरै लेखपढ गर्नुपर्ने धैरै लेखपढ गर्नको लागि ज्याला मजदुरी गरेर मात्र नसकिने । समय सँगै हरेक मान्छेको फरक आवश्यकता थपिँदै गईरहेको कारण आउदा दिनहरुमा केही जीवनयापनमा सहज गराउन र समय अनुसार र छोराछोरीहरुले समय अनुसार पढ्न चाहेका विषयहरुमा अध्यापन गराई स्वदेशमा नै रोजगार गरी स्वदेशमा नै टिकाई राख्न सक्ने बनाउन सकियोस भन्ने केही मिठा सपना र उद्देश्यका साथ वैदेशिक रोजगारीमा संलग्न रहेको भन्ने बुझियो ।

वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुबाट प्राप्त रकमको प्रयोग विषेश कुन कुन क्षेत्रमा भएको रहेछ अर्थात किन उत्पादनमुलक क्षेत्र तथा कृषि क्षेत्रमा समेत हुन सकेन भन्दा वढि दैनिक उपभोग्य वस्तु खरिदमा खर्च हुने गरेको देखिन्छ । यसको औषत प्रतिशत प्रतिमहिना ३० प्रतिशत रहेको छ । दोस्रोमा पक्की घर निर्माणमा २० प्रतिशत रहेको छ । उत्तरदाताका अनुसार १० जनाले घर निर्माण गरेका छैन । बाँकी १५ जनाले घर निर्माणमा खर्च

गरेको देखियो । तेस्रोमा एक जनाले काठमाण्डौमा र दुई जनाले धरानमा घर जग्गा किनेर घर समेत बनाएको देखिन्छ भने १७ जनाले सहरमा जग्गा खरिद गरेको देखिन्छ । चौथोमा वालवालिकाका शिक्षामा लगानी गरेका छन् जसमा प्रति महिना १५ प्रतिशत रहेको छ । पाचौँमा स्वास्थ्यमा खर्च गर्ने यो घर परिवारको कोही बिरामी पर्दा भएको खर्च हो । यसको प्रतिशत ५.२ रहेको भेटियो । छैटौंमा बचत गरेको र अधिकांशले २० देखि ५० प्रतिशत सम्म वैंकमा बचत गरेको पाईयो । र सबै भन्दा कम कृषि क्षेत्रमा लगानी भएको देखियो यस बाट हेर्दा २५ जना मध्ये २ जनाले ५ प्रतिशत जति मात्र खर्च गरेको भेटियो । यी समग्र वैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषणले कृषि क्षेत्रलाई भने छुन नसकेको देखियो । जसको कारण त्यस क्षेत्रको अधिकांश जमिन बाँझो रहन गएको भन्ने देखियो । तर कृषि क्षेत्रमा लगानी हुन नसके तापनि सबै उत्तरदाताहरुमा बचत र लगानी गर्नुपर्छ भन्ने विषय प्रति चाँही सचेत वनेको पाईयो ।

यस सन्दर्भमा दुईजना व्यक्तिहरुसँग गरिएको घटना अध्ययनबाट पनि उहाहरुले कमाएको पैसाको पनि कृषि क्षेत्रमा हुन नसकेको अथवा कृषि क्षेत्रमा लगानी नगरेको देखियो । यी दुवै व्यक्तिहरुले सहरमा जग्गा किनेर घर निर्माण गरेको र दुवै जनाले गाउँमा पनि व्यवस्थित किसिमको घर बनाएको र बाँकी पैसा बैंकमा जम्मा गरेको भन्ने पाईयो तर कृषिमा भने लगानी गरेको पाईएन । जसले अहिले दुवै जनाको अधिकांश जमिन बाँझो छाडेको अवस्था पाईयो र सम्पूर्ण आवश्यकिय खाद्यन्न बजारबाट खरिद गरी जिविका चलाईरहेको भन्ने पाईयो ।

## ५.२. अध्ययनको निष्कर्ष

मुलुक भित्रै रोजगारीका अवसरहरु कम हुनका कारण वैदेशिक रोजगारीलाई एक वैकल्पिक माध्यमको रुपमा लिइएको छ। जसले वैदेशिक रोजगारमा संलग्नहरुको परिवारको आर्थिक अवस्थामा सुधार ल्याउदै कृषि क्षेत्रमा प्रभाव पारेको देखिन्छ। जुन अध्ययनको उद्देश्य अनुरुप सहभागिहरुले दिएका सूचना वा प्राप्त तथ्यांकको आधारमा शोधका निष्कर्षहरुलाई तल गरिएको छ । मुख्यत: वेरोजगार र कृषिमा संलग्न भई

अर्धवेरोजगार अवस्थामा रहेका व्यक्तिहरुले नै वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनाउने गरेको पाइयो । यसमा पनि वैदेशिक रोजगारमा संलग्न हुनेहरुमा फरकपना भेटियो । जस अन्तर्गत धेरै सहभागिहरु सम्बन्धीत देशको देशगत भाषा पढि प्रक्रिया पूरा गरी गएको भेटियो जसमा :- जापान, दक्षिण कोरिया जस्ता देशहरु गएको पाइयो र अन्य देशहरुको हकमा भने स्थानीय एजेन्ट/मेनपावर,केन्द्रिय एजेन्ट/मेनपावरको प्रक्रिया अनुसार गएको भेटियो । जसले गर्दा सहभागिहरुको पैसा तथा समायको बढि खर्च भएको देखियो तर केही सहभागिहरु छोटो प्रक्रियाबाट अर्थात् सिधै केन्द्रिय मेनपावरमा सम्पर्क राखेर कुनै भाषा नपढि, सीप नसिको पनि सम्बन्धित देशमा गएको पनि भेटियो। जसले गर्दा उनीहरुको पैसा तथा समय पनि कम खर्च भएसँगै कमाइको दायरा पनि संकुचित देखियो ।सहभागिहरुको संलग्नतालाई हेर्दा आर्थिक रुपमा सक्रिय रहने उमेर समुहका शिक्षित युवा जनशक्तिहरु बढि मात्रामा वैदेशिक रोजगार सेवामा संलग्न भएको भेटियो । जसमा पुरुषहरुको नै वाहुल्यता रहेको पाइयो । यस अध्ययनमा ५ जना महिला विदेशिएको देखियो जसले महिलाको सहभागिता गर्दा अन्य महिलाहरुलाई पनि आगामि दिनमा वैदेशिक रोजगारमा संलग्न हुनका लागि सहयोग पुग्न जाने देखियो ।

पारिवारिक संरचनाको आधारमा हेर्दा मानिसहरु वढि मात्रामा एकल परिवारमा बसोबास गर्ने गरेको देखियो । यसरी वैदेशिक रोजगारमा पुरुषको संलग्नता रहेपछि महिलाहरुमा घर भित्र र बाहिरको सम्पूर्ण कामको जिम्मेवारी थपिन गएको देखिन्छ । हिजो घर भित्र र बाहिरको सम्पूर्ण जिम्मेवारी तथा निर्णय अधिकार पुरुषको हातमा हुने अवस्था थियो भने आज आएर पुरुषको अनुपस्थितीले धेरै जसो निर्णय अधिकारमा महिलाको भूमिका बढेको पाइयो । यसरी वैदेशिक रोजगारीले श्रमको अभाव भएपछि ज्याला दिएर गोरु जोत्न लगाउने खेतिका अन्य सम्पूर्ण कार्यका निमित्त ज्याला दिइ लगाउन पर्ने अवस्था पाइयो । देशको महंगीसँगै स्थानीय स्तरको ज्यालादरमा पनि परिवर्तन हुँदै आएको जुन पहिलेको समयमा ज्यालादारी नभएर अर्मपर्मको प्रचलन रहेको थियो । कतिपय मानिसहरुले ज्याला महंगो हुनाका साथै ज्यालादारीहरुको संख्या ज्यादै न्यून

अवस्था सिर्जना भएका कारण आफ्ना उब्जाउ योग्य भूमि नै बाँझो छाडी खाद्यन्न खरिद गरी जिविका चलाउँदै आइरहेको पाइयो । कतिपय परिवारको अवस्था त्यस्तो भेटिए की जहाँ आफ्ना परिवारका सक्रिय जनशक्ति बाहिर रहेका कारण अन्य मानिसहरुलाई आफ्ना जनिनमा बाली लगाएर खाउ भन्दा पनि कसैले नगरेको र बाँझो अवस्थामा छाड्न बाध्य भएको । धेरैजसो युवा जनशक्ति वैदेशिक रोजगारीमा संलग्न रहनुका साथै परिवारका अन्य सदस्यहरु पनि घर भन्दा वाहिर पढाइ तथा रोजगार गर्नका लागि वाहिरिने बढ्दो ट्रेनका कारण धेरै परिवारहरुमा अशक्त, वृद्ध-वृद्धा, महिला तथा बालबालिकाहरु बढि मात्रामा पाइयो । जसले गर्दा हरेक कार्यका लागि ति व्यक्तिहरुलाई नै बाध्यात्मक जिम्मेवारी थपिदै आइरहेको पाइयो । साथै क्रियाशील वा उत्पादनशील जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले कृषि उत्पादनमा कमि आएको कारण कयौँ कृषियोग्य जमिनहरु पनि बाँझो अवस्थामा रहेको बताए र कृषि प्रणालीमा पनि आधुनिक प्रणाली अपनाउन नसकी परम्परागत शैली नै रहेको देखियो । जसको कारण पहाडी क्षेत्र भएको कारण ट्याक्टरको उपयोगमा कठिनाइ हुने देखियो । सक्रिय जनशक्तिले आफ्को मेहनत र पसिना विदेशि भूमिमा बगाइरहेका छन् । त्यसमा पनि धेरै जसो सहभागओहरुसँग सीपको अभावका कारण सस्तो मूल्यमा अदक्ष वा अर्धदक्ष श्रमिकको रुपमा विदेशमा काम गरिरहेका छन् भने कतिपय व्यक्तिहरु शिक्षित र दक्ष जनशक्तिहरु पनि देशमा रोजगारीको अवसर कम रहेका कारण विदेशिएर आफूमा भएका शिक्षा तथा दक्षताको मूल्यहीन भइ सस्तो ज्यालादरमा काम गर्न बाध्य रहेको भेटियो । जसले गर्दा वैदेशिक रोजगारीलाई व्यवस्थित नगर्ने हो भने यसले परनिर्भरताको स्थिति सिर्जना गर्न सक्ने देखिन्छ ।

जसरी वालेन्सट्राइनले विश्व व्यवस्था अन्तर्गत विकसित देशहरुले अविकसित देशहरुबाट अदक्ष श्रमिकहरु निर्यात मात्र गर्दैनन् उनिहरुले कमाएको पूँजी पनि विभिन्न विलासिताका सामानहरु लगाएत अन्य वस्तुहरुको खरिदमा विकसित देशहरुमा लैजाने गर्दछन् । त्यसरी नै अध्ययन क्षेत्रबाट पनि अदक्ष श्रमिकहरु केन्द्र वा अर्धपृष्ठ क्षेत्रतर्फ गएको देखिन्छ । भने पूँजी पनि विलासिताका सामान वा अन्य वस्तुको खरिद मार्फत उतै तर्फ गएरहेको छ ।

# सन्दर्भ सूची


आचार्य , सु . (२०७३) . रेमिट्यान्सको यथर्थता लण्डन : वी नेपाली , वेलायतवाट सञ्चालित नेपाली अनलाईन पत्रिका ।

आर्थिक सर्वेक्षण, २०७८ / ०७९ ।

कुमारी, ख. (२०७२). वैदेशिक रोजगार र यसको सामाजिक, आर्थिक प्रभाव. त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, कीर्तिपुर, काठमाण्डौ ।

के.सी, नवराज, (२०६६) . नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारीले खेल्न सक्ने भुमिका, वैदेशिक रोजगारीका विविध पक्षहरु, काठमाण्डौ . प्याराडाईज इन्टरनेशनल प्रा. लि. ।

के सी, नवराज . (२०६६). नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगार, वैदेशिक रोजगार पत्रकार महासंघ ताहचल ।

के. सी. सु . (२०५१) . नेपालको वैदेशिक नीति तथा वैदशिक सम्वन्ध , पैरवी प्रकाशन : ‘M’ हाउस , गिसी ,अफसेट प्रिन्टस प्रा. लि. , जमल ।

कृषि पत्रिका, २०७४ : ६ www.farmernewsagro.com।

घिमिरे, टि. (२०६५) . वैदेशिक रोजगारीले आर्थीक तथा शैक्षिक सम्बन्धमा पारेको प्रभाव . काठमाण्डौ: प्रकाशित शोधपत्र , त्रिभूवन विश्वविद्यालय , अर्थशास्त्र शिक्षा केन्द्रिय विभाग , कीर्तिपुर ।

घिमिरे , प्रविसा . (२०६१) . वैदेशिक रोजागारी र रेमिट्यान्स शीघ्र अध्ययनको आवश्यकता . मिरमिरे मासिक , काठ्मान्डौ: नेपाल राष्ट्र बैंक ।

दाहल, गणेश. (२०६६) . वैदेशिक रोजगारीका विविध पक्षहरु, काठमाण्डै . प्याराडाईज इन्टरनेशनल प्रा. लि. ।

दाहल, गणेश. (२०६८). वैदेशिक रोजगारका विविध पक्षहरु, प्याराडाइज इन्टरनेशनल प्रा लि नयाँ वानेश्वर, काठ्माण्डौ ।

देवकोटा, वा . (२०७६). कृषि र नेपालमा कृषिको अवस्था, https://www.gorkhasandesh.com।

नेपालको संविधान . (२०७२). नेपाल सरकार कानुन किताब व्यवस्थापन समिति ।

पन्ध्रौ योजना, २०७६/७७ – २०८०८१ ।

पण्डीत, सुर्य कुमार .(२०५७). नेपालमा वैदेशिक रोजगार, वैदेशिक रोजगार पत्रकार संघ ताहाचल, काठमाण्डौ ।

पोखरेल, नारायणदत्त . (२०५७). वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव सम्वन्धि एक समाजशास्त्रीय अध्ययन शोधपत्र . समाजशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, काठमाण्डौ ।

बल्लभ, ड. (२०७५). अर्थतन्त्रमा रेमिटेन्सको विकल्प. काठमाण्डौ: अन्नपुर्ण ।

बस्नेत, ल. क. (२०७५). वैदेशिक रोजगारीको प्रभावर थप प्रभावकारी बनाउने उपाय, काठमाण्डौ; प्रशासन डट कम ।

वैदेशिक रोजगार ऐन, २०६४. कानुन किताब व्यवस्थापन समिति बबरमहल, काठमाण्डौ ।

भट्टराई,रुद्र प्रसाद . २ वैशाख, २०७३ . आर्थिक अभियान पत्रिका ।

मिश्र, चैतन्य . (२०७०). पुँजीवाद र नेपाल र नेपाली समाज सँस्कृतिका उपजहरु, पृ ३११, कीर्तिपुर काठमाण्डौ, एकेडेमी बुक हाउस ।

राष्ट्रिय जनगणना .(२०७८). केन्द्रिय तथ्यांक विभाग काठमाण्डौ ।

रेग्मी, धा. (२०६५). वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव. काठमाण्डौ: त्रभुवन विश्वविद्यालय, अर्थशास्त्र शिक्षा केन्द्रिय विभाग, कीर्तिपुर ।

लिम्वु , म. कु . (२०७१) . वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको प्रभाव . त्रिभुवन विश्वविद्यालय , मानविकी तथा सामाजिकशास्त्र संकाय , कीर्तिपुर , काठमाण्डौ ।

लोकतन्त्र पोष्ट. (२०७३) . वैदेशिक रजगारको अवस्था . काठ्माण्डौ : लोकतन्त्र पोष्ट ।

Adhikari, J. (2003). The Beginnings of Agrarian Change; A Case Study in Central Nepal. TM Publication, Kathmandu, Nepal.

Chhetri, B. (2003). Migration, Poverty and Development in Nepal. *Dconomic and Social Commsion for Asia and the pacific,* Ad GOC Expert Group Meeting on Migration and Development, Bangkok.

Clark, L.G. (2009). Rural Out-Migration and Smalliolder Agruculture in the Southern Euadorian Andes; Pupulation and Environment. Vol.30, no.4/5.Springer.

Foser, A. & Rosenzweig, M. (1995). Learning by doing and learning from others; Human Capital and technical change in agriculture. *The Journal of political economic*, 103, 1176-1209.

Gautam, T. R. (2008). Migration and the problem of old age people r Nepal. Dhaulagiri *Journal of sociology and Anthropology. 2*, 145-146.

Gilligan, D. (2004). The economic of agricultural labour exchange with evidence from Indonesia Unpublished doctoral dissertation, The University of Maryland, College Park, MA.

Han. A. De. (2000). Migrants, Liveligood and Righy; *the Relevance of Migration in Development.*

Hass, G. De. (2005). International Migration, Remittances snd Development; Myth snd Facts. *Third World Quarterly*. 26(8), 1269-1284.

Lucas, R. E. (1987). Emigration to South Sfrica's Mines. *Anerican Economic Review*. 77(3), 313-330.

Muller, D., & Sikor, T. (2006). Effects of Postsocialist Reforms on Land Cover and Land Eastern Albania. *Applied Geography*, 26, 175-191.

Nis. (2022). Observation*, https//ne.nsp-ie.org.*

Richmond, A. (1993). H.N. D. Reaxtive Migration; Sociological prspectives on Refugee Movements. Center for Refugee Studies, Toronto; York University.

Ritzer, G. 1992.**" Sociological Theory"**, New York Mac Grew – Hill International.

Sedden, D. Gurung, G. & Adhikari, J. (1998). Foreign Labour Migration and Remittance of Nepal Himalayan Sudies. 18(2)7.

Sharma, J. & Gurung, G (2009). Impact of Global Economic Slowdown on Remittance Inflows and Poverty Reduction on Nepal, Kathmandu, Mandikatar's Institute for the Integrated Development Studies.

Verma, M. (2076). Case Study Methods, Sociolgy Lecture Series#8.

Wellerstein, L. (1974). Rh Modern World Sysrem. Xapitait Agrixulture and Origins of the Duoean World Economiy in the Sixteenth Century. New York; Aceemic press.

Zimmerer, K. (1993). Soil Erosion snd Labor Shortages in The Andes with Special Reference Livia, 1953-1991: Impkivations for "Conservation-with-Development." *World Development.* 21:1659-1675.

**वैदेशिक रोजगारी तथा यसको कृषि क्षेत्रमा प्रभाव**

**अनुसूची – १**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारका लागि**

उत्तरदाताको नाम:- उमेर:- लिङ्ग:-

जात:- धर्म:- जिल्ला:-

गा पा / न पा :- वडा:- गाउँ / टोल:-

| क्र स | घर परिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिंग | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**१.कृषि क्षेत्र:-**

१) तपाईको परिवारको मुख्य पेशा के हो ?

(क) कृषि

(ख) व्यापार

(ग) नोकरी

(घ) मजदुरी

(ङ) अन्य

२) यो पेशा कहिले देखि सुरु गर्नुभयो ?

३) तपाईसँग जग्गा जमिन छ वा छैन ?

(क) छ (ख) छैन

४) यस ठाउँमा मुख्य रुपमा कुन-कुन बाली उत्पादन हुन्छ ?

(क) धान (ख) मकै (ग) गहुँ

(घ) तोरी (ङ) फलफूल (च) तरकारी

५) पहिले खाद्यन्न के कति उत्पादन हुन्छ ?

(क) धान (ख) मकै (घ) गहुँ
(घ) तोरी (ङ) फलफूल (च) तरकारी

६) अहिले कृषिमा के-के उत्पादन गर्नुहुन्छ ?

७) पहिले उत्पादित खाद्यन्नले खान पुग्थ्यो की पुग्दैनथ्यो ?

८) पहिले तपाईले पशुपंक्षी पाल्नु भएको थियो ?
(क) पालेको थिए (ख) पालेको थिएन

**<u>पशुपंक्षी</u>**

९) पालेको भए के-के पाल्नु भएको थियो ?

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई | |
| भैँसी | |
| बाख्रा / भेडा | |
| हाँस / कुखुरा | |
| सुँगुर | |
| अन्य | |

१०) पहिला पशुपंक्षी पाल्नुको मुख्य उद्देश्य के थियो ?
(क) मलको लागि (ख) जोत्नको लागि
(ग) बेच्नको लागि (घ) अन्य

११) अहिले तपाईले पशुपंक्षी पाल्नु भएको छ ?
(क) पालेको छु (ख) पालेको छैन

१२) पालेको भए के-के कति-कति वटा ?

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई | |
| भैँसी | |
| बाख्रा / भेडा | |
| कुखुरा / हाँस | |
| सुँगुर | |

| | |
|---|---|
| अन्य | |

१३) अहिले पशुपंक्षी पाल्नुको प्रमुख उद्देश्य के रहेको छ ?

(क) मलको लागि (ख) जोत्नको लागि

(ग) बेच्नको लागि (घ) अन्य

१४) तपाईको परिवारका कति जना छोराछोरी वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ?

१५) वैदेशिक रोजगारीमा जानुको मुख्य कारण के हो ?

## आर्थिक क्षेत्र

१६) तपाईको परिवारको मासिक आम्दानी कति हुन्छ ?

१७) तपाईको वैदेशिक रोजगारीमा जानुभएको सदस्यको मासिक आम्दानी कति हुन्छ ?

(क) ऋण तिरे (ख) जग्गा किने (ग) घर बनाए (घ) अन्य

१८) उहाँले कति कति महिनामा पैसा पठाउने गर्नुभएको छ ?

१९) विदेशबाट पठाएको पैसा के-के कुराहरुमा खर्च गर्नुहुन्छ ?

## वैदेशिक रोजगारी तथा यसको कृषि क्षेत्रमा प्रभाव
## अनुसूची – २
## समुह छलफलको लागि तयार पारिएको प्रश्नावली

**१)** तपाईको परिवारको सदस्य पहिलो पटक विदेश कहिले जानुभयो ?

**२)** वैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो रहेको थियो ? कस्ता प्रक्रिया अपनाएर गएका थिए ?

**३)** वैदेशिक रोजगार प्रति तपाईको धारणा कस्तो रहेको छ ?

**४)** पहिले र अहिलेको पशुपंक्षी पालनमा केही भिन्नता पाउनुभएको छ ?

**५)** परिवारका सदस्य वैदेशिक रोजगारीमा जानु पहिला र अहिले कृषि क्षेत्रमा केही परिवर्तन आएको पाउनुहुन्छ ?

**६)** वैदेशिक रोजगारीले कृषि क्षेत्रमा के कस्तो प्रभाव परेको ठान्नु भएको छ ?

**७)** अन्त्यमा केही भन्न चाहनु हुन्छ ?

## वैदेशिक रोजगारी तथा यसको कृषि क्षेत्रमा प्रभाव

**२ <u>कृषि क्षेत्र</u>**

२.१. कस्तो प्रकारको जग्गा जमिन रहेको छ ?

(क) खेत;.......

(ख) बारी;............

(ग) खरबारी;...........

२.२. कति कति छन् ?

२.३. जमिनको उपयोग पहिले कसरी गर्नुभएको थियो ?

२.४ .जमिनको उपयोग अहिले कसरी गर्नुभएको छ ?

२.५. जग्गा जमिन बाँझो अवस्थामा रहेको छ ?

२.६. जग्गाको उत्पादन पहिले कति हुने गरेको थियो ?

२.७. जग्गाको उत्पादन अहिले कति हुने गरेको छ ?

**३ <u>कृषि उत्पादन</u>**

३.१. कृषि उत्पादन पहिला कति हुन्थ्यो ?

(क) खाद्यन्न बाली;…………

(ख) नगदे बाली;……………

(ग) अन्य;…………

३.२. कृषि उत्पादन अहिले कति हुने गरेको छ ?

(क) खाद्यन्न बाली;……………

(ख) नगदे बाली;…………

(ग) अन्य;…………..

३.३. कृषि क्षेत्रमा पहिला र अहिलेको अवस्थामा के कस्तो परिवर्तन आएको ठान्नुहुन्छ ?

(क) खाद्यन्न बालीमा कस्तो परिवर्तन;…………

(ख) नगदे बालीमा कस्तो परिवर्तन;…………….

(ग) अन्यमा कस्तो परिवर्तन;……….

३.४. कृषि कार्यका लागि कुन प्रणाली अपनाउनु हुन्छ ?

(क) परम्परागत

(ख) आधुनिक

३.५. कृषि कार्य गर्ने तरिका पहिला कस्तो रहेको थियो ?

(क) अर्मपर्म

(ख) ज्यालादारी

**४ <u>गाईबस्तु</u>**

४.१. गाईबस्तु पहिले पाल्नुभएको थियो ? यदि पालेको भए के के र कति – कति संख्यामा ?

(क)…………

(ख)………….

(ग)…………..

४.२. गाईबस्तु अहिले पाल्नुभएको छ ? यदि छ भने के-के कति-कति संख्यामा ?

(क)………………

(ख)……………..

(ग)……………..

४.३. गाईबस्तु पहिला पाल्नुको उद्देश्य के थियो ?

……………………………

४.४. गाईबस्तु अहिलेको समयमा पाल्नुको प्रमुख उद्देश्य के रहेको छ ?

…………………………………….

४.५. गाईबस्तु पाल्नुमा पहिला र अहिले के कस्तो परिवर्तन भएको पाउनुहुन्छ ?

…………………………………

## वैयक्तिक अध्ययन

वैदेशिक रोजगारीको सिलसिललामा १०/१० वर्ष दक्षिण कोरियामा विताएर फर्कनु भएको दुई व्यक्तिसँग गरिएको वैयक्तिक अध्ययन;

## घटना अध्ययन एक

*३५ बर्षिय हर्कमान राई एक सामान्य परिवारमा वि. स. २०४३ सालमा जन्मनु भएको बताउनुभयो । उहा मध्ययम वर्गिय परिवारमा जन्मनु भएको र परिवारको उहा जेठो सन्तानको रुपमा जम्मनुभएको र उहाको १ जना भाइ र २ जना बहिनीहरुको नि पछि जम्म भएको कुरा बताउनुभयो । त्यस पछि उहाको ७ जमा सदस्य बुवाआमा, बोजु र उहाहरु चारजना सन्तान )भएको परिवार थियो । उहाको बुवा एक मात्र सन्तान हुनुहुँदो रहेछ बुवा सानैछदा बुवा बित्नु भएको रहेछ । त्यसैले बुवा भने लेखपढ गर्न नै नपाएको रहेछ । त्यसैले हरेक कुरामा पढ्न नपाएको कुरामा दुख व्यक्त गर्दै आफ्नो छोराछोरीलाई भने जतिनै दुख गर्न परे पनि अनिवार्य रुपमा पढएरै छाड्ने अठोतका साथ लाग्नु भएको थियो ।*

हाम्रो आफ्नै उत्पादनले वर्षभरी खान भने पुग्ने नै थियो । खेत करिब १० रोपनी जति र बारी ७ रोपनी जति रहेको छ । बुवाआमा सधै दिनरात खेतीकिसानी गर्नु हुन्थ्यो र हामीलाई घर नजिकै ५ मिनेट जतिको दुरीमा रहेको सरकारी विद्यालय सधै पढ्नका लागि पठाउनु हुन्थ्यो । गाउँमा कक्षा पाँच सम्म मात्र पढाई हुने गर्दथ्यो । त्यस पछि २५ मिनेट जति समय लाग्ने अर्को गाउँमा कक्षा आठ सम्म पढाई हुने विद्यालय थियो हामि कक्षा छ देखि त्यही पढ्न जाने गर्थ्यौं । र स्कुल समय सकिए पछि बाटैभरी हाम्रो खेतहरु पर्दथ्यो । खोलाबाट कुलो बनाई सिँचाई हुने हुँदा सधै खेतहरुमा पानी मिलाउँदै आइन्थ्यो । खेतहरुमा धान पनि टन्नै फल्दथ्यो । खेतबारीमा बालीनाली लगाउँदा नि यति धेरै रमाईला हुन्थ्यो कि सधै अर्मपर्ममा काम चल्दथ्यो ।

त्यस पश्चात २०५७ सालमा कक्षा ८ पास गरी अर्को गाउको विद्यालय कक्षा ९ पढ्नका लागि गइयो । यो विद्यालय घर देखि अलि टाढा थियो हिडेर लगभग २:४५ देखि ३ घण्टा जस्तो समय लाग्थ्यो । अहिले यो ठाउँमा नै हाम्रो पालिकाको कार्यलय पनि यही विद्यालय सँगै बनाईएको छ । यहा मैले SLC सम्म गरेँ र प्लसटु पढ्नका लागि भनेर मलाई हाम्रै सदरमुकाम गाईघाट पठाउनुभयो । खेती किसानी गर्नेसामान्य परिवारको मान्छे म साधारण खर्चबाट गाउँघरकै सरकारी विद्यालयहरुबाट SLC सम्म त सहज रुपमा नै पढाउनुभयो र मैले पढे पनि तर उच्च शिक्षाका लागि भने गाउँमा कलेजहरु खुलेका थिएन त्यसैले शहर जानु बाहेक कुनै विकल्प थिएन । म २०६० सालमा कलेज पढ्ने उत्साहका साथ सदरमुकामतिर लागे मेरो पढाई पनि राम्रो नै थियो । मैले राम्रो मार्क ल्याएर स्नातक सम्म व्यवस्थापन विषयमा त्रियुगा जनता बहुमुखी क्याम्पसबाट २०६६ सालमा स्नातक सम्मको पढाई त सकियो । खेती किसान गरी दुखै गरेर म सँगै अरु भाइबहिनीहरु नि मेरा पछी पढिरहेकै थिए । समय वितेसँगै देशमा महँगीले पनि आफ्ना रुप परिवर्तन गर्दै गईरहेको थियो । एक बेरोजगार अभिभावकले चार सन्तानलाई पढाई लेखाई गराउन सहज भने थिएन । त्यस समयमा आमाबुवाको थाप्लोमा २ लाख जति ऋण समेत थपिएको थियो ।

*मैले जेनतेन दुख गरी स्नातक सम्म त गरे त्यो मेरो लागि र मेरो परिवारकै लागि खुसीको कुरा थियो । तर विडम्वना रोजगारी प्राप्त गर्न भने सकिन । केही समय ट्यसन क्लासहरु त पढाए तर त्यसबाट सन्तुष्ट भने बन्न सकिन । किनकी मैले मेरोलागि मात्र कमाउने समय थिएन आमाबुवाको भरोसा पनि म तिर मोडीसकेको थियो । र भाइबहिनीहरु प्रतिको जिम्मेवारी समेत मेरो काँधमा आइपरिसकेको थियो । त्यस पछि म गाईघाट छाडेर काठमाण्डौ लागे । काठमाण्डौमा धेरै ठाउँहरुमा कामको लागि आवेदन त दिंदै गए तर काम पाउन सफल भईएन । त्यस पछि विदेश जाने विचार मनमा आयो तर कुन देश जाने पुरै अन्योल । केही साथीहरु सँग बुझेँ कोरियाको लागि राम्रो छ तर भाषा चाहीँ पढेर पास गर्न पर्छ जान नि पैसा कम लाग्छ भन्ने जानकारी प्राप्त भयो । पढ्नको लागि र मेरोलागि कुनै समस्या नै थिएन पढेपछि पास गर्छु भन्ने विश्वासला साथ म कोरियन भाषा पढ्न सुरु गरे सामान्य प्राइभेटमा काम गर्दै पढे रिजल्ट पनि आयो पास पनि गरिएछ । त्यस पछि गर्न पर्ने प्रक्रियाहरु पुरा गर्दै गईयो र २०६८ को असारमा कोरिया गएँ ३ वर्षसम्म उतै वसेँ र ३ वर्ष पछि ३ महिनाका लागि छुट्टिमा घर फर्किएर आइयो र त्यसै समयमा समय मिलाएर विहे गरेर पुन उतै फर्किएँ । कमाई खटिएर काम गर्न सके राम्रो छ कोरियामा मैले मासिक ३००००० सम्म कमाएको छु ।*

*त्यस पछि हामीलाई पढाउँदा बुवाआमाको थाप्लामा लागेको ऋण पनि सबै तिरियो । भाइ बहिनीहरुले पनि राम्रैसँग पढ्ने अवसर पाए । एक जना बहिनी उच्च शिक्षाका लागि जापान गईन अहिले उतै व्यवस्थित भइसकिन । त्यस पछि हामिले धरानमा जग्गा किन्यौं र एक वर्ष पछिबाट घर बनाउन सुरुयौं र लगभग एक वर्षमा घर पुरा पनि बनिसक्यो । र मेरो पनि कोरियाको बसाई १० वर्ष पुरा भईसकेछ अनि म घर फर्कि आएको एक वर्ष पुरा भयो । अहिले हाम्रो परिवार दुईतिर को बसाईमा बिभाजित भएर वसिएको छ । सहरमा दुईजना भाईबहिनी मेरो श्रीमती र छोराछोरी गरी पाँच जना बस्छन । यहाँ घरमा बुवाआमा र म पनि धेरै जस्तो यतै वस्छु तर के गर्नु अहिल त हाम्रो सबैजसो जग्गा बाँझो अवस्थामा छ नि ।*

*अहिलेत गाउँघरमा काम गर्न सक्ने मान्छे नै त पाईदैन रहेछ । भएभरका सक्रिय युवाहरु जति वैदेशिक रोजगारीमा विदेशिएका छन् । अलिअलि बँचेकुचेकाहरु पनि विभिन्न वहानामा सबै सहरतिर छन । गाउँमा त अहिले हाम्रा बुवाआमा हरु जस्ता मात्र छन । अर्म पर्म को त कुरै नगरम ज्यालामा लगाउन समेत गर्ने मान्छे भेटिन छाडेको रहेछ । पहिला पहिला बनिबुटो गर्ने हरुपनि अहिले त छोराछोरी विदेश पठाएर कोही उमेर भएकाहरु आफै विदेश गएर टन्न पैसा कमाएर आफ्नै जमिन समेत बाँझो राखेत हरेक कुरा बजारबाट किनेर खानेमा परिणत भईसकेको रहेछ । अनि कहाबाट हाम्रोमा काम गरोस । अरुको काम गरे नोक्कर बनिन्छ रे अहिले त सबै मालिक बन्ने समय आएको रहेछ गाउँघरमा समय कति चाँडो परिवर्तन भै जादो रहेछ खै ।*

*कृषिमा लगानी त गरेको छु नि तर धेरै हैन एक डेड लाख जति चाही तरकारी खेती गरौ भन्ने सोंचले लगानी गरेको तर के गर्नु उत्पादन त राम्रै हुन्छ हाम्रो ठाउँमा उत्पादन मात्र गरेर नहुने भन्डारण र राम्रो बजारको व्यवस्था नै छैन । धेरै नष्ट भएर जान्छ । समस्या छ नि । अव बाली लगाउनको लागि आधुनिक मेशिनको प्रयोग गर्न पनि पाहाडको ठाउँ जग्गाको बनावट तपाइले नि देख्नुभए कै छ । जानकारी गराइ राख्नु पर्ला जस्तो त लागेन । मेसिन नै जाँदैन अनि के गर्नु केही उपाए नभएपछि अहिले बाँझो राख्न पर्ने बाध्यतामा परेका छौ । हामिलाई पनि कहा यति दुख गरी बुवाआमाले त्यो समयमा नखाई नलाई हाम्रा सुखका लागि भनेर जोड्नुभएको जमिन जसको उपयोग बाट नै हामिलाई शिक्षित वनायो, देश विदेश घुमायो अनि शहरीया बनायो अनि यही जनिमलाई अपहेलना गर्न त कहा सकिन्छ र यदि तेस्तो लाग्ने थियो भने त हामि यहा किन यति राम्रो घर बानाउनमा खर्च गरिरहने थियौं र पुरै सस्तो मस्तोमा विक्री गरी गईसक्थ्यौं होला नि तर त्यो हैन यस विषयमा उपायको खोजी गरिरहेको छु । तर अहिले भने चाही बाँझो रहेको टुलुटुलु हेरिरहन बाहेको म सँग कुनै विकल्प छौन । यो मेरो रहर नभएर बाध्यता हो । आशा छ यसको समाधानको लागि चाँडै केही उपाय पक्कै निस्केला ।*

## ***घटना अध्ययन दुइ***

वर्ष ३८ का अजितसिंह राई वि.स. २०४२ सालमा एक गरिब परिवारमा जन्मनुभएको थियो । उहा परिवारको जेठो सन्तानको रुपमा रहेको वताउनुहुन्छ । उनको तीन जना भाई र एक जना वहिनी गरी पाँचजना र आमा बुवा सहित जम्मा सात जनाको परिवार वताउनुभयो । उहाले भन्नुभयो हाम्रो जग्गाजमिन एकदमै कम थियो । वर्षमा तीन महिना पनि राम्ररी खान पुग्दैन थियो । त्यसैमाथि हामी पाँच पाँच जना सन्तान केही गर्न नसक्ने । बुवाआमा रातदिन अरुको मेलापातमा बनिबुतो गरी जेनतेन हामिलाई खुवाउनुहुन्थ्यो । दिनरात दुख गरेरैभए पनि छोराछोरीलाई राम्रैसँग लेखपढ गराउने भविष्यमा जागिरे बनाएर सबै दुखबाट मुक्त हुने बुवाआमाको ठुलो सपना थियो । र हामीलाई सधैं स्कुल जान फोकस गर्नुहुन्थ्यो र सँधै पढ्न पठाउनुहुन्थ्यो । हामी पनि सँधै नै स्कुल जान्थ्यौं र मैले कक्षा पाँचसम्म गाउँ कै स्कुलमा पढे र कक्षा छ मा पढनको लागि गाउँ भन्दा अलि टाढा को गाउँको स्कुलमा जान थाले जुन हाम्रो गाउँ देखि लगभग २५ मिनेट जति लाग्ने गर्छ । कक्षा छ मा पढ्न समय सम्ममा म १२/१३ वर्ष जति उमेरको थिए । हाम्रो जमानामा अलि ढिला देखि स्कुल सुरु गर्ने चलन थियो मैले पनि करिव ६ वर्ष देखि सुरु गरेको हो ।

यसरी कक्षा छ मा पढ्ने बेलासम्म ठुलो नै भइसकेको थिए र स्कुल नभएको समयमा आमाबुवासँगै म पनि अरुको मेलापातमा काम गर्न जान्थे। यसरी नै मैले कक्षा आठ सम्म यो स्कुलको पढाई पनि पुरा गरी कक्षा नौं को लागि अलि टाढा को गाउँमा भर्ना भए त्यस गाउँ जाम लगभग ३ घण्टा जस्तो लाग्ने गर्छ अहिले हाम्रो गाउँपालिकाको कार्यलय पनि यही स्थानमा मैले पढेको विद्यालयसँगै बनाईएको छ । स्कुल जान तीन घण्टा जतिलाग्ने भएपनि हामि घर देखि धाएर नै पढ्न जान्थ्यौं । र वि. स. २०५९ मा मैले SLC सेकेण्ड डिभिजनमा उतिर्ण गरे त्यसवेला मेरो परिवारमा एकदमै खुसी मिलेको थियो । बुवाआमा त यति खुसी हुनुभएको थियोकि त्यति खुशी त मैले न त त्यो भन्दा अगाडी देखे न त अहिले नै देखेको छु त्यति खुसी हुनुभएको थियो । सायद उहाहरुको दुखको प्रतिफल नै त्यो हुन पर्छ ।

त्यस पछि आमाबुवाको आशा भरोसा सबै म तिर मोडीयो । घरको स्थिति एकदमै नाजुक थियो । त्यसैले मैले केही गम्भिरता पूर्वक

अघिबढ्नपर्ने चुनौती ममा सिर्जना भयो र मैले काठ्माण्डौ जाने निर्णय गरेर म घरबाट हिडे । काठमाण्डौ त पुगियो तर त्यो नचिनेको ठाउमा सुख कहाबाट पाईन्थ्यो रहेछ र त्यो समय अलि धेरै नै दुख पाईयो एक वर्षसम्म पढ्न नि सकिएन काठमाण्डौका धेरै ठाउँहरुमा ज्यामी काम गरियो पनि । एक वर्षपछि चाँही धेरै ठाउँहरु नि चिनियो केही राम्रा मान्छेहरुसँग पनि चिनजान भयो र एउटा सानो तिनो काम गर्ने अवसर पाएँ त्यो सँगै मदनभण्डारी सरकारी कलेजमा एघार पढ्नका लागि भर्ना भए । कामले गर्दा कलेज निरन्तर जान पाउने थिइन सँधै परीक्षाको समयमा मात्र जान्थे जती पढेनी रुम मा नै पढिन्थ्यो साँझ को समयमा । राम्रो पढ्न समय नमिलेर दुई वर्षमा सक्किन पर्ने कलेज तीन वर्ष लगाएर पास गरियो । के गर्नु पैसा नि कमाउन पर्ने घरका जेठो पढेलेखेको त्यसमाथि काठमाण्डौमा कामगर्ने भनेपछि त आफ्नो बास्तविकतालाई दबाएरै भएपनि कमाएर घर पठाउनै पर्ने अवस्था थियो । यस्ता अनेकन समस्यका कारण पढाईलाई निरन्तर अघि बढाउन सकिएन । जेनतेन प्लस टु सम्म चाही गरियो । त्यसपछि नेपालमा वसेर केही गर्न सकिएला जस्तो लागेन र विदेशतिर जाने विचार लिए । अनि विदेशको लागि बुझ्दै जादा कोरियाको लागि नि राम्रै ट्रेन चलिरहेको रहेछ । त्यसैमा राम्ररी वुझेर भाषा पढियो र पासपनि गरियो । र वि. स. २०६८ मा कोरियातर्फको यात्रा तय गरि कोरिया पुगियो ।

कोरियामा कमाई अन्य देशको तुलनामा एकदमै राम्रो रहेछ पुरै कामदारका लागि सेलरी र सुरक्षाको पनि फिक्स गरिएको हुन्छ । जसले बढि काममा खट्न सक्छ उस्ले त माषिक ४ लाख भन्दा बढि कमाउछ । मैले पनि माषिक ३ लाख सम्म त कमाए । गएको ४/५ महिनामा गाउँमा नै सुरक्षित घर बनाईयो , सबै भाई बहिनीले पनि राम्रै सोंचेजस्तो पढ्ने अवसर पनि पाए । बुवाआमाले पनि अरुकोमा बनीबुतो गर्न जान परेन । आवश्यकता अनुसार पैसा पठाईदिन्थें । र लगभग चार वर्ष जतिको समयाबधिमा काठमाण्डौमा जग्गा किनियो र पाँच वर्ष पुरा भएपछि ३ महिनाको छुट्टिमा घर फर्किए । यही समयमा विहे पनि गरियो र पुन तीन महिना पछि कोरिया नै फर्किएँ । पुन फर्किएको २ वर्ष पछि देखि घर वनाउन सुरु गरियो र करिव एक वर्ष जति समयलगाएर घर पनि बनाइयो । र दश वर्ष पुरा गरी म घर फर्किएको पनि दुई वर्ष जति भयो । तर हामी

*परदेशीय पछि गाउँमा भएको जग्गाहरुमा भने बाली लगाउन नै छाडिसक्नु भएको रहेछ । भएको सबै कामगर्न सक्ने भाइबहिनी जति पनि पढ्न भनेर काठमाण्डौ तिर आमाबुवा पनि वृद्धावस्थामा पुग्नुभयो काम गर्न सक्ने अवस्था नै छैन । अनि कसलाई गर्देउ भन्नु पनि गाउँ नै युथलेस छ त्यसैले अहिले केही उत्पादन नै गरिँदैन बाँझै छाडेका छौं । हाम्रो त यहा तेति धेरै पनि छैन । उत्पादन नै गरेपनि वर्षभरीका लागि खान पुग्दैन किन्न नै पर्छ । बाली लगाउन पनि आफै सकिदैन जन लगाउनै पर्यो । जनको ज्यालादर पनि सोंच्नै नसकिनेगरी बढेको छ जुन जनलाई दिन पर्ने ज्याला जति हाम्रो उत्पादन हुने हैन अनि बाँझो राख्नु भन्दा अरु उपाय देखिँदैन । त्यही भएर कृषिमा लगानी गरिएन पनि अव पछि केही समयमा सडकको राम्रै व्यवस्था मिल्यो भने नगदे बाली लगाउन पर्ला भन्ने सौँचमा छु ।*

*यस अध्ययबाट के बुझ्न सकिन्छ भने जव मानिसहरु वैदेशिक रोजगारीमा जान थाले तब उनीहरुको आर्थिक अवस्थामा सुधार आयो । अवसर बाट टाढिएका सदस्यहरुले पनि विभिन्न किसिमका अवसरहरु प्राप्त गरे र आवश्यकता अनुसार अवसरको प्रयोग गर्ने सिलसिलामा सहरतर्फ केन्द्रित बने र गाउँ नैपुरै युथलेस वन्न पुग्यो कृषिकार्यका लागि चाहिने प्रमुख तत्व नै यवा जनशक्ति भएको हुँदा यहाका कृषि क्षेत्रमा प्रत्येक्ष नकारात्मक असर पर्न गयो ।*